कति खाँचो नयाँ शक्तिको ? | लेक्स लिम्बूको उडान

आइतबार • २७ फागुन २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्ताहिक



चार चुनौती

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

AMBE
GROUP
अम्बे सिमेन्ट
गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान
अम्बे सिमेन्ट
यो देशको शिर, उच्च राख्दै...
नेपाल गुणस्तर प्रमाण चिह्न
ने.गुण ३८५
नेपालमा बनेको
ISO 9001:2008
CERTIFIED COMPANY
50 KG NETT WHEN PACKED
ISO 9001:2000 CERTIFIED COMPANY
UKAS
43-A
DO NOT USE HOOKS
W M Y 70
ने.गुण ३८५
अम्बे सिमेन्ट
Portland Pozzolana Cement
नेपालमा बनेको
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल
50 KG NET WT. WHEN PACKED
AMBE CEMENT
PPC
Made in Nepal
AMBE CEMENT (P.) LTD.
Parsa, (Nepal)

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna Cool Talc
Mint Fresh
Mint, Camphor
Navratna Cool Talc
Active Deo
Mint, Camphor
Navratna Cool Talc
Floral Freeze
Mint, Camphor, Floral Notes
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा
सानो A.C.

भित्र

आइतबार, २७ फागुन २०७४ (वर्ष १८, अंक ३०)
NEPAL National Weekly, 11 March 2018 (Vol. 18, No.30)

नेपाल
www.nepal.ekantipur.com

वाम सरकारका चार बाधा

आवरण तस्बिर : रवि मानन्धर

आवरण २८

२० सामयिक
महान्यायाधिवक्तालाई इमानको प्रश्न

२२ राजनीति
कति खाँचो नयाँ शक्तिको ?

२४ संवाद
विशेष महाधिवेशन भन्दै विशेष नेता उत्पादन गर्ने ? – विमलेन्द्र निधि

सम्पादकीय नेतृत्वमा हेरफेर

कान्तिपुर पब्लिकेसन्स सञ्चालक समितिले *नेपाल* राष्ट्रिय साप्ताहिकको प्रधान सम्पादक पदमा सुधीर शर्मालाई नियुक्त गरेको छ । शर्मा *कान्तिपुर* दैनिकको प्रधान सम्पादकको जिम्मेवारीमा समेत छन् ।

नेपाल पत्रिकाका निवर्तमान प्रधान सम्पादक प्रशान्त अर्याल कान्तिपुर मिडिया ग्रुपअन्तर्गतकै *कान्तिपुर* टेलिभिजन नेटवर्कको प्रधान सम्पादकमा नियुक्त भएका छन् । उनले *नेपालको* १० वर्ष लामो सफल सम्पादकीय नेतृत्व गरेकोमा हामी आभारी छौं ।

यसैगरी *नेपाल* पत्रिकाको सहायक सम्पादक पदमा बसन्त बस्नेत नियुक्त भएका छन् । उनी यसअघि *कान्तिपुर*, *नागरिक*, *अन्नपूर्ण पोस्ट*लगायत सञ्चार माध्यमसंग आबद्ध थिए ।

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), स्मरण (७), सोझै (९), परिहास (१०), झटारो (११), तीन पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

५४ झल्याकझुलुक
आरोप चिर्ने प्रयास
आशिरमानलाई अर्को मौका

४० समाज
समलिंगी संसार

- तथ्य/टिप्पणी : हरिबहादुर थापा १२
- फर्के, हराएका पन्छी १४
- चीन : सीको देवत्वकरण १६
- ईपीजी बैठक : बल्ल खास बहस १८
- विमर्श : अच्युत वाग्ले २६
- (अ) सहमति : भास्कर गौतम ३४
- रिपोर्ट : घनश्याम खड्का ३७
- परदेशबाट : विश्वास हमाल ३९
- खेलकुद : विश्वकप सपना ४४
- विश्वग्राम : सिरिया रोइरहेछ ५२

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा

सहायक सम्पादक : बसन्त बस्नेत **साहित्य/कला** : रमण घिमिरे **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : २० फागुन २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

सक्रिय राष्ट्रपतिको छनक

राष्ट्रिय सभा सदस्यका लागि तत्कालीन शेरबहादुर देउवा सरकारले गरेको तीन जनाको नाम सिफारिस फिर्ता नपठाई 'पेन्डुलम' तुल्याउने अधिकार संवैधानिक राष्ट्रपति विद्यादेवी भण्डारीलाई थिएन *(राष्ट्रपतिको असंवैधानिक कदम, २० फागुन)*। राष्ट्रपतिको यो कदम संविधानमाथिकै ठाडो हस्तक्षेप हो। केपी ओलीको सरकार गठन हुने बेलासम्म पहिलेको सरकारको सिफारिसलाई थन्क्याएर राख्ने अधिकार उनलाई कसले दियो ? संविधानतः 'सेरेमोनियल' राष्ट्रपतिलाई हाम्रो संविधानले त्यस किसिमको अधिकार दिएको छैन।

● **मिलन तुलाधर**
इन्द्रचोक, काठमाडौँ

थप महत्त्वाकांक्षा नबढोस्

राजनीति अस्थिर र तरल रहेका बेला नेपाली सेनाको चहलपहल बेसी हुने गर्छ, यो राम्रो संकेत होइन *(सैन्य अकूटनीति, २० फागुन)*। नागरिक शासनका अवयवहरूलाई थाहै नदिई सैन्य भ्रमण हुनु र गर्नु सेनाले सरकारभन्दा आफू माथि रहेको संकेत दिन खोजेको हो। बेलैमा सरकार चनाखो भएन भने सेनाको महत्त्वाकांक्षा थप बढ्ने निश्चित छ।

● **मीना ढकाल**
छाउनी, काठमाडौँ

लोभको भारी

राष्ट्रकवि माधव घिमिरेलाई सेनाको मानार्थ सहायक रथीको पदवीप्रतिको आशक्ति किन यतिविधि जागेको *(जंगी राष्ट्रकवि, २० फागुन)* ? राष्ट्रकविको पदवीभन्दा सेनाको ब्रिगेडियर जनरलको पद ठूलो हो र ? होइन भने कविलाई 'कम्ब्याट ड्रेस' लगाउने सोख किन जागेको ? प्रज्ञा-प्रतिष्ठान र राष्ट्रकविबापत दुईतिरबाट भत्ता बुझेको भनेर प्रताडित उनी यस प्रकरणबाट थप आलोचित हुने निश्चित छ।

● **मित्र पुडासैनी**
चाबहिल, काठमाडौँ

कहिलेसम्म यस्तो ?

नेतृत्वसँग पहुँच बनाएकै कारण पटक-पटक अवसर हात पार्न मरिहत्ते भएर लाग्नु पनि एक किसिमले निमुखामाथिको दोहन नै हो *(जोडी माननीयलाई लाभैलाभ, २० फागुन)*। उही र उस्तै योगदान एवं काम गरेका सहकर्मीलाई भित्तामा पुऱ्याएर सबै सुविधा आफैँ कुम्ल्याउने परिपाटीको अन्त्य नहुन्जेल लाभ र सुविधाको पदबाट इमानदार र निमुखाहरू लाभान्वित नहुने निश्चित छ।

● **रुपक केसी**
बुटवल-१, रुपन्देही

सकारात्मक सन्देश

भूकम्पबाट क्षतिग्रस्त धरोहरहरू बिस्तारै ठडिँदै गएको सकारात्मक सन्देश दिने सामग्री आश जगाउने खालको लाग्यो *(ढले तर उठे, २० फागुन)*। ढिलासुस्तीका अनेक बहाना बनाएर कामलाई पछि धकेल्ने र कामचोर प्रवृत्तिका बाबजुद जुन स्तरमा सांस्कृतिक सम्पदाहरू ठडिरहेका छन्, गर्व गर्न लायक रहेछ। उपत्यकाका ८२ सम्पदाको पुनःनिर्माण सम्पन्न हुनु केही नहुनुभन्दा राम्रै हो।

● **लक्ष्मी तण्डुकार**
व्यासी, भक्तपुर

डा मृगेन्द्रराज पाण्डे

गाउँका समस्या गाउँमै

पुस ०४३ को कुरा हो । मुलुकका प्रबुद्ध विद्वान्, राजनीतिज्ञ, बुद्धिजीवीहरू सहभागी एउटा भेला आयोजना गरिएको थियो, काठमाडौँको मुटुमा रहेको एक पाँचतारे होटलमा । विषय थियो, 'नेपालका गाउँहरूलाई कसरी उठाउने ?'

तीन दिनसम्म छलफल चल्यो । ठूलठूला विद्वान्ले कार्यपत्र पेस गरे । राम्रै रकम खर्च भएको थियो, कार्यपत्रका लागि । भव्य भोज चल्यो । ककटेल पार्टीमा मस्त विद्वान्हरूले विदेशी मदिरापान गर्दै गाउँलेका समस्याबारे जमेर छलफल गरे । कतिपय विदेशी र स्वदेशी विज्ञहरूलाई होटलमै बस्ने व्यवस्था पनि थियो । मलाई पनि उक्त कार्यक्रममा निम्तो गरिएको थियो ।

मनमा नाना प्रकारका विचार खेलिरहेका थिए । गाउँका नाममा जुन पैसा त्यहाँ खर्च भइरहेको थियो, त्यो देख्दा मनै दुख्यो एकपटक । त्यहाँ खर्चेको पैसा कुनै निश्चित गाउँमा लगानी गर्न पाए त्यो गाउँको कायापलट हुन कति समय लाग्थ्यो होला र भन्ने पनि लाग्यो । यति पैसाले त कुनै एउटा मौलिक गाउँ नै बनाउन सकिन्थ्यो ।

हामीकहाँ बुद्धि र विद्वान्को खाँचो छैन । प्रतिबद्धतासहित जनताका निम्ति जनताकै घरदैलोमा गएर जनताकै विकास गरौँ भन्ने भावनाको मात्र कमी छ । यो कुरालाई आत्मसात् गर्न सके धेरै काम हुन सक्थ्यो । तर, मैले त्यो गोष्ठीमा दुई दिनसम्म केही बोलिनँ । एक आमन्त्रित श्रोताका रूपमा सबै कुरा सुनेँ, हेरेँ ।

कार्यक्रम समापनका दिन जब 'कसैलाई केही भन्नु छ कि !' भनेर आयोजकका तर्फबाट कुरा राखियो, मैले पनि केही बोल्नु उचित ठानेँ । भनेँ, 'यत्रो पैसा खर्चेर काठमाडौँको पाँचतारे होटलमा कार्यक्रम गर्नुभन्दा गाउँमै गई कुनै ठोस कार्यक्रम गर्न पाए राम्रो हुने थियो कि !'

मेरा कुरालाई कसैले प्रतिवाद गरेनन् । तर, गम्भीर ढंगले लिएजस्तो पनि लागेन । त्यसपछि मैले मृगेन्द्र सम्झना चिकित्सा गुठीका कार्यसमिति सदस्य प्रा यदुनाथ खनालजीलाई सम्झिएँ । कूटनीतिज्ञ एवं बेग्लै छविका कारण समाजमा उहाँको नाम-प्रतिष्ठा थियो । यस विषयमा उहाँसँग छलफल गर्नु श्रेयस्कर लागेर भेटेँ । लामै कुराकानी पनि गरेँ । समाज र ग्रामीण जनताका बारेमा उहाँको बेग्लै सोच रहेछ । उहाँ पनि गाउँलेका समस्या तारे होटलमा छलफल गरेर समाधान गर्न सकिँदैन भन्नेमा प्रतिबद्ध हुनुहुँदो रहेछ । 'गाउँलेका नाममा तारे होटलमा गरिने यस्ता छलफल र गोष्ठी त पैसाको बर्बादी मात्रै हो' भन्ने कुरामा उहाँको र मेरो समान मत पाएँ ।

त्यसपछि काठमाडौँको सुन्दरीजल क्षेत्रका ६ वटा गाविसका बासिन्दालाई भेला गरेर एउटा गोष्ठी गर्‍यौँ, 'गाउँको विकास कसरी गर्ने ?' भन्ने विषयमा । खनालजीका अतिरिक्त स्रोत व्यक्तिका रूपमा केके पाण्डेलगायत समाजका स्थापित व्यक्तिहरूलाई गोष्ठीमा आमन्त्रण गरेका थियौँ । १० माघ ०४३ मा गाउँलेसमेतको सहभागितामा गरिएको त्यस भेलामा सयौँको उपस्थिति थियो । कार्यक्रमको एउटै सन्देश थियो, 'जसका लागि काम गर्ने हो, उसको पहुँचमा कार्यक्रम पुग्दा त्यसले परिणाम पनि सकारात्मक दिन्छ ।'

मीठाराम सापकोटा, रवीन्द्र पण्डित, चक्रबहादुर नगरकोटी, प्रा ऋषिराम पोखरेल, चक्रबहादुर ठकुरीलगायत त्यस क्षेत्रका जनप्रतिनिधिसहित करिब ३३ जना व्यक्तिका विचार र त्यस कार्यक्रमको सार समेटेर पछि हामीले पुस्तकको रूप दियौँ । अचम्म लाग्छ, त्यो कार्यक्रम र पुस्तक प्रकाशित गर्दा समेत हाम्रो जम्मा खर्च एक हजार रुपियाँ भएको थियो । यति सानो रकममा ६ गाउँका जनता जम्मा पारेर गोष्ठी/भेला सम्पन्न गर्न सकिन्छ भने त्यत्रो रकम खर्च गरेर तारे होटलमै कार्यक्रम गर्नुपर्ने के छ र ? सानै प्रयासले यस्तो काम गर्न सकेकामा म आफूलाई धन्य सम्झन्छु । र, यस्तो सोच र कार्यक्रम गर्न प्रोत्साहन र हौसला प्रदान गर्ने प्रा खनालजस्ता व्यक्तित्वलाई सदा सम्झिरहन्छु ।

प्रस्तुति : **ईश्वरी ज्ञवाली**

विदेशबाट

नेपालमा 'ओपन डेटा' को अर्थ

३ मार्चका दिन विश्वभर 'ओपन डेटा' दिवस मनाइन्छ । संसारभर विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाइने गर्छ । तथ्यांकविद् तथा कम्प्युटर वैज्ञानिकहरूका लागि मात्र नभई जोकोहीलाई 'ओपन डेटा' महत्त्वपूर्ण साबित हुनसक्छ । अझ अहिले प्रदेश सरकार गठन भइरहेको अवस्थामा हरेक प्रदेशमा रहेका प्राकृतिक, सांस्कृतिक, पुरातात्विक सम्पदाका स-साना विवरण समेटी सबैलाई ती उपलब्ध गराउन सम्बन्धित निकायले पक्कै गर्नुपर्ने हुन्छ ।

नेपालमा ओपन डेटाको प्रयोग भूकम्प मापन, कृषि, प्रदूषण, जनसंख्या आदिका क्षेत्रमा अत्यधिक हुने गरेको देखिन्छ । नेपाल इन डेटा र ओपन नेपालजस्ता संस्थाले विभिन्न अनुसन्धान गरी देशसँग सम्बन्धित धेरै आयाममा अत्यावश्यक तथ्य प्रकाशित गर्दै आएका छन् । प्रचारप्रसारको कमीका कारण यी तथ्यमा सबैको पहुँच पुग्न सकेको छैन । सफ्टवेयर डेभलपरहरूले भने विभिन्न सफ्टवेयर बनाउन यस्ता तथ्यांकबाट धेरै लाभ उठाउने गरेका छन् । *एसिया फाउन्डेसनका* लागि बेन्जामिन लोक्सिन र आश्रय पाण्डे लेख्छन्, 'विकासनिर्माणका काम कति भए र कति हुन बाँकी छन् भनेर अभिलेख राख्न यस्ता तथ्यांकहरु वैज्ञानिक तवरले जम्मा गर्न र तिनको उचित वितरण गर्न सके अनेकौं क्षेत्र यसबाट लाभान्वित हुन सक्छन् ।' ◆

सुर-बेसुर

"न्यायालयमा बेइमानी गर्ने, गरिबलाई न्याय नदिने जाली फटाहासँग पैसा लिएर उनीहरूको पक्षमा न्याय दिनेहरूलाई महाअभियोग लगाएर ठीक गर्ने समय आयो अब । भ्रष्टाचार गर्ने कर्मचारीलाई जेल हाल्ने बेला आएको छ । त्यसो नगरे विकास र सुशासन सम्भव छैन । भ्रष्टहरूलाई तह लगाउन नसके जनताले हामीलाई नै सजाय दिनेछन् ।"

पुष्पकमल दाहाल 'प्रचण्ड'
कान्तिपुर

तस्बिरमा इतिहास

सम्झनामा धरहरा : ५१ वर्षअघिको धरहरा गोश्वारा हुलाक र ट्राफिक प्रहरी पोस्ट ।

सोझै



साताका चर्चित

सुलोचना पौडेल

सेनानी

नेपाली सेनामा सैनिक कमान्ड तथा स्टाफ कोर्स उत्तीर्ण गर्ने पहिलो महिला अधिकृत बन्न सफल भएकाले । ६ जना महिला यो कोर्समा सहभागी भए पनि पौडेललाई मात्र सफलता मिल्यो । आन्तरिक तथा वाह्य सुरक्षा अवस्थाको मूल्यांकन, योजना तर्जुमा र कार्यान्वयनका लागि महत्वपूर्ण मानिने यो तालिम उत्तीर्ण भएपछि नेतृत्व तहमा पुग्ने बाटो खुल्ला भएको मानिन्छ ।

होमलाल श्रेष्ठ

धावक

चौथो लुम्बिनी पिस म्याराथन जितेर एक लाख रुपियाँको लुम्बिनी अशोका शान्ति पुरस्कार हात पारेकाले ।

रामराज्य पक्का

कोही नछुट्न् । लोकतन्त्रको यस मूलमन्त्रलाई प्रदेशसभा र संघीय सभाको चुनावले मज्जाले शिरोधार्य गर्‍यो । अपराधी, भ्रष्टाचारी, दलाल, ठेकेदार जम्मैको प्रतिनिधित्व छ, दुवै संसद्मा । जगजाहेर छ, यस्ता समुदायको समुचित प्रभाव भएको ठाउँमा सुरक्षाको खतरालाई नजरअन्दाज गर्न मरिकाटे मिल्दैन । तर, हाम्रा नेताहरू कहाँ कम छन् र ? माननीयहरूको असुरक्षाबाट बच्न सरकारमै 'बडीगार्ड' पठाइसके । प्रदेश-३ का अनुभवी बडीगार्ड युवराज दुलाललाई मन्त्री बनाएपछि सबैले हाइसञ्चो मानेका छन् । बडीगार्ड पनि चानचुने नेताको हो र ? एक दशक गुरिल्ला-युद्ध लडेको पार्टीका सर्वोच्च नेता कमरेड प्रचण्डलाई सुरक्षित राख्नु फलामको चिउरा चपाएसरह हो । अपराधी, डन, गुण्डा, फटाहाहरूको हुल संसद्मा छिर्‍यो भनेर सबै त्राहिमाम थिए । अब यस्ता सांसदहरूबाट प्रदेशलाई मात्र होइन, सिंगो मुलुकलाई जोगाउने निश्चित छ । रामराज्य पक्का ।

■ **लुकुवा बाजे**

उपप्रधानमन्त्री नियोजन ?

पहिले-पहिले नयाँ सरकार गठनका बेला 'पार्टीको नेतृत्व गरेर जाने' होडबाजी चल्थ्यो । त्यस्तो होडबाजी चलेपछि केपी ओलीले पनि के गरून् ? पहिलो पटक प्रधानमन्त्री छँदा 'सरकार चलाउन' आधा दर्जन उपप्रधानमन्त्री बनाइदिए । सरकार चल्यो, जम्मा दश महिना । यसपटक पाँच वर्ष चलाउनु छ उनलाई । तर, एक थान उपप्रधानमन्त्री बनाउन पनि तयार भएनन् । ठूलठूला नेता मन्त्री भएका छन् । तर, उपप्रधानमन्त्री पाएका छैनन् । केही हप्ताका भूपू उपप्रधानमन्त्रीसमेत चुपचाप 'मन्त्री मात्रै' खाइरहेका छन् । वरिष्ठ नेताहरूले नै उपप्रधानमन्त्री नताकेपछि कनिष्ठहरूले कसरी दाबी गरून् ? उपप्रधानमन्त्री नै नियोजन गर्ने आइडिया आफू मात्रै चल्ने, अरूलाई नचल्ने बनाउने हो कि आफ्नो पाँच वर्ष गाथगादी कसैले ताक्न नसकून् भन्ने मनोकांक्षा हो ओली कमरेड ? जनता जान्न चाहन्छन् ।

■ **लाल कुमाल**

दूरदर्शी डाक्टर

काठमाडौंको एउटा 'दामी' अस्पतालका डाक्टरहरूले बिरामीको दायाँ घुँडाको अपरेशन गर्दा बबाल मच्चाइयो । हो, अस्पताल पुर्‍याउँदा बिरामीको बायाँ घुँडामा समस्या थियो । तर, खासमा दूरदर्शी परेछन् डाक्टरसाब । भविष्यको विचार गरेरै उनीहरूले यसो गरेका हुन सक्छन्, कुनै गल्तीले होइन । पाइलैपिच्छे खाल्डाखुल्डी, मान्छे खस्ने भ्वाङ, हिलोमैलोसहितका सडक भएको काठमाडौंजस्तो सहरमा कुनै पनि बेला कतै दुर्घटना हुन सक्छ । फितलो ट्राफिक नियमका कारण कुनै पनि बेला तपाईंलाई तीव्र गतिमा हुइँकिएको बाइक वा गाडीले हान्न सक्छ । तपाईंको खुट्टा भाँचिन सक्छ । जानिफकारहरू भन्छन्, रोगको उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस । खुट्टा भाचिनुभन्दा पहिल्यै उपचार गरेर खुट्टा दरिलो बनाइराख्दा झन् राम्रो हो । यस्ता दूरदर्शी डाक्टरहरूलाई सम्मान नगरी किन क्षतिपूर्ति भराएका होलान् बिरामीका आफन्तले ?

■ **छुल्याहा गुरु**

झटारो | लक्ष्मण गाम्नागे

पौडेललाई प्रत्युत्तर

श्री रामचन्द्र पौडेलजी, तपाईंले लेखेको पत्र मेरो सचिवालयमा आएको रहेछ। तपाईंलाई थाहै छ, मलाई यो पढ्ने-लेख्ने कुरामा पटक्कै रुचि छैन । तपाईंको चिठी पढेर त्यसको जवाफ सचिवालयका भाइहरूले लेखिदिएका छन्। तपाईं त पढालु मान्छे, पढेर मनन गर्नुहोला ।

शेरबहादुर देउवाले *गिनिजबुक*मा नाम लेखाउन खोजेर कांग्रेस डुबायो भनेर तपाईंले मलाई बेतुकको आरोप लगाउनुभएको रहेछ। *गिनिजबुक*मा त तपाईंको नाम लेखिएको होला। प्रधानमन्त्री पदका लागि संसद्मा लगातार सत्रपटक चुनाव लडेर पनि नजित्ने नेता भनेर ।

जहाँसम्म मैले गुट चलाएँ भन्ने कुरा छ, गुट नचलाई राजनीति हुँदैन भन्ने तपाईंलाई थाहा छैन र ? पहिले मलाई सभापति हुन नदिन मैसँग चुनाव लड्ने, अनि सबैको भइनस्, गुटको भइस् भनेर निहुँ खोज्ने ? सबैको हुनलाई त्यो बेला सर्वसम्मत अध्यक्ष दिनुपर्थ्यो नि त !

चुनावमा कांग्रेसले कांग्रेसलाई नै हराएको भन्न यत्रो वरिष्ठ नेतालाई अप्ठेरो लागेन ? कम्युनिस्टहरू मिलेर कांग्रेसलाई हराएको भन्ने कसलाई थाहा छैन ? तपाईं पनि कांग्रेसै हो, तपाईंले चाहिँ ककसलाई हराउनुभयो ? तुरुन्त आत्मालोचना गर्नूस्।

देउवाको नेतृत्वमा न पार्टी चल्यो, न त सरकार भनेर तपाईंले के बच्चा कुरा गरेको ! पार्टी सभापति म, सरकारको प्रधानमन्त्री म अनि कसको नेतृत्वमा चल्यो त ? ए बाबा, तर्क पनि अलि बौद्धिक गर्नुपर्छ नि !

'पार्टी हारेको होइन, उम्मेदवार हारेका हुन्' भन्ने मेरो भनाइ कसरी कुतर्क भयो ? तपाईंले चुनाव हार्नुभयो भन्दैमा कांग्रेसले हारेको हुन्छ ? सभापतिले जितेपछि पार्टीले जितेन त ?

भ्रातृ संगठनहरू लथालिंग भएको, प्रदेश अधिवेशनहरू नगराएको भनेर पनि तपाईंले मलाई दोष लगाउनुभएछ। यस्ता झिनामसिना काम पार्टीको सभापतिले गर्ने हो ? तपाईंको कामचाहिँ के त ? संगठनसम्बन्धी काम तपाईं नै गर्नोस् न, म पूरै अधिकार दिन्छु। उद्घाटन गर्ने, पदाधिकारी छान्ने बेलामा मलाई खबर गर्नुस्, आइहाल्छु। चिठी लेखेर, निहुँ खोजेर समय नाश गर्नुभन्दा काम गर्नुस् न !

सातै प्रदेशमा कांग्रेसले खुट्टा राख्ने ठाउँ भएन भनेर के भनेको ? के ओली सरकारले तपाईंलाई देशनिकाला गर्‍यो ? गर्‍यो भने भन्नुस्, म कुरा गर्छु। नत्र यस्ता हावादारी कुरा नगर्नुस्।

सरकारले मनपरी गर्दा कमजोर प्रतिपक्षको रूपमा कांग्रेसले टुलुटुलु हेरेर बस्नुपर्ने अवस्था आयो भनेर भन्नुभएछ, सरकारमा हुँदा हामीले मनपरी गर्न हुने, उनीहरूले नहुने भन्ने के छ ? गरून् न त मनपरी। कुनै दिन हाम्रो पालो आएछ भने हामी फेरि गरौंला।

आइजीपी काण्ड, राजदूत नियुक्ति, महाअभियोग काण्डजस्ता इतिहास भएका कुरा किन कोट्याउनुहुन्छ बारम्बार ? बितेका कुरा फर्काउन सकिन्छ ? बेकारमा टेन्सन लिने र दिने काम नगर्नोस् पौडेलजी, बिरामी परिएला !

संसदीय दलको नेता अरू कसैलाई किन दिने मैले ? यी वामहरूको के भर ! बीचैमा फ्याट्ट फुटे र सरकार चलाउने मौका आयो भने प्रधानमन्त्री हुने मै होइन ? ज्योतिषीको भविष्यवाणीलाई सार्थक नबनाइहुन्छ मैले ?

अन्तमा भन्न चाहन्छु, तपाईंलाई प्रधानमन्त्री पदकै घिडघिडो हो भने कांग्रेसको छाया सरकारको प्रधानमन्त्री तपाईंलाई नै बनाइदिउँला। तर, चुनाव हारेको रिस पोखेर मेरो साँझ नबिथोल्नुहोस्। तपाईं अचेल बढी बोल्दै हुनुहुन्छ, चुप लाग्नुहोस्। जय नेपाल !

उपेन्द्रलाई आपत्

गाह्रै भो उपेन्द्र यादवलाई । सरकारमा जाऊँ गइसक्नु छैन, बसौँ बाहिर बसिसक्नु छैन । चुनाव किन लडेको, जित्न । किन जितेको, सत्तामा जान । तर, एमालेको विरोधबाजी गरेर भोट सोहोरेपछि नैतिक संकट परेको छ- उसैका अध्यक्षले नेतृत्व गरेको सरकारमा के भन्दै मन्त्री खान जाने ?

हुन त यो नयाँ नेपालमा नैतिक प्रश्न भन्ने प्रश्नै बाँकी रहेन । जेठको स्थानीय चुनावमा एकअर्काको उछित्तो काढेका एमाले-माओवादी तीन महिनामै एउटै पार्टी बनाउने कसम खालान् भन्ने कसले सोचेको थियो र ! बुँदैबुँदाका सहमतिहरूले चलेको देशमा सायद अब छिट्टै अर्को बुँदे हुनेछ, जसले उपेन्द्रलाई मन्त्री बन्ने बाटो प्रशस्त गर्नेछ । रह्यो कुरो, संविधान संशोधनको । यो त सब भन्ने कुरा न हो । कसो महन्थ ठाकुरज्यू ?

■ बब माइला

हरिबहादुर थापा

मण्डले महिमा

अचेल यो शब्द कतै सुनिँदैन । नत्र कुनै बेला राजनीतिक वृत्त र समाजका निम्ति त्रासदी-सूचक शब्द थियो, 'मण्डले' । राजनीतिमा संलग्नदेखि चासो राख्नेहरूसम्मका मुखमा अल्झिएको थियो यो शब्द । कहीं-कतै बदमासी र गुण्डागर्दी भएछ भने 'मण्डले' कै काम हुनुपर्छ भनिन्थ्यो । तीसको दशकपछि कलेजका भित्ता सधैँभरि रँगिएका हुन्थे, मण्डलेबिरुद्धका शब्दले । कलेज-विद्यालय या समाजमा नाजायज चुरीफुरी देखाउने युवा मण्डलेको सूचीमा दर्ज हुन्थे ।

त्यही कारण, यो शब्दले प्रज्ञा प्रतिष्ठानको शब्दकोशमा समेत ठाउँ पायो । जहाँ 'मण्डले' शब्दलाई अर्थ्याइएको छ, 'छुल्याहा, बदनामी कमाएको, अरूको अहित चिताउने, उपद्रवी ।' अर्थात्, उक्त कालखण्डमा सत्ताइतरका निम्ति भय, त्रास र आतंकको पर्याय मानिन्थ्यो, 'मण्डले' ।

खासमा त्यो विद्यार्थी संगठनको नाम थियो, पञ्चायती व्यवस्था समर्थित । नेपाली कांग्रेसको 'नेपाल विद्यार्थी संघ' (नेविसंघ), कम्युनिस्टका अनेक फुर्का जोडिएका 'अखिल' भनिएझैं पञ्चायती शासन समर्थित विद्यार्थी संगठन थियो, 'राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल ।' कांग्रेस समर्थित नेविसंघ स्थापनाको छ महिनापछि खुलेको थियो, यो संगठन ।

मण्डललाई स्थापना गर्नेदेखि अघि बढाउने पात्र हुन्, पदम ठकुराठी । यद्यपि यो नाम उनले जुराएका होइनन् । उनले त 'नेपाल विद्यार्थी संगठन' राख्न चाहेका थिए । उनले जुराएको नाम राजा महेन्द्रका निम्ति जचेन । उनैले नामाकरण गरिदिए, 'राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल' । कलेज-विद्यालय तहमै कांग्रेस, कम्युनिस्टविरुद्ध माहौल सिर्जना गर्ने र खाँटी पञ्चहरू निर्माण गर्ने योजनाअनुरुप खुलेको थियो यो संगठन । दरबारकै आड-भरोसा र आर्शीवादमा खुलेकाले यसमा संलग्नहरू तुजुक र उन्मादले उन्मत्त हुनु स्वाभाविक थियो ।

ठकुराठीले राजनीतिक सुझबुझ र संस्कार बसाउन चाहेका थिए । तर, पञ्चायती शासकहरूले यसलाई इतर विचारवाला सिध्याउने औजारमा रुपान्तरित गरे । यससँगै विद्यार्थी मण्डलको चल्तीको नाम बन्न पुग्यो- 'मण्डले' । अनुदारवादी र उपद्र्याहा पञ्च उत्पादन गर्ने केन्द्र बन्न पुग्यो त्यो । ठकुराठी, त्यही संगठन खुलाएको पृष्ठभूमिमा युवा उमेरमै राष्ट्रिय पञ्चायत सदस्य बन्न पुगे ।

त्यही मण्डलकै उत्पादन हुन्, राजनीतिका खेलाडी कमल थापा । हेटौंडामा विद्यालय तहमै छँदा राष्ट्रवादी मण्डल खुलाउँदै अध्यक्ष बनेका थिए उनी । पञ्चायती व्यवस्थाका हस्ती निरन्जन थापा र दीपक बोहरा पनि मण्डलबाट उँभो लागेका हुन् । विसं २०३५-०३६ को विद्यार्थी आन्दोलन दबाउन मण्डल समर्थित विद्यार्थीहरूले कलेजमा उपद्रो मच्चाए । नेविसंघ र अखिलका विद्यार्थीहरूमाथि क्रूर आक्रमणमा उत्रिएपछि राम्रै 'कुख्याति' मात्र कमाएन कि त्रासदी सूचकमा पनि परिणत भयो यो संगठन ।

मण्डलेको आशंका गरिएका प्रहरीहरू आफ्नो गाडीमा बन्दी बनाइए र भीडको आक्रमणमा परे ।
तस्बिर स्रोत : 'प्रजातन्त्रको उदय', प्रकाशक : मानव अधिकार संरक्षण मञ्च

इतर विचारवाला मात्र नभई राष्ट्रवादी विद्यार्थी मण्डलको क्रियाकलापबाट पञ्चायतकालीन मन्त्रीहरूसमेत प्रताडित हुन्थे । जनमत संग्रहपूर्व आन्दोलनका बेला गृहमन्त्री थिए, कवि केदारमान व्यथित । आन्दोलन दबाउन पर्याप्त भूमिका खेल्न नसकेपछि उनलाई 'नपुंसक गृहमन्त्री' को दर्जा दिए, तिनै मण्डलआवद्ध विद्यार्थीहरूले । व्यथितकै शब्दमा, 'राष्ट्रवादी विद्यार्थी मण्डलले नाजी तरिकाले काम गर्दैथियो । जे कुरामा पनि बलजफ्ती हस्तक्षेप गर्ने उनीहरूको चरित्र सरकारका लागि समस्या बनेको थियो ।' *(देशान्तर साप्ताहिक ०४२ चैत १०)*

जनमत संग्रहपूर्व आन्दोलनकारीको प्रमुख मागमध्ये थिए, राष्ट्रवादी विद्यार्थी मण्डल र 'गाउँ फर्क'को खारेजी । कुख्यातिकै पृष्ठभूमिमा ०३६ मा दुवै वैधानिक तवरमै खारेज भए । तर, समाजले खारेज गरेन । छुल्याहा पञ्चहरूलाई 'मण्डले' नामाकरण गरिरह्यो । ०४३ को राष्ट्रिय पञ्चायत निर्वाचनमा मकवानपुर जिल्लाभर 'मण्डलेबाट होसियार' कविता पर्चाको रूपमा वितरित भयो । जसका रचयिता थिए, रुपचन्द्र विष्ट, जो कमल थापासँग चुनावी प्रतिस्पर्धामा थिए । कविताका शब्द थिए, 'पापीलाई लाभले, लोभीलाई आशले, डराउनेलाई त्रासले र मूर्खलाई भ्रमले । अधीन गरेर, संगठन गरेर, अपराध गर्न छुट पाएका मुलुकमारा-गरिबमारा मण्डले ।'

त्यही कविता छ महिनापछि ०४३ असोजमा *विमर्श साप्ताहिक*मा

छापियो । कमल थापाले कवितासँग बदला लिने मौका चुकाउन बाँकी राखेनन् । त्यसपछि पञ्चायती शासकहरूले पत्रिकाका बूढा सम्पादक केशवराज पिँडाली र विष्ट दुवैलाई जेल कोचियो । दसैं मनाइरहेकै बखत ७१ वर्षीय सम्पादक पिँडाली र विष्ट 'राजद्रोही सिदा' खाँदै सात महिना चिसो छिँडीमा बिताउन बाध्य भए ।

उता, अनुदारवादी मण्डलेहरूकै सिकार हुन पुगे, स्वयं पदम ठकुराठी । पञ्चायतभित्रकै अनुदारवादीहरूको योजनामा उनीमाथि गोली हानियो, ०४३ भदौमा । लामो उपचारपछि एउटा आँखा गुमाउँदै गहिरो दागसहित 'मण्डले' लाई विस्मृतिमा राख्दै जीवन बिताइरहेका छन् उनी ।

निरन्जन थापाको खुब प्रिय शब्द थियो, 'मण्डले' । उनी त्यसको संस्थापक केन्द्रीय सदस्यदेखि सभापतिसम्म भए । जनमत संग्रहताका विद्यार्थी आन्दोलन दबाउने हर्ताकर्ता यिनै थिए । त्यसैबाट राजनीतिक हैसियत बढाउँदै ०३८ मा राष्ट्रिय पञ्चायतमा मनोनीत भए । ०४३ मा रुपन्देहीबाट चुनाव पनि जिते । त्यसपछि गृह राज्यमन्त्री बन्दै ०४६ को जनआन्दोलन दबाउने हर्ताकर्ता भए । विद्यार्थी मण्डल पृष्ठभूमिकै कारण दीपक बोहराले अधिक राजनीतिक लाभ उठाए ।

'मण्डले' शब्दकै कारण पञ्चायतकालभरि खेलकुद परिषद् शंकास्पद थलो बनिरह्यो । खेलाडीलाई राजनीतिक अस्त्र बनाई इतर शक्ति दबाउन प्रयोग गरिएकाले समाजमा उनीहरूप्रति नकारात्मक धारणा गढिरह्यो । पञ्चायतविरोधीका मनमा धेरैजसो खेलाडी 'मण्डले' हुन् भनी बास गरेको थियो । खेलकुद र राजनीतिको कुनै सम्बन्ध नहुनुपर्ने हो । तर, परिषद्का सदस्य-सचिव शरदचन्द्र शाह र कमल थापाले खेलाडीलाई औजार बनाउँदै पञ्चायतविरोधी सिध्याउन उपयोग गरिरहे । ०४६ को आन्दोलनताका खेलाडीहरू आन्दोलनकारीविरुद्ध खुला रुपमा उतारिएको थियो । त्यसैको बदला लिँदै आन्दोलनकारीहरूले खेलकुद परिषद्का सदस्य-सचिव शाहको डिल्लीबजारस्थित निवासमा तोडफोड गरेका थिए ।

> **फरक विचार सुन्न या ग्रहण गर्न नसक्ने र आक्रामक रुपमा प्रस्तुत हुनेलाई पञ्चायतकालमा भन्ने गरिन्थ्यो- 'कस्तो मण्डले चरित्र' को रहेछ । पञ्चहरू स्वयं पनि एकले अर्कोलाई 'मण्डलेकरण' गरेको अभियोग लगाउँथे । अनुदारवादी पञ्च चिनाउनु परे 'मण्डले' शब्द प्रयोग गर्थे ।**

०४६ मा आन्दोलनकारीहरूले चार 'महामण्डले' नामाकरण गरी पर्चा-पम्प्लेट छरेका थिए । ती 'महामण्डले' हरू थिए, मरिचमानसिंह श्रेष्ठ, नवराज सुवेदी, कमल थापा र निरन्जन थापा । जतिबेला श्रेष्ठ प्रधानमन्त्री, सुवेदी राष्ट्रिय पञ्चायत र पञ्चायत तथा जाँचबुझ समितिका अध्यक्ष, कमल थापा सञ्चार राज्यमन्त्री र निरन्जन थापा गृह राज्यमन्त्री थिए ।

फरक विचार सुन्न या ग्रहण गर्न नसक्ने र आक्रामक रुपमा प्रस्तुत हुनेलाई पञ्चायतकालमा भन्ने गरिन्थ्यो- 'कस्तो मण्डले चरित्र' को रहेछ । पञ्चहरू स्वयं पनि एकले अर्कोलाई 'मण्डलेकरण' गरेको अभियोग लगाउँथे । अनुदारवादी पञ्च चिनाउनु परे 'मण्डले' शब्द प्रयोग गर्थे ।

पञ्चायतकालीन पत्रकारितामा यो शब्द निकै खेलाउनेमध्ये पर्थे, पत्रकार हरिहर विरही । उनकै भाषामा, 'सत्ताविरुद्ध बोल्न नदिने र बोल्नेविरुद्ध हिंसात्मक शैलीको कारवाही उत्रनेविरुद्ध मण्डले प्रयोग गरिन्थ्यो । पञ्चायती सत्ताबाट संरक्षण र सुविधा लिई इतर पक्षलाई दमन गर्न उत्रने उद्दण्डहरूको समूहलाई बुझ्ने प्रतीकको रुपमा यो शब्द प्रयोग गरिएको हो ।'

'मण्डले' शब्दले १० वैशाख ०४७ मा विभत्स रुप धारण गर्‍यो । प्रजातन्त्र बहालीको साता नाघ्दैथियो, आममानिसमा 'प्रजातन्त्र' खोसिन्छ भन्ने त्रास पनि सँगै थियो । दरबारिया र अनुदारवादी पञ्चहरूद्वारा 'बहुदल' विरुद्ध प्रति-क्रान्तिको आशंका व्याप्त थियो । त्यस दिन टेकुमा शंकास्पद शैलीमा एउटा गाडी देखापर्‍यो । जसमा ड्रेससहित र सादा पोशाकमा पुलिस थिए । त्यो गाडी भीडको घेराभित्र पर्‍यो । एकाएक यिनीहरू 'भिजिलान्ते मण्डले'हरू हुन् भन्दै भीडले आक्रोश पोख्न थाल्यो । गाडीमा सवारमध्ये छ प्रहरीहरूलाई कुटी-कुटी त्यहीँ हत्या गरियो । तिनको शव र घाइतेलाई गाडामा राखेर काठमाडौं घुमाइएको थियो । एक जनालाई कालीमाटीको महेन्द्र शालिकमा बाँधेर राखियो, मण्डलेको अभियोगमा । भीडले विवेक गुमाएको त्यो बेला सुरक्षा संयन्त्र पनि मूकदर्शक बनिरह्यो ।

प्रजातन्त्र बहालीपछि कांग्रेस महामन्त्री गिरिजाप्रसाद कोइरालाले फेरि यो शब्दलाई ब्युँताए । ०४७ असारताका उनले भनेको 'माले, मशाले-मसाले, मण्डले एकै हुन्' भन्ने वाक्य बहुचर्चित बन्यो । 'माले' ०४७ पुसमा मार्क्सवादीसँग एकता गर्दै एमालेमा रुपान्तरित भयो भने 'मशाल' एकता केन्द्र हुँदा माओवादी बन्यो । त्यतिखेर मशाल पनि मोटो 'श' र पातलो 'स'मा विभक्त थिए । पातलो 'मसाल'का नेता मोहनविक्रम सिंहले चलाइरहेका थिए । पुराना पञ्चहरूका निम्ति 'मण्डले' शब्द काफी थियो । त्यही कालखण्डमा कोइरालाले आफूलाई 'म' विरोधी राजनीतिक पहिचान बनाए । 'घोर' कम्युनिस्ट विरोधी पात्रका रुपमा चिनिन्थे मण्डले ।

०४८ मा जब कोइराला प्रधानमन्त्री भए, तब कम्युनिस्टहरूले 'मण्डले' शब्दलाई जीवन दिए । एमालेको उक्साहटमा कर्मचारी आन्दोलन चलिरहँदा कांग्रेस समर्थित नेविसंघको शक्ति प्रदर्शनमा उत्रियो, 'आधा तलब खान्छौं, हामी देश चलाउँछौं ।' त्यसपछि कम्युनिस्ट विद्यार्थीले नेविसंघलाई 'मण्डले' को संज्ञा दिए ।

बिस्तारै हराउँदै गएको यो शब्दले १८ असोज ०५९ पछि फेरि पुराना पञ्चहरू शासनमा एकलौटी ढंगले उदाउन थालेपछि राजनीतिक वृत्तमा फेरि भाउ पायो । राजतन्त्रको समाप्तिसँगै औपचारिक रुपमा यो शब्दको पनि अवसान भयो ।

तर, राजनीतिक वृत्त र समाजमा 'मण्डले-प्रवृत्ति' भने अन्तर-कुन्तरमा अझै जीवित छ । शासकहरूबाट फाइदा लुट्नेहरू तथ्यगत आलोचकलाई त्यसरी नै खेदिरहेका छन्, जसरी पञ्चायतकालमा खेदिन्थ्यो । खासमा नव-मण्डलेहरूका निम्ति नाम 'क्वाइन' मात्र नभएको हो । रुप-शैली मात्र फेरिएको हो, प्रवृत्ति यथावत् छ । ◆

फर्के हराएका पन्छी

कोसीटप्पु क्षेत्रमा दुई दशकपछि देखिए संकटापन्न पाहुना चरा

वेदराज पौडेल/इटहरी

अनिष तिम्सिना कम्ती खुसी देखिँदैनथिए। आफूले पाएको खुसी उनले साझा गर्न चाहे। पुसमध्यतिर आकाशमा राजगरुड देखिन थालेपछि उनी फुरुंग नहुने कुरै थिएन । कोसी बर्ड सोसाइटीको अध्यक्षसमेत रहेका अनिष आफैं पनि चराचुरुंगीप्रेमी हुन्। झन्डै दुई दशकदेखि नेपाली आकाशमा देखिन छाडेका राजगरुड अचानक हावामा कावा खाँदै गरेको देखिन थाल्यो,कोसी टप्पुवरपर। संरक्षणमा लागेका र चरासम्बन्धी चासो दिनेका लागि के चाहियो ? विश्वमा १२ सय वटा मात्र रहेको यो पन्छी अति संकटापन्न पन्छी हो ।

राजगरुडको मात्र के कुरा ! गतवर्ष बर्जु तालमा पाहुना चरा नकटा हाँस पनि देखा पर्‍यो । यो पनि दुई दशकपछि देखा परेको थियो । हाँस प्रजातिमा अन्य हाँसभन्दा ठूलो हो यो ।

१७ वर्षपछि यस्तै अर्को दुर्लभ घटना पनि भयो । कोसी टप्पु वन्यजन्तु आरक्षभित्र ठूलो सेतोपाटे कल हाँस देखा पर्‍यो । यो पनि अति दुर्लभ प्रजातिमा पर्छ । आएका तीनवटा हाँस दुई महिना बसेर फर्किएका छन् । साइबेरियाबाट आएको यो पन्छी नेपालमा कोसी टप्पुबाहेक घोडाघोडी तालमा पनि देखिन्थ्यो ।

चराविज्ञ हेमसागर बराल चरा नभएको भए अहिलेको आधुनिक विश्वको विकास नै नहुने तर्क राख्छन् । भन्छन्,“यदि संसारबाट चरा लोप हुने हो भने बिस्तारै मानव सभ्यता नै मासिन्थ्यो ।” उनका अनुसार चराले प्राकृतिक सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्छ । किरा, फट्यांग्रा, मुसा खाइदिएर प्राकृतिक सन्तुलन कायम गर्नेदेखि परागसेचन गरिदिएर अन्नबाली फलाउनेसम्मको भूमिका चराले निर्वाह गरिरहेको हुन्छ ।

कोसी टप्पु वन्यजन्तु आरक्षभित्रको सीमसार क्षेत्र चराका लागि ‘आमाको काख’ जस्तो हो । कोसी टप्पुमा मात्र अहिले ५ सय २८ प्रजातिका चरा पाइन्छन् । नेपालमा पाइने ८ सय ७९ प्रजातिमध्ये कोसीमा आधाभन्दा बढी चरा पाइन्छन् ।

वर्षौंपछि चरा फर्कनुलाई शुभ संकेतको रुपमा लिन्छन् चराविद् जोतेन्द्र ठकुरी । उनका अनुसार विभिन्न कारणले अन्यत्र गएका चराहरू दशकौंपछि फर्कनु सुखद संकेत हो ।



तस्बिर : विसप ताम्राकार

नकटा हाँस

तराई क्षेत्रमा चार प्रजातिका हाँसले बच्चा कोरल्छन् । ती चार प्रजातिमध्ये सबैभन्दा ठूलो हाँस हो, नकटा । सप्तकोसी नदी आसपासको सीमसार सुक्न थालेपछि २० वर्ष अघिबाट नै देखिन छाडेको यो चरा अहिले कोसी टप्पुभन्दा २५ किलोमिटर दक्षिणमा रहेको बर्जु तालमा छ वटाको संख्यामा देखिएको छ ।

विभिन्न हाँसका झुन्डमा रहेर बस्न रुचाउने यो नकटा अन्य हाँसको तुलनामा फरक खालको हुन्छ । बच्चा कोरल्ने बेलामा भालेको ठुँडको माथिपट्टि डल्लो सिउर पुष्ट भएर आउँछ । त्यसबाहेकको समयमा त्यो सामान्य रहन्छ । समुन्द्र सतहदेखि १ सय ५० मिटरको समथर आवासीय क्षेत्र जंगलभित्र रहने तालतलैया यसको बासस्थान हो ।

पश्चिममा घोडाघोडी ताल, शुक्लाफाँटाका तालहरूमा यसले बच्चा कोरल्ने गर्छ । माछालगायत पानीमुनिका वनस्पति र किराहरूको भोजन गर्ने यो हाँस झुण्डमा बस्न रुचाउँछ । यसले स्थानीय बारीमा पाइने अन्नसमेत खाने गर्छ ।

राजगरुड

समुन्द्र सतहदेखि २ सय ५० मिटरदेखि १५ सय मिटरसम्मको उचाइमा पाइने यो चरालाई स्थानीय भाषामा भुँडीफोर/हाँडीफोर पनि भन्ने गरिन्छ। यो सामान्यतया गाउँघरमा देखिएको भुँडीफोरभन्दा ठूलो हुन्छ। यो चरा १४५ सेन्टिमिटरदेखि १५० सेन्टिमिटरसम्म अग्लो हुन्छ। यसको लम्बाइ भने १ सय ३६ सेन्टिमिटरसम्म हुन्छ। यसको तौल ८ देखि ११ किलोग्रामसम्म हुन्छ।

मंसिरदेखि माघसम्मको जाडो याममा पोथी राजगरुडले ५० फिटभन्दा अग्लो रुखमा एक देखि तीन दिनमा तीन वटासम्म अण्डा पारेर ओथारो बस्छ। वर्षमा एक पटक मात्र अण्डा पार्ने र ओथारो बस्ने शान्त स्वभावको यो प्रजातिले एक महिनामा अण्डाबाट बच्चा कोरल्छ।

अहिले यो पन्छीको संख्या कम्बोडिया र भारतमा गरी ८ सयदेखि १२ सय छ। भारतको आसाममा ६ सय ५० देखि ८ सयको संख्यामा छन्। त्यस्तै कम्बोडियामा एक सय ५० देखि २ सयको हाराहारीमा रहेका छन्। विहारमा १ सय ५६ वटा रहेका छन्, जुन आसामबाट आएका हुन्।

तस्बिर : बद्री चौधरी

सेतोछाते कल हाँस

तस्बिर : एजेन्सी

२५ देखि ३० इन्च लम्बाइ, हुने यो हाँसको तौल एकदेखि तीन किलोसम्मको हुने गर्छ। यो पन्छी युरोप र एसियाको उत्तरमा पाइन्छ। समूहमा बस्न रुचाउने यो पन्छीले एउटादेखि सातवटासम्म अण्डा पार्ने र बच्चा कोरल्ने गर्छ। यो नेपाललगायत भारतमा समेत पाइन्छ। यसले बीउ, अन्न र पानीमा पाइने लेउ खान्छ। यसले ओथारो बसेर बच्चा कोरलेर हुर्काउँदासम्म तीन महिनाको समय लाग्छ। यसले जमिनमै ओथारो बसेर अण्डा कोरल्ने गर्छ। साइबेरिया र ग्रिनल्यान्डमा यसले बच्चा कोरल्ने गर्छ। उत्तर अमेरिका र मिसिसिपी नदीको किनारमा यो ठूलोठूलो झुण्डमा पाइन्छ। जोडीजोडी बस्न रुचाउने लामो दूरीसम्म उडेर विचरण गर्ने पन्छीभित्र पर्छ। अन्य हाँसजस्तै हिमालपारिबाट हिउँदमा आउने आगन्तुक चरामा पर्छ। यसले हिमाल पार गरेर खोलाको खोँच हुँदै तराईमा रहेका ताल र सिमसारलाई आफ्नो अस्थायी मुकाम बनाउने गर्छ। पन्क्षीविद्हरूका अनुसार यो चराले अन्यले जस्तो नेपालमा बच्चा कोरल्ने गर्दैन।

जोतेन्द्र भन्छन्, "चरा गएको स्थानमा कुनै समस्या भए चराले पुरानो ठाउँको अवस्था कस्तो छ भनेर फर्केर आउँछ।" यदि आएको पुरानो ठाउँमा खाना र बस्ने राम्रो वातावरण पाए उनीहरूले फेरि पुरानै ठाउँलाई बासस्थान बनाउने विकल्प खोज्छन्।

चराविद्हरूका अनुसार उपयुक्त बासस्थान र खानाको प्रबन्ध मिलाउन सकिए गएका चराहरू फर्केर आउँछन्। चरा फर्किएर आए वातावरणको सन्तुलन कायम रहन्छ। नेपाल चराविद् संघका पूर्वाञ्चल संयोजक बद्री चौधरी अहिले दशकौंपछि देखिएका चराहरू कस्तो वातावरण छ भनेर बुझ्नका लागि अन्य चराको हुलसँगै आएका हुन्। उनीहरूलाई अहिले बसिरहेको भन्दा यहाँको स्थान मन पर्‍यो भने चरा फर्कन थाल्छन्। पृथ्वीको तापक्रम बढ्दै जानु र त्यसले वातावरणमा पुर्‍याउँदै गएको असरले पाहुना चरा आउने र फर्कने समय भने बदलिँदै गएको छ। कोसी टप्पुमा साइबेरिया, चीन, भारतलगायतका विभिन्न मुलुकबाट हिउँदमा चराहरू आउने गर्छन्। ◆

कोसी टप्पु

तस्बिर : भास्कर ओझा

सीको देवत्वकरण

यो साता संशोधन हुने भनिएको संविधानमार्फत सी चिनफिङ थप शक्तिशाली बन्नेछन्

चेतनाथ आचार्य/बेइजिङ

दुई कार्यकालभन्दा बढी सत्तामा बस्न नपाउने चिनियाँ प्रणालीलाई अन्तर्राष्ट्रिय जगतले पनि उच्च मूल्यांकन गरेको थियो । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा चिनियाँ राष्ट्रिय जनकंग्रेसलगायतका उच्च नेतृत्वमा दुई कार्यकालभन्दा बढी बस्न नपाइने संवैधानिक व्यवस्थाले पारदर्शी रुपमा नेतृत्व हस्तान्तरण गर्दै आएको र कम्युनिस्ट प्रणालीमा प्रजातान्त्रिक संस्कार विकास भएको भन्दै प्रशंसा गरिएको थियो ।

विश्वले 'असल' मानेको यस्तो चिनियाँ प्रचलन अब इतिहासमा सीमित हुने भएको छ । २१ फागुनदेखि सुरु हुने १३ औँ राष्ट्रिय जनकंग्रेसको पहिलो अधिवेशनले चीनको संविधान संशोधन गर्दैछ । चीनको संविधान सन् १९८२ डिसेम्बर ४ मा लागू भएको हो । यो संविधानलाई सीपीसीको १९ औँ केन्द्रीय समितिको तेस्रो बैठकले संशोधन गर्ने निर्णय गरेको छ । चीनका प्रमुख सरकारी पदहरू राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीलगायतका उच्च तहमा नियुक्त गर्ने काम राष्ट्रिय जनकंग्रेसको हो । तर, जनकंग्रेसलाई सीपीसीका निर्णयहरू लागू गर्ने 'रबरस्ट्याम्प' मात्र मानिन्छ ।

१९ औँ सीपीसीको तेस्रो पूर्ण बैठकले गरेको निर्णयअनुसार विभिन्न ११ बुँदामा संविधानको संशोधन हुनेछ । चिनियाँ सरकारी संचारले संविधान संशोधनलाई 'नयाँ युगमा चीनको प्रवेश भएकाले समय सापेक्ष बनाउन खोजिएको' उल्लेख गरेका छन् ।

११ बुँदामा संविधान संशोधन हुने भए पनि मुख्य रूपमा दुईवटा कुरालाई महत्त्व दिइएको छ । पहिलो, वर्तमान चिनियाँ राष्ट्रपति सी चिनफिङको विचारधारालाई संविधानमा प्रवेश गराइने छ भने चिनियाँ राष्ट्रपति तथा उपराष्ट्रपति दुई कार्यकालका लागि मात्र रहन पाउने समयसीमालाई हटाइँदैछ । चिनियाँ संविधानमा नयाँ युगमा चिनियाँ चरित्रको समाजवादलाई सी चिनफिङ विचारधाराका रुपमा राखेर चीनको मौलिक कानुन बनाउने घोषणा गरिएको छ । चालु चिनियाँ संविधानको प्रस्तावनामा मार्क्सवादी-लेनिनवादी तथा माओ विचारधारा र तङ स्यावोफिङ सिद्धान्तलाई चीनका मार्ग-दर्शक सिद्धान्त भनेर उल्लेख गरिएको छ । अब यसमा 'नयाँ युगमा चिनियाँ चरित्रको समाजवादमा सी चिनफिङ विचारधारा' थप गरिनेछ ।

संशोधनको अर्को मुख्य विषय चिनियाँ राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकालको सीमा हटाउनु रहेको छ । संविधानको भाग-३ को सेक्सन दुई धारा ७९ मा 'चिनियाँ राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल राष्ट्रिय जनकंग्रेसकै सरह दुई कार्यकालभन्दा बढी नरहने' भनेर उल्लेख गरिएको छ । यसलाई संशोधन गरेर 'चिनियाँ राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल राष्ट्रिय जनकंग्रेसकै सरह हुनेछ' बनाइँदैछ । संशोधनपछि चिनियाँ उच्च सरकारी नेताहरूको दुई कार्यकालको सीमा हट्नेछ ।

संविधानको भाग-३ सेक्सन तीन धारा ८७ मा चिनियाँ प्रधानमन्त्री तथा उपप्रधानमन्त्री र स्टेट काउन्सिलरहरूको कार्यकाल राष्ट्रिय जनकंग्रेसकै सरह दुई कार्यकालभन्दा बढी नहुने उल्लेख छ । संशोधनपछि यो सीमा पनि स्वतः हट्नेछ । किनभने, संशोधनपछि राष्ट्रिय जनकंग्रेसका सदस्यहरूलाई पनि समय सीमाको पावन्दी लागू हुने छैन । संविधान

संशोधन नहुँदा सी चिनफिङ सन् २०२३ सम्म मात्र चीनको राष्ट्रपति हुन पाउँथे। राष्ट्रपतिको दोस्रो कार्यकाल सुरू नगर्दै सीको तेस्रो कार्यकालको बहस सुरु भएको छ। संविधान संशोधन गरेर दुई कार्यकालभन्दा बढी सत्तामा रहने सी चिनफिङको चाहनालाई अन्तर्राष्ट्रिय जगतले विभिन्न कोणबाट हेरेको छ। कसैले उनलाई पदलोलुप भन्दै रुसी नेता भ्लादिमिर पुटिनसँग तुलना गरेका छन् भने कसैले उनले चालेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियानलाई सार्थक बनाउनका लागि चीनलाई उनको नेतृत्व लामो समयसम्म आवश्यक रहेको भनेर बचाउ गरेका छन्।

सीपीसीको १९ औं महाधिवेशनले सी चिनफिङलाई महासचिवमा पुनः निर्वाचित गर्दै पार्टीको विधानमा सी विचारधारालाई लेख्ने निर्णय गरेपछि उनी चीनमा माओ चतुङपछिका सर्वशक्तिमान नेताका रूपमा स्थापित भएका हुन्। तङ स्यावोफिङको सिद्धान्त तङको मृत्युपछि मात्र सीपीसीको विधान र चिनियाँ संविधानमा राखिएको हो। सीपीसीको १९ औं महाधिवेशनपछि सीले क्रमशः शक्ति आफूमा केन्द्रित गर्न थालेका छन्। अहिले पनि वैधानिक र सैद्धान्तिक रुपमा सीका अधिकारहरू १८ औं कार्यकालमा जस्तै हुन्। तर, व्यावहारिक रुपमा चिनियाँ कम्युनिस्ट पार्टी सी चिनफिङमा केन्द्रित बनेको छ।

लामो समय श्रमिक काम गरेर आएका सी चिनफिङ महासचिव हुनासाथ अन्तर्राष्ट्रिय जगतमा पनि चर्चित बने। उनले सन् २०१३ को सेप्टेम्बरमा कजाकस्तानको भ्रमणमा ऐतिहासिक रेशमी मार्गलाई पुनर्जागृत गर्ने घोषणा गरे। त्यसको एक महिनापछि उनी इन्डोनेसियाको भ्रमणमा जाँदा २१ औं शताब्दीको सामुद्रिक रेशमी मार्गलाई पनि पुनर्जागरण गर्ने उदघोष गरे। अर्को महिना नोभेम्बरमा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टी १८ औं केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले सी चिन फिङले घोषणा गरेका दुवै कार्यक्रमलाई चीनको सुधार र खुला नीतिभित्र समावेश गरेर अगाडि बढाउने निर्णय गर्‍यो। रेशमी मार्ग र २१ औं शताब्दीको सामुद्रिक रेशमी मार्गलाई अहिले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' अर्थात् 'बीआरआई' भन्ने गरिन्छ। उनले उरालेको चिनियाँ सपनाले पनि चीनलाई पुनर्जागरण गराएको थियो।

बीआरआईको सफलतापछि सीको छविलाई अन्तर्राष्ट्रिय जगतमा चम्काउने काम एसियाली पूर्वाधार लगानी बैंकले गर्‍यो। यो संस्थालाई चीनले विश्वकै सबैभन्दा ठूलो वित्तीय संस्था बनाउने महत्त्वाकांक्षा राखेको छ।

सीको पहिलो कार्यकालका मुख्य उपलब्धिमा बीआरआई, गरिबी निवारण, भ्रष्टाचार विरुद्धको अभियान, वातावरण संरक्षण, पूर्वाधार विकास, ग्रामीण र सहरी क्षेत्रको सन्तुलित विकास हुन्। भ्रष्टाचार विरुद्धको अभियानमा उनले सीपीसीका पूर्वपोलिटब्युरो सदस्यदेखि वहालवाला उपमन्त्रीसम्मलाई कारवाही गरेर चिनियाँ जनताको समर्थन र साथ पाएका छन्। सीको यो अभियानमा सीपीसीका विभिन्न तहका ७० हजारभन्दा बढी पदाधिकारीहरूले कारवाही भोगिसकेका छन्।

सीपीसीको १९ औं महाधिवेशनले सी विचारधारालाई पार्टीको विधानमा राखेपछि अन्तर्राष्ट्रिय क्षेत्रमा यसको प्रसार गर्नका लागि चीनले पहिलोपटक सीपीसी र विश्व राजनीतिक दलहरूबीचको वार्ता सम्मेलनको आयोजना गर्‍यो। गत मंसिर १४ देखि १७ सम्म बेइजिङमा आयोजना भएको सम्मेलनमा विश्वका १ सय २० देशका ३ सय राजनीतिक दलका ६ सय नेताहरू सहभागी भएका थिए। यसअघि सीपीसीले आफ्नो महाधिवेशनपछि पारित नीतिलाई अन्तर्राष्ट्रिय जगतमा पुर्‍याउने आवश्यकता देखेको थिएन। राष्ट्रिय सत्तामा एकछत्र राज गरिरहेका सीलाई उल्लिखित गतिविधिले अन्तर्राष्ट्रिय जगतमा पनि चर्चित बनायो।

अघिल्लो कार्यकालमा सीजत्तिकै प्रधानमन्त्री ली खछ्याङका समाचारहरू चिनियाँ संचारमा आउँथे। विदेशीसँगको भेट, विदेशी नेतालाई पठाउने सन्देश, पार्टीका उच्चस्तरीय बैठकमा सम्बोधन, विभिन्न प्रान्तीय प्रतिवेदनको लेखाजोखा बैठकमा ली खछ्याङको उपस्थिति र सम्बोधन हुने गर्दथ्यो। गत अक्टोबरमा सम्पन्न सीपीसीको १९ औं महाधिवेशनले सीपीसी सी चिनफिङमा केन्द्रित रहने सैद्धान्तिक सहमति पारित गरेपछि ली खछ्याङ ओझेलमा परे।

सी चिनफिङले कसरी शक्ति अभ्यास गर्दैछन् भन्ने कुरा चिनियाँ प्रोपोगाण्डाको यो सानो नमुनाले पनि पुष्टि गर्छ। सीपीसीको १९ औं महाधिवेशनपछि सी चिनफिङका पुराना भिडियोहरू खोजेर पुनः प्रसारण गर्न थालिएको छ। सी कुन प्रान्तको गभर्नर हुँदा के गरे, प्रान्तीय सचिव हुँदा केके उपलब्धि भयो, मेयर हुँदा केकस्ता विकासका कामले जनताको मन जिते भन्ने कुरालाई हिजोआज चिनियाँ संचारमाध्यमले व्यापक प्रचार गरिरहेका छन्। त्यस्ता भिडियोमा अहिलेका वयोवृद्ध स्थानीयले प्रशंसा गरेको र सीको उच्च मूल्यांकन गरेको नयाँ सामग्री थप गरेर तीव्र प्रचार गरिएको छ। *सीसीटीभी*ले बनाएका भिडियो फुटेजलाई सबैजसो चिनियाँ संचारमाध्यमले प्राथमिकताका साथ सम्प्रेषण गर्न थालेका छन्।

१८ औं सीपीसीको महासचिव भएर पाँच वर्ष व्यतीत गर्दासम्म उनको यस्तो प्रशंसा गरिएको थिएन। साथै उनका समकक्षी कसैको पनि यस प्रकारको प्रशंसा र प्रचार गरिएको छैन। यसबाट के बुझिन्छ भने आम चिनियाँ जनतामा सी चिनफिङलाई देवत्वकरण गर्दै लामो समय सत्तामा राख्ने प्रपन्च गरिँदैछ। ◆

(आचार्य चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई) नेपाली सेवा, बेइजिङमा विदेशी विशेषज्ञका रुपमा कार्यरत छन्।)

ईपीजी बैठक :

बल्ल खास बहस

प्रबुद्ध समूहको बैठक लगातार सातौँ चरणसम्म आइपुग्दा पनि नेपाल–भारतबीचको सन् १९५० को शान्ति तथा मैत्री सन्धि पुनरावलोकन हुने–नहुने आशंका कायमै

नेपाल–भारत प्रबुद्ध समूहको सामूहिक बैठक, १२ फागुन, काठमाडौँ

कमलदेव भट्टराई

हालै प्रकाशित *दि कोलिसन इयर्स* पुस्तकमा भारतका पूर्वराष्ट्रपति प्रणव मुखर्जीले सन् १९५० को शान्ति तथा मैत्री सन्धि पुनरावलोकन हुनुपर्ने नेपालको मागका सम्बन्धमा एक सन्दर्भ उल्लेख गरेका छन् ।

सन् २००६ मा तत्कालीन भारतीय विदेशमन्त्रीको जिम्मेवारी सम्हालेका मुखर्जीसँगको भेटमा भुटानी राजा जिग्मे सिंघे वाङचुकले भारत-भुटानकाबीचमा सन् १९४९ मा भएको मैत्री सन्धि संशोधनको विषय उठाएछन् । विशेषतः भुटानले आफ्नो परराष्ट्र नीतिमा स्वायत्तता र हतियार आयात गर्न भारतको स्वीकृति नचाहिने ढंगले सन्धि संशोधन गर्न चाहेको उक्त भेटमा भुटानी राजाले मुखर्जीलाई बताएका थिए ।

उनले पुस्तकमा भनेका छन्, 'तर, म भुटानसँगको सन्धि संशोधनको पक्षमा थिइनँ र मैले उनलाई (भुटानी राजा) सो सन्धि संशोधन गरिएमा नेपालले पनि यस्तै माग गर्ने बताएँ । तर, उनले मेरा पूर्ववर्ती नटवर सिंहले सन्धि संशोधनमा कुनै आपत्ति नभएको संकेत गरेको जानकारी गराएको बताए ।' त्यसको एक वर्षपछि नै भारत र भुटानकाबीचमा सन्धि संशोधनको सम्झौता भयो । संशोधनले भुटानलाई आफ्नो परराष्ट्र नीति सञ्चालन र हतियार किनबेचमा केही स्वायत्तता प्रदान गरेको छ ।

मुखर्जीले पुस्तकमा उल्लेख गरेको सन्दर्भबाट सन् १९५० को शान्ति तथा मैत्री सन्धि खारेज तथा संशोधन हुनुपर्ने नेपालको मागको विषयलाई भारतले कसरी लिइरहेको छ भन्ने छनक मिल्छ । चार वर्षयता बलियो जनमतसहित भाजपा नेता नरेन्द्र मोदीले सरकारको नेतृत्व गरिरहेका छन् । उनले नेपालले चाहेअनुसार उक्त सन्धि संशोधन गर्न तयार रहेको बताइरहेका छन् । तर, सन् १९५० को शान्ति तथा मैत्री सन्धिलगायत सम्पूर्ण दुईपक्षीय सम्बन्धमा अध्ययन गरी सुधारका लागि सिफारिस गर्न प्रबुद्ध समूहको गठन गर्ने सैद्धान्तिक सहमति भने कंग्रेस आईका प्रधानमन्त्री मनमोहन सिंहको पालामै भएको हो ।

मोदी प्रधानमन्त्री भएलगत्तै २२ वर्षपछि सन् २०१४ मा बसेको संयुक्त कमिसनको बैठकले सन् १९५० लगायतका सन्धि एवं सम्झौताहरू पुनरावलोकन गर्न सुझाव दिन प्रबुद्ध समूह गठन गर्ने सहमति गरेको थियो । दुई देशका बीचमा सैद्धान्तिक सहमति भएको झन्डै दुई वर्षपछि

तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा प्रबुद्ध समूहको गठन भएको थियो । संयोग नै मान्नुपर्छ, प्रबुद्ध समूहले प्रतिवेदन बुझाउने समयमा ओली नै प्रधानमन्त्री भएका छन् । प्रतिवेदन बुझ्ने मात्र होइन, सोही प्रतिवेदनका आधारमा सन्धि संशोधनको विषयमा भारत सरकारसँग वार्ता गर्ने जिम्मेवारी पनि ओलीकै काँधमा आएको छ ।

अबको चार महिनामा प्रबुद्ध समूहले आफ्नो प्रतिवेदन दुवै सरकारलाई बुझाउनेछ । प्रबुद्ध समूहले कस्तो प्रतिवेदन दिन्छ, अहिले नै यकिन छैन । तर, मोदी सरकार र भारतको प्रशासनिक नेतृत्व संशोधन गरिहाल्ने पक्षमा भने छैन । सरकारी तहमा मात्र होइन, प्राज्ञिक एवं कूटनीतिक क्षेत्रमा 'उक्त सन्धिले नेपाललाई फाइदा भएकै छ, लाखौं नेपालीले भारतमा रोजगारी पाइरहेकै छन्' भन्ने मानसिकता रहेको पाइन्छ ।

भारतले सो सन्धि परिमार्जन तथा संशोधन कहिल्यै पनि आफ्नो माग नभएको बताउने गरेको छ । "सन् १९५० को सन्धि खारेजी तथा संशोधन भारतमा कहिल्यै पनि मुद्दा बनेको छैन । तथापि, भारतले के भनिरहेको छ भने सन्धिको बारेमा नेपाललाई केही समस्या छ भने नेपालको आग्रहलाई भारतले विचार गर्नसक्छ," प्रबुद्ध समूहका सदस्य बिसी उप्रेती भन्छन् । उप्रेतीले नेपालले केही प्रावधानका विषयमा कुरा उठाए पनि त्यसलाई आफूहरूले ठूलो विषय नबनाई छलफल गरिरहेको बताउँछन् ।

प्रबुद्ध समूहको बैठकमा एक वर्षदेखि नेपाल र भारतको बीचमा रहेका विभिन्न सन्धि एवं सम्झौताका बारेमा निरन्तर रूपमा छलफल भइरहेको छ । छलफलको केन्द्रीय विषय सन् १९५० को शान्ति तथा मैत्री सन्धि नै हो । फागुन दोस्रो साता काठमाडौंमा सम्पन्न सातौं बैठकसम्म आइपुग्दा भने केही उपलब्धि देखिएका छन् । प्रबुद्ध समूहको नेपाली पक्षका संयोजक भेषबहादुर थापाले छलफल निकै सकारात्मक भएको र प्रतिवदेन लेखनको काम छिटो सुरू हुने जानकारी गराएका छन् । थापा भन्छन्, "नेपालका चासोहरूलाई हामीले स्पष्ट रूपमा राखिसकेका छौं," ।

एक वर्षदेखि सन् १९५० को शान्ति तथा मैत्री सन्धि सम्बोधनमा आफूहरूको सरोकारको विषयमा नेपाली पक्षले कुरा राखिरहेको छ । विशेषतः नेपाली पक्षले आफ्नो 'पोजिसन'लाई स्पष्ट रूपमा राख्न नसकेको भारतीय पक्षको बुझाइ थियो । सोही कारण सन् १९५० को सन्धि संशोधनको बारेमा गहन रूपमा छलफल हुन पाएको थिएन । तर, सातौं बैठकसम्म आइपुग्दा उक्त सन्धिका विभिन्न धाराका बारेमा गहन रूपमा छलफल सुरू भएको छ । विशेषतः आफूहरूले लामो समयदेखि राखेका मागका सम्बन्धमा भारतीय पक्षले बल्ल प्रतिक्रिया दिन थालेको नेपाली समूहका सदस्यहरूले बताएका छन् ।

प्रबुद्ध समूहका एक सदस्यका अनुसार, सन् १९५० को सन्धि खारेजी होइन, यसका केही प्रावधान संशोधन गरेर त्यसलाई समयानुकूल बनाउने सिफारिस समूहले दिनेछ । उक्त सन्धिको धारा १० अनुसार कुनै एक देशले एक वर्षअगाडि सूचना दिएर खारेजीको माग गरेमा सन्धि खारेज हुनसक्छ । विशेषतः अहिले उक्त सन्धिका २,५,७ र ८ धाराहरूको विषयलाई नेपाली पक्षले लगातार कुरा उठाइरहेको छ । सन्धिको धारा ६ र ७ मा एक देशले अर्को देशका नागरिकलाई आफ्नो नागरिकसरह व्यवहार गर्नुपर्ने विषय उल्लेख गरिएको छ ।

तर, यो प्रावधान दुवै देशमा लागू भएको भने छैन । भारतीय नागरिकले नेपालमा काम गर्दा वर्क परमिट लिनुपर्ने प्रावधान छ भने सम्पत्ति एवं व्यापार र वाणिज्यको अधिकार पाएका छैनन् । त्यसैगरी भारतमा रहेका नेपाली नागरिकले पनि उक्त सन्धिको प्रावधानअनुसारको हैसियत र अधिकार पाएका छैनन् । बरु भारतमा रहेका नेपाली नागरिकले थप समस्या भोगिरहेका छन् । नेपाली नागरिकताका आधारमा सिमकार्डसमेत लिन पाइँदैन । भारतमा रहेका नेपालीले बैंक खाता खोल्नसमेत समस्या भोगिरहेका छन् ।

सन् १९५० को सन्धिसँग सम्बन्धित अर्को विषय सुरक्षासँग पनि जोडिएको छ । सन्धिको धारा ५ मा नेपालले आफूलाई आवश्यक पर्ने हतियार तथा अन्य सैन्य सामग्री कुनै पनि मुलुकबाट ल्याउने पाउने व्यवस्था गरियो । यसको विधि भने पछि आपसी समझदारीमा टुंगो लगाउने उल्लेख गरियो । तर, सोही सन्धिको अंशको रूपमा रहेको 'लेटर अफ एक्सचेन्ज'मा नेपालले तेस्रो मुलुकबाट हतियार ल्याउँदा भारतको सहमति र मन्जुरीमा ल्याउनुपर्ने उल्लेख गरियो । सन् १९६५ मा दुई देशबीच हतियार आपूर्ति तथा किनबेचसम्बन्धी अर्को सम्झौता भयो, जसले नेपाली सेनाका लागि चाहिने हतियार तथा अन्य सैन्य सामग्रीका लागि भारतसँग निर्भर हुनुपर्ने बनाइदियो । त्यसको असर अहिलेसम्म पनि बाँकी छ, जसलाई नेपालले संशोधन गर्न चाहिरहेको छ । यसमा भारतीय पक्ष सहजै तयार हुने देखिँदैन ।

सरकारी तहमा सहमतिको कुरा परकै विषय भयो, प्रबुद्ध समूहको बैठकमा समेत भारतीय पक्षले यसमा सहमति जनाएको छैन । विसं २०४५ मा नेपालले चीनबाट केही हतियार ल्याउँदा भारतले यही प्रावधानका आधारमा नेपालमाथि नाकाबन्दी लगायो । के भारत नेपालले उठाएको यो विषयलाई सम्बोधन गर्न तयार छ ? उप्रेती भन्छन्, "कुन प्रावधान के गर्ने भन्ने विषय हाम्रो क्षेत्राधिकारको विषय होइन । के गर्ने भन्ने दुवै देशका सरकारले निर्णय गर्ने विषय हो । हामीले खालि सन्धि संशोधनको बृहत् 'फिलोसोफी' दिने हो ।" ◆

प्रबुद्ध समूह : फर्केर हेर्दा

२०६८
तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको भारत भ्रमणका समयमा प्रबुद्ध समूह बनाउने सहमति

२०७१ साउन १९
तत्कालीन प्रधानमन्त्री सुशील कोइराला र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच प्रबुद्ध समूह गठन गर्ने सहमति

२०७२ माघ १३
प्रबुद्ध समूहको गठन

२०७३ असार २०
तत्कालीन परराष्ट्रमन्त्री कमल थापाद्वारा पहिलो प्रबुद्ध समूहको बैठक उद्घाटन

२०७३ असोज १८-१९
प्रबुद्ध समूहको दोस्रो बैठक काठमाडौंमा

२०७३ चैत २३-२४
तेस्रो बैठक काठमाडौंमा

२०७४ जेठ १५-१६
चौथो बैठक भारतको देहरादुनमा

२०७४ असोज २१-२२
पाँचौं बैठक काठमाडौंमा

२०७४ पुस २७-२८
छैटौं बैठक नयाँ दिल्लीमा

२०७४ फागुन १२-१३
सातौं बैठक काठमाडौंमा

२०७५ असार २०
प्रबुद्ध समूहको दुई वर्ष कार्यकाल समाप्त हुने

महान्यायाधिवक्तालाई इमानको प्रश्न

न्यायाधीश नियुक्त गर्ने भूमिकामा संलग्न व्यक्ति नै महान्यायाधिवक्ता हुँदा न्याय सम्पादन तलमाथि पर्ने खतरा

०७४ महान्यायाधिवक्ता

०७२ कानुन, न्याय तथा संसदीय मामिला मन्त्री

०७१ मन्त्रिपरिषद्द्वारा सभासद् मनोनीत
प्रमुख सचेतक, नेकपा एमाले

०६८ वरिष्ठ अधिवक्ता

०६४ संविधानसभामा समानुपातिक सभासद्

०४५ केन्द्रीय सदस्य नेपाल बार एसोसिएसन

०४२ वकालत सुरू

■ मनबहादुर बस्नेत

'महान्यायाधिवक्ताको पद राजनीतिक नियुक्ति हो । तर, यो गरिमामय पदमा नियुक्त भएपछि काम भने व्यावसायिक गर्नुपर्छ ।'

१ फागुनमा महान्यायाधिवक्ता बनेका अग्निप्रसाद खरेलको यो भनाइलाई कार्यालयले आफ्नो वेबसाइटमा 'हाईलाइट' गरेर राखेको छ । महान्यायाधिवक्ता पदको गरिमा जोगाउने प्रतिबद्धता व्यक्त गरेका खरेलको नियुक्तिले न्यायपालिकाको गरिमा जोगिनेमा भने प्रश्न उब्जेको छ । किनभने, यसअघि कानुनमन्त्रीको हैसियतले खरेलले सर्वोच्च अदालतमा ११ जना न्यायाधीश नियुक्त गरेका थिए, जो अहिले पनि बेन्चमै छन् । १८ फागुन ०७२ मा न्यायपरिषद्ले वरिष्ठ अधिवक्ता र उच्च अदालतका न्यायाधीशमध्येबाट सर्वोच्चका लागि न्यायाधीश छानेको थियो ।

न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति गर्ने संवैधानिक प्रावधान छ । न्यायपरिषद्मा प्रधानन्यायाधीशपछि दोस्रो वरियतामा कानुनमन्त्री रहन्छन् । कानुन मन्त्रीको हैसियतमा आफूले न्यायाधीश नियुक्त गरेकाहरूकै बेन्चमा अब खरेलले महान्यायाधिवक्ताको हैसियतमा सरकारका तर्फबाट बहस/पैरवी गर्नुपर्नेछ । आफैंले नियुक्त गरेका न्यायाधीशहरूको बेन्चमा बहस गर्न उपस्थित हुँदा न्यायालयको स्वच्छता धमिलिने कानुनविद्हरू बताउँछन् । कानुनी रूपमा भने न्यायाधीश नियुक्तिमा संलग्न व्यक्ति महान्यायाधिवक्ता हुन रोक छैन ।

न्यायालय विवादमा तानिएको बेला सरकारले आफ्नो कानुनी रक्षा गर्ने पदमा स्वार्थ बाझिने व्यक्ति ल्याएको छ । यसबाट न्यायालयका कामकारबाहीमाथि नकारात्मक सन्देश जाने जोखिम छ । राजस्व छली र एनसेल प्रकरणमा सर्वोच्चको आदेशप्रति नकारात्मक टिप्पणी हुँदै आएको छ । शक्ति सन्तुलनमा महत्त्वपूर्ण भूमिका खेल्ने न्यायपालिकाको स्वतन्त्रता र व्यावसायिकतामाथि प्रश्न उठ्दा राज्य बेलगाम हुने खतरा रहन्छ । "हिजो गरेका निर्णयका अंश अब मुद्दाको अंग बन्न सक्छ । यस्तो अवस्थामा महान्यायाधिवक्ता नै न्यायको बाधक बन्नसक्ने जोखिम रहन्छ," वरिष्ठ अधिवक्ता हरि उप्रेती भन्छन्, "त्यसैले उहाँको नियुक्ति न्यायको सिद्धान्तअनुसार स्वाभाविक होइन ।"

स्वायत्ततामाथि प्रहार

महान्यायाधिवक्ता सरकारलाई कानुनी अप्ठ्यारो पर्दा गाँठो फुकाइदिने पद हो । यसको

मतलब मुद्दामामिला पर्दा सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयले न्यायालयमा गएर आफ्नो प्रतिरक्षा गर्नुपर्छ । तर, विवाद निरूपण गर्ने विषय आफैँले नियुक्त गरेका न्यायाधीशको इजलासमा परेमा न्याय सम्पादन निष्पक्ष हुनेमा शंका गर्ने आधार दिनेछ । ज्ञातव्य रहोस्, सर्वोच्चमा २१ जना न्यायाधीशको दरबन्दीमध्ये खरेलसमेत संलग्न भएको न्यायपरिषद्ले नियुक्त गरेका न्यायाधीशको संख्या आधाभन्दा बढी छ । जब कोहीबाट केही लिइन्छ भने दिनेप्रति केही झुकाव देखिनु स्वाभाविक मानवीय गुण हो । मानवीय कमीकमजोरी, सहानुभूतिबाट बच्न पनि न्याय सम्पादनमा संलग्नहरू उच्च आचरणमा बाँधिनुपर्छ । तर, महान्यायाधिवक्ताको हकमा यही पक्ष दुर्बल बनेको छ । “लेनदेनको ‘लिगेसी’ न्याय सम्पादनको क्रममा समेत रहन सक्छ । यसले न्याय-निष्पक्षतामा शंका गर्ने ठाउँ दिन्छ,” नेपाल बार एसोसियसनका महासचिव खम्मा खाती भन्छन्, “यसले न्यायालयप्रति जनआस्था स्वतः घट्छ ।”

पदीय हैसियत र प्रभाव न्यायिक वृत्तमा अर्थपूर्ण मानिन्छ । वरिष्ठ अधिवक्ताहरू सुरू अदालतमा हम्मेसी बहस गर्न नजाने प्रचलन छ । उच्च निष्ठावान र नैतिकवान कानुनकर्मीहरूले यो सीमा नाघ्दैनन् । उप्रेतीका अनुसार कानुनी अड्चनभन्दा पनि अदालतको न्यायिक निष्पक्षता नभत्कियोस् भन्ने मान्यताका आधारमा यस्तो आदर्श अभ्यास पछ्याइएको हो । वरिष्ठ अधिवक्ताहरू बहसका क्रममा उपस्थित हुँदा फैसलाकर्ता मानसिक दबाव/प्रभावमा पर्न सक्ने र त्यसले न्याय निरुपणमा आँच आउने सम्भावना रहन्छ । यति संवेदनशील बन्नुपर्ने निकायमा लेनदेनको भूमिकामा देखिएकाहरू पुग्नु ठूलो नैतिक प्रश्न हो । “नैतिकतालाई योग्यताको पहिलो मापन नमान्दा यस्तो समस्या देखिन्छ,” उप्रेती भन्छन् ।

खरेलपछिका कानुनमन्त्रीको पालामा उच्च अदालतमा ८० जना न्यायाधीश नियुक्ति गरेको विषय अहिले पनि सर्वोच्चमा निरूपण हुन बाँकी छ । १५ चैत ०७३ मा परेको यो मुद्दाको निर्णय सुनाउन मात्र बाँकी छ । ओमप्रकाश मिश्र, बमकुमार श्रेष्ठ र डम्बरबहादुर शाहीको इजलासले यो मुद्दालाई ११ माघमै निर्णय सुनाउने मिति तोकेको थियो । तर, डेढ महिना बिते पनि निर्णय सुनाएको छैन । “न्यायपरिषद्कै कतिपय निर्णय विचाराधीन रहेको बेला सर्वोच्चमा न्यायाधीश बनाउने भूमिकामा रहेका व्यक्ति महान्यायाधिवक्ता हुँदा स्वार्थ बाझिन सक्छ,” नेपाल बार एसोसियसनका पूर्वमहासचिव विजयप्रसाद मिश्र भन्छन् ।

न्यायाधीश नियुक्तिमा संलग्न व्यक्ति महान्यायाधिवक्ता हुने परम्परा विश्वमा कहीं पनि नहुने वरिष्ठ अधिवक्ता उप्रेती बताउँछन् । पूर्वमहान्यायधिवक्ता युवराज संग्रौलाका अनुसार भारत र अमेरिकामा कानुनमन्त्रीको न्यायाधीश नियुक्तिमा कुनै भूमिका हुँदैन । सभासद् कानुन निर्माण गर्ने तह हो । खरेल सभासद्समेत भएकाले कानुन निर्माणमा उनको भूमिका रह्यो । “कानुन पनि आफैं बनाउने, कार्यान्वयन पनि आफैं गर्ने नालायकपन विश्वमा कहीं हुँदैन,” बारका महासचिव थामी भन्छन्, “यस्तो कार्यले न्यायालयलाई विवादमा तान्छ ।”

विवादास्पद उदय

नैतिकताको सवालमा खरेलमाथि विगतमा समेत प्रश्न उठेको थियो । प्रसंग, खरेल दोस्रो पटक संविधानसभामा प्रवेश गर्दाको हो । भदौ ०७१ मा खरेललाई मन्त्रिपरिषद्ले सभासद्मा मनोनीत गरेको थियो । २६ जना मनोनीत गर्न पाउने त्यतिबेलाको संवैधानिक व्यवस्था अनुरुप नियुक्त हुने एक थिए, खरेल । उनको मनोनयन नै संवैधानिक मर्म र अदालतको आदेश विपरीत थियो ।

२९ वैशाख ०७१ मा सर्वोच्च अदालतले सरकारले मनोनीत गर्ने व्यक्तिहरू ‘गैर राजनीतिक’ हुनुपर्ने व्याख्या गरेको थियो । मनोनीत हुनेहरू कुनै दलविशेषसँग नजोडिएको हुनुपर्ने फैसलाको अन्तर्य थियो । रामकुमार प्रसाद साह र कल्याण श्रेष्ठको संयुक्त इजलासले ‘प्रत्यक्ष र समानुपातिकमा उम्मेदवार नभएकालाई मनोनीत गर्नु’ भनेको थियो । तर, खरेल त्यसअघि नै एमालेबाट समानुपातिक तर्फबाट सभासद् चुनिसकेका व्यक्ति हुन् । ०६४ को पहिलो संविधानसभामा उनी सभासद् बनिसकेका थिए । सोही आदेशले मनोनीतहरू निर्वाचित भएका दलीय प्रतिनिधिभन्दा फरक र विशिष्ट हुने भएकोले उनीहरूलाई संविधानसभाको वैठकमा छुट्टै कार्यकक्ष तथा बस्ने व्यवस्थाको बन्दोबस्त गर्न समेत भनेको थियो । आदेशमा भनिएको छ, ‘उनीहरूलाई संविधानसभाको वैठकहरूमा आफ्नो विवेकअनुसार काम गर्न दिनुपर्ने हुनाले तदनुकूलको छुट्टै कार्यकक्ष वा बस्ने व्यवस्था मिलाउनु ।’

तर, खरेलले राजनीतिमा फड्को मार्ने विवेक प्रयोग गरे । मनोनीत ‘झ्याल’बाट छिरेका खरेललाई मूलधारे राजनीतिमा मिसिन बेर लागेन । मनोनीत भएको एक हप्तापछि नै उनी एमाले संसदीय दलको प्रमुख सचेतक बने । जबकि, संवैधानिक व्यवस्थाअनुसार खरेल एमालेका सभासद् होइनन् । तत्कालीन अन्तरिम संविधानको धारा ६३ को उपधारा ३ (ग) मा ‘राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुर्‍याएका विशिष्ट व्यक्ति र प्रत्यक्ष तथा समानुपातिक निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट मनोनयन गर्नुपर्ने’ व्यवस्था थियो । तर, खरेलको मनोनयनमा तत्कालीन सरकारले सर्वोच्चको आदेश मानेनन् । प्रमुख सचेतक हुँदै खरेल कानुनमन्त्री बन्न सफल भए ।

कानुमन्त्रीको पदावधिभर खरेल ठूलो विवादमा तानिएनन् । तर, महान्यायधिवक्ता बनेपछि भने उनीमाथि नैतिक र आचरणजन्य पेचिलो प्रश्न उठेको छ । “कुन मुद्दा कसको बेन्चमा परेको छ । त्यही आधारमा कस्तो फैसला हुन्छ भन्ने पूर्वानुमान गर्न सकिने हालतमा न्यायालय पुगेको थियो । यस्तो बेला महान्यायाधिवक्ता आफैँले नियुक्त गरेका न्यायाधीशबाट कस्तो फैसला आउला अनुमान गर्न सकिन्छ,” उप्रेतीको विश्लेषण छ, “निष्पक्षता, तटस्थता र स्वायत्तता न्यायका खम्बा हुन् । यी खम्बामै धमिरा छिरेपछि न्यायालय आस्थाको केन्द्र बनेर कसरी सग्लो रुपमा उभिएला ? न्यायपालिका सत्तापक्ष बन्यो भने के होला ?” स्वेच्छाचारिता जन्मिने खतरा हुन्छ । ◆

कति खाँचो नयाँ शक्तिको ?

चुनावी पराजयको समीक्षामै दुईवटा बृहत् बैठक

■ माधव बस्नेत

जितेकाहरू ढुक्क हुन्छन्, हारेकाहरूलाई पीडा र हतारो बढी हुन्छ । यही कथनलाई पुष्टि गर्छ, बाबुराम भट्टराईको धपेडीले । ९-१२ फागुनमा आयोजित नयाँ शक्ति पार्टी नेपाल संघीय परिषद्को लुम्बिनी बैठक त्यसकै दृष्टान्त थियो ।

नयाँ शक्तिका ५ सय ८६ सदस्यको त्यो चौथो विस्तारित बैठकअघि १८-२० पुसमा त्यस्तै प्रकृतिको अर्को बैठक भइसकेको थियो । कास्कीको माछापुच्छे गाउँपालिका, ल्वाङ होमस्टेमा आयोजित महाधिवेशन आयोजक समिति बैठक पनि संघ, प्रदेश चुनावकै पराजयको समीक्षामा केन्द्रित रह्यो ।

ठूला दलहरूलाई चुनावी समीक्षामा घोत्लिने समय छैन, भट्टराईले भने दुई-दुईवटा बृहत् बैठक भ्याइसके । नयाँ शक्तिले संघीय संसद्मा प्रत्यक्षबाट एक र प्रदेश सभामा प्रत्यक्षबाट दुई तथा समानुपातिकबाट एक गरी चार सिट जितेको छ । जबकि, संघीय संसद्मा प्रत्यक्षतर्फ ८० र प्रदेश सभामा १ सय ६८ सिटमा जीत हासिल गरेको एमाले तथा केन्द्रीय संसद्मा २३ सिट प्रत्यक्ष र झन्डै सय सिट प्रदेशसभामा विजय हासिल गरेको नेपाली कांग्रेसले अझै पनि निर्वाचनको समीक्षा बैठक राम्ररी गरेका छैनन् । तर, राष्ट्रिय पार्टीसमेत बन्न नसकेको शक्तिले चाहिँ हतार-हतार किन राष्ट्रिय स्तरका भेला गरिरहेको छ त ?

"निर्वाचनमा नमीठो पराजय भोगेपछि भट्टराईजी हतोत्साहित हुनुहुन्छ," नयाँ शक्तिबाट माओवादी केन्द्रमा फर्किएका सांसद देवेन्द्र पौडेल भन्छन्, "हतप्रभ मनस्थितिलाई रूपान्तरण गर्न यस्ता कार्यक्रम गरेको हुनुपर्छ ।" ल्वाङ बैठकलाई नयाँ शक्ति पार्टीले 'डाइग्नोसिस' (रोग पत्ता लगाउने) र लुम्बिनी बैठकलाई 'अप्रेसन' (चिरफार/उपचार)को नाम दिएको थियो ।

लुम्बिनी बैठकमा त रोचकै भयो । अरू बेला मार्क्स, लेनिन, माओका 'कोटेसन' भट्याउने भट्टराई यसपटक बुद्धवाणी सम्झिरहेका थिए । बुद्धको भनाइबाटै बैठक आरम्भ गरे र समापन पनि । बैठकमा सहभागीलाई लुम्बिनी संकल्प ०७४ को सपथ खुवाउँदै भट्टराईले भने, 'आजभन्दा २५ सय वर्षअगाडि गौतम बुद्धले भन्नुभएको थियो- दुःख छ । दुःखको कारण छ । दुःखको निवारण छ । ज्ञान, शील र समाधिको अष्टमार्गबाट दुखको निवारण गर्न सकिन्छ ।' अनि थपे, 'देशमा समस्या छ । समस्याको कारण छ । समस्याको निवारण छ । नयाँ शक्तिका 'पाँच स'को मार्गबाट समृद्ध नेपाल निर्माण गर्न सकिन्छ ।'

खासमा पार्टी स्थापनायता स्थानीय हुँदै प्रदेशसभा र संघीय संसद्को निर्वाचनसम्म आइपुग्दा जुन बाटो अख्तियार गरिएको थियो, त्यो असफल भयो भन्ने निष्कर्षमा पुगेर नयाँ गन्तव्य तय गर्न भट्टराईले ल्वाङ र लुम्बिनीमा बैठक गरेको बुझ्न कठिन छैन । अर्थमन्त्री र प्रधानमन्त्री हुँदा गरेका कामले बनेको व्यक्तित्व, अन्तर्राष्ट्रिय छवि, योजना बनाउन सक्ने नेताको पहिचान आदि कारण एक्लै अघि बढे पनि आफू नेतृत्वको संगठन राष्ट्रिय पार्टी बन्छ भन्ने भट्टराईको आकलन थियो । तर, निर्वाचनसम्म आइपुग्दा उनको त्यो बुझाइले काम गरेको देखिएन । र, नै भट्टराई नयाँ योजना अघि सार्न छट्पटिएका हुन् ।

भट्टराई निकटस्थ नेता गंगा श्रेष्ठका अनुसार चुनावपछिको नयाँ परिस्थिति आकलन गर्दै संगठन निर्माणमा नयाँ प्रयोग गर्न लुम्बिनी बैठक गरिएको हो । "बैठकले भिजन पाँच र मिसन पाँच नामक सांगठनिक पुनर्गठन प्रस्ताव पारित गरेको छ," उनी भन्छन् "बैठकबाट हामीले विगतमा केही गल्ती भए भनेर स्वीकार गरेका छौं । तर, गल्तीको समीक्षा गरी नयाँ योजना र उद्देश्यसहित अघि बढ्ने निर्णय गर्नुलाई हतोत्साहित भएर यस्ता कार्यक्रम गरेको भनेर अर्थ लगाउनु भएन ।"

भट्टराईलाई माओवादी केन्द्रका नेताहरूले निरन्तर अस्वीकृत गर्दै आए । आफ्नो क्षमताको पूर्ण प्रयोग माओवादीको संरचनामा हुन नसक्ने ठहर गर्दै उनी असोज ०७२ मा पार्टीबाट

नाम फेर्ने कसरत

भन्न त भनिन्छ, 'नाममा के छ ?' तर, नामले नै संसारमा हरेक वस्तुलाई चिनाइरहेको हुन्छ । बाबुराम भट्टराई नेतृत्वको पार्टी पनि नयाँ शक्ति नेपालका नामले चिनिँदै आएको थियो । भट्टराईले *नेपाल साप्ताहिकमै खाँचो नयाँ शक्तिको'* शीर्षकमा लामो आलेख लेखेर नयाँ बहस छेडेका थिए । (हेर्नुस्, २५ फागुन ०७०)

त्यसको झन्डै डेढ वर्षपछि ९ असोज ०७२ मा उनले ३८ वर्षदेखि आबद्ध माओवादी पार्टी नै परित्याग गरिदिए । त्यसबेला भट्टराईले मुलुकमा अब नयाँ शक्तिको खाँचो रहेकाले त्यो निर्माण अभियानमा लाग्ने भनेका थिए । ३० जेठ ०७३ मा दशरथ रंगशालाबाट पार्टी घोषणा

लुम्बिनी संकल्प– २०७४ जारी गर्दै बाबुराम भट्टराई, १२ फागुन, लुम्बिनी

बाहिरिए । त्यसअघिसम्म संगठन प्रचण्डले हाँके पनि माओवादी भट्टराईकै वैचारिक मार्गमा डोरिएको थियो । उनकै 'रोडम्याप' अनुसार माओवादीको 'सेफ ल्यान्डिङ' भएको थियो । तर, नयाँ पार्टीको प्रभाव विस्तार सोचेअनुरूप बिल्कुलै हुन सकेन । आन्तरिक भन्दा बाह्य पक्ष प्रभावी भएकाले सोचेको स्तरमा पार्टी विस्तार हुन नसकेको पार्टीका नेताहरूको बुझाइ छ ।

पार्टी निर्माणको दुईवर्षे कार्यतालिका असफल भएको निष्कर्षमा पुगेर भट्टराईले अर्को निर्वाचनसम्मलाई लक्षित गरी पाँचवर्षे योजना अघि सारेका छन् । पाँच वर्षमध्ये पहिलो दुई वर्ष पार्टीलाई मजबुत बनाउन संगठन सुदृढ गर्ने, ७ सय ५३ वटै स्थानीय तहसम्म पुग्ने/कमिटी निर्माण गर्ने, महाधिवेशन गरी नयाँ नेतृत्व छनोट गर्ने, पार्टीको नाम बदल्ने, जतिसक्दो धेरै युवालाई पार्टी संगठनभित्र भित्र्याउने उसको योजना छ ।

त्यसपछिका दुई वर्षमा वैकल्पिक भनिने शक्तिहरूसँग कार्यगत, पार्टीगत एकता गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय मुद्दामा ठूलठूला आन्दोलन उठाउने र अन्तिम एक वर्ष अर्को निर्वाचनको तयारीमा घनीभूत रूपमा जुट्ने संकल्प लुम्बिनीको बैठकले पारित गरेको छ । साथै, पार्टीमा 'टल फिगर'भन्दा जतिसुकै बेला परिचालित हुन तयार युवा शक्तिलाई समेट्ने र उनीहरूलाई विश्वास गर्ने नीति पनि अघि सारेको छ । रामेश्वर खनाल, रामचन्द्र झा, देवेन्द्र पौडेल, गणेश राईलगायत 'टल फिगर'ले धोका दिएको निष्कर्षका साथ नयाँ शक्तिले युवालाई समेट्ने नीति अघि सारेको हो । "अब हामीलाई टल फिगरसँग धेरै विश्वास छैन । त्यही भएरै लुम्बिनी बैठकबाट ४० वर्षमुनिका ५३ प्रतिशत युवा केन्द्रीय समितिमा आएका छन्," नेता डम्बर खतिवडा भन्छन् "लुम्बिनी बैठकअघि केन्द्रीय समितिमा ४० वर्षमुनिका युवा २५ प्रतिशत मात्र थिए ।"

पाँच वर्षपछि पनि यही अवस्था कायम रहे के होला त भट्टराई नेतृत्वको पार्टी ? नेता खतिवडाका शब्दमा जनताले बहिष्कार गरिरहे भने त्यही संगठनलाई कुरेर बसिरहनुपर्छ भन्ने छैन । यसर्थ यसपछि उनीहरू पार्टी विघटन गर्न पनि तयार हुनेछन् । "अहिले हामीलाई मत नदिएका जनताले समेत तिमीहरू चाहिँदैन भनेका छैनन् । तिमीहरू ठीक छौ, सशक्त वैकल्पिक शक्तिका रूपमा आएका छौ । तर, पत्याइहाल्ने बेलाचाहिँ भएको छैन । हामीले कसीमा राखेका छौँ है भनेका छन्,' खतिवडा भन्छन्, "त्यसैले हामी अर्को चुनावसम्म हेर्छौं ।"

भट्टराईको पाँचवर्षे योजनामा एकपछि अर्को चुनौती थपिरहेका छन् । भट्टराईले जुन खाली ठाउँ देखेर वैकल्पिक शक्ति निर्माण गर्ने कदम चालेका थिए, त्यहाँ विवेकशील साझा पार्टीको पनि उदय भएको छ ।

बेला-बेलामा भट्टराईले चाल्ने कदमले पनि माओवादी केन्द्रको आरोपलाई अझै मजबुत बनाइरहेको छ । स्थानीय निर्वाचनदेखि संघीय संसद्को निर्वाचनसम्म आइपुग्दा भट्टराईले चारवटा पार्टीसँग तालमेल गर्न पुगे । यही कारण पनि आफ्नो पक्षमा जनलहर घटेको निष्कर्षमा पुगेका छन् पछिल्ला दिनमा । माओवादी नेता पौडेलका शब्दमा केही न केही तुरूप फालेर चर्चामा आइरहने बाबुराम भट्टराईको स्वभाव छ ।

के त्यसो भए भट्टराईले दोस्रो योजना पनि जोखिमकै चालेका हुन् त ? कार्यकारी सदस्य श्रेष्ठ स्वीकार्छन्, "राजनीतिक योजना जहिले पनि जोखिममै हुन्छ । मुलुकलाई नयाँ विचार, नयाँ योजना दिन हामीले जोखिमकै यात्रा गरिरहेका छौँ । यस्तो यात्राको सुरूमा जो कोहीले आलोचना गर्छन् र अन्त्यमा मात्र समर्थन गर्छन् ।" ◆

गर्दा उनले त्यसको नाम नै नयाँ शक्ति पार्टी नेपाल राखेका थिए ।

लुम्बिनी बैठकबाट पार्टीले आफ्नो नाम फेर्ने विषय सार्वजनिक गरेको छ । एक वर्षभित्र प्रथम राष्ट्रिय महाधिवेशन गरिसक्ने र त्यहीँबाट नाम परिवर्तन गर्ने निर्णय भएको डम्बर खतिवडा बताउँछन् । जुन नामले अहिलेसम्म त्यो पार्टी स्थापित भयो, त्यसलाई किन फेर्नुपर्‍यो त ?

"स्थापनाको एउटा अवधिसम्म यो पार्टी नयाँ थियो, त्यसैले नयाँ शक्ति नाम राख्नु उचित नै थियो," गंगा श्रेष्ठको कथन छ "स्थापनाको चार/पाँच वर्षसम्म पनि तिमीहरूको पार्टी नयाँ भइरहन्छ भनेर भोलि कसैले प्रश्न सोध्यो भने के जवाफ दिने ? त्यसैले महाधिवेशनसम्म पुग्दा पार्टीले बोकेको विचारधारालाई सही ढंगले विम्बित गर्ने गरी नाम परिवर्तन गर्न लागेका हौं ।"

नयाँ नाम के जुराउने ? कोही पनि टुंगोमा पुगिसकेका छैनन् । एक वर्षसम्म सर्वसाधारणका बीचमा र त्यसपछि महाधिवेशनको हलमा बहस गरेर नाम जुराउने नेताहरूको भनाइ छ । नवसमाजवादी पार्टी, समाजवादी एकता केन्द्र, नेपाल श्रमिक पार्टी, नेपाल विकल्प पार्टी जस्ता नाममा अहिले छलफल चलिरहेको छ । "अहिले छलफलमा रहेका तीन/चारवटा नाममध्ये कुनै एक राखिन्छ," महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेज परिमार्जन समितिका सदस्यसमेत रहेका खतिवडा भन्छन् "हामीले अन्य पार्टीभन्दा बढी प्रगतिशील, लोकतान्त्रिक र सुशासित धार निर्माण गरिरहेकाले नाम पनि त्यही सुहाउँदो हुनेछ ।"

विशेष महाधिवेशन गर्दैमा विशेष नेता आउँछन् ?

तस्बिर : रवि मानन्धर

चुनाव त कांग्रेसले विसं २०५१ र ०६४ मा पनि हारेकै थियो, तर यसपल्टको पराजय उसको सांगठनिक मनोविज्ञान खलबल्याउन पर्याप्त रह्यो । सभापति, महामन्त्रीलाई छाड्ने हो भने अधिकांश शीर्षस्थ र प्रभावी भनिएका नेताहरूले जनमत गुमाउन पुगे । पार्टी र सरकारको नेतृत्वकर्ताका रूपमा यसको अपजस शेरबहादुर देउवालाई गयो । देउवानिकटस्थ नेता **विमलेन्द्र निधि**सँग यिनै सेरोफेरोमा **बसन्त बस्नेत**का प्रश्नहरू :

चुनावी पराजयपछि कांग्रेस वृत्तमै नेतृत्वको चर्को आलोचना भइरहेको छ नि ?

लोकतन्त्रवादी पार्टी भएकाले पराजय स्वीकार गर्छौं । अहिले त्यसैको समीक्षा गर्ने काम चलिरहेको छ । यसका लागि पार्टीको बैठक पनि बस्छ ।

नेतृत्व कमजोर र दिशाहीन हुनु नै हारको कारण हो भन्नेमा पार्टीकै नेताहरू पनि छन् । तपाईंको के टिप्पणी छ ?

मैले एक्लै टिप्पणी गर्नुभन्दा पहिले देशभरिबाट आउने रिपोर्ट हेरेर भन्नुपर्ने हुन्छ । अहिल्यै टिप्पणी गर्नु हतारो हुन्छ ।

वरिष्ठ नेता रामचन्द्र पौडेलले त सभापति देउवालाई चिठी नै दिइसक्नुभयो !

रामचन्द्रजीले चिठी बाँडेर असान्दर्भिक र अनर्गल काम गर्नुभयो । संविधान घोषणा हुँदा पार्टी सभापति तथा प्रधानमन्त्री सुशील कोइराला हुनुहुन्थ्यो । देउवाजी महाधिवेशनबाट सभापतिमा चुनिएपछि माओवादीसँग सहकार्य गरी मधेसवादी दलहरूको माग सम्बोधन गर्ने प्रयास भयो । यो प्रयासमा रामचन्द्रजीलगायत नेतृत्व तह निर्णायक भूमिकामै छ । शेरबहादुरजी वा रामचन्द्रजीले एक्लै गरेको होइन । स्थानीय तहको उम्मेदवार चयन पनि सहमतिमै भयो । अहिले चुनाव परिणाम सोचेजस्तो आएन भनेर भन्न मिल्छ ?

तर आइजीपी काण्डलगायत सत्तामा बसेर लिएका निर्णयहरूमा देउवा चुक्नुभएको उहाँहरूको आरोप छ नि ?

रामचन्द्रजीले आइजीपीको कुरा उठाउँदा मलाई हाँसो उठ्छ । बरु मैले फरक मत राखेको थिएँ, त्यसमा । रामचन्द्रजीले कहाँ फरक मत राख्नुभयो ? अहिले आएर भन्न मिल्छ ? यो आडम्बरी कुरा हो । रामचन्द्रजी, प्रकाशमान, शशांक कोइराला सबै एउटै विचार राख्नुहुन्थ्यो, शेरबहादुरजीजस्तै ।

प्रकाशमान सिंहको पनि विरोध छ !

त्यही त । त्यसबेला उहाँ कहाँनेर फरक हुनुहुन्थ्यो ? अहिले किन फरक कुरा आइरहेको छ ? मेरो कुरा त भएको छैन, तर केही अनुमान लगाउन सक्छु । मान्छेका अनेक आकांक्षा हुन्छन् । उहाँको पनि नेतृत्वमा आउने, सभापति बन्ने आकांक्षा होला । तर त्यो नेपाली कांग्रेसलाई नयाँ दिशा दिने, रुपान्तरण गर्नेभन्दा पनि आफूलाई केन्द्रमा राखेर हेर्नेमात्रै आकांक्षा छ ।

युवा नेताहरूले विशेष महाधिवेशन माग्दै अभियानै चलाइरहेका छन् । विरोध

झन् बढ्दै छ, होइन ?

उहाँहरू (रामचन्द्र, प्रकाशनमान) लाई मात्रै किन भनुँ ! युवा पुस्ताले पनि त्यही गरिरहेका छन् । पदीय आकांक्षा हो, नेतृत्वमा पुग्ने । उहाँहरूले के बुझ्नुपर्छ भने विशेष महाधिवेशनले विशेष नेतृत्व जन्माउन सक्दैन । अब के विशेष महाधिवेशन भन्दै विशेष नेता उत्पादन गर्ने ? महाधिवेशन प्रतिनिधिहरू प्रत्येक निर्वाचन क्षेत्रबाट १२ जना आउँछन् । पहिले २४० क्षेत्र थिए, अब १६५ । हाम्रो ध्यान कता हुनुपर्छ भने- अहिलेसम्म नयाँ निर्वाचन क्षेत्रअनुसार महाधिवेशन प्रतिनिधि चुन्ने क्रम सुरु भएकै छैन, पुरानै २४० अन्तर्गतका छन् । तिनले शेरबहादुर देउवालाई सभापति चुने । पुरानै महाधिवेशन प्रतिनिधि लिएर विशेष महाधिवेशन गरे पनि नेता त पुरानैले जित्छन् । त्यसैले पढे-लेखेको युवा पुस्ता, लेखक, स्तम्भकारहरूले यस्तो प्याजको बोक्राजस्तो तर्क नगरेकै राम्रो ।

उसो भए नेतृत्व यही राखेर अघि बढ्ने ?

नयाँ नेतृत्व चुन्ने कुरामा मेरो रुचि छ । तर, त्यो १४औं महाधिवेशनबाट मात्रै आउँछ । विशेष महाधिवेशनले नयाँ नेतृत्व ल्याउन सक्दैन । प्रतिनिधि पुराना राखेर नयाँ नेता चुन्न सकिन्न ।

यही कुरा युवा पुस्तासँग प्रभावकारी संवादमार्फत लगे भइहाल्यो नि ?

हो, संवादको अभाव छ । अबको राजनीतिमा कांग्रेसको भूमिका के हुने भन्नेमा पूरा संवादको आवश्यकता छ । नयाँ सन्दर्भमा कांग्रेसको रुपान्तरण गर्ने हो भने नेता र कार्यकर्ताबीचको संवाद, कार्यकर्ता र सदस्यहरूबीचको संवाद चाहिएको छ । दल र जनताबीचको संवादमा कमी आएको छ । अहिलेसम्म शान्ति प्रक्रिया टुंग्याउने र संविधान बनाउने क्रममा नेता-नेताहरू, अनि अन्तर्राष्ट्रिय समुदायबीचमात्रै संवाद भयो । अब नेता-कार्यकर्ता, अनि जनतासँगको संवादमा जोड दिनुपर्छ ।

देउवा संसदीय दलको नेता बन्न हुँदैन भन्ने आवाज पार्टीभित्रै उठिसकेको छ नि ?

कुनै पनि नेता निर्विकल्प हुँदैन, तर नेतृत्व चुन्ने निकाय को हो, यसमा प्रष्ट हुनुपर्‍यो । सभापति चुन्ने महाधिवेशनले हो, नेता चुन्ने संसदीय दलले हो । अब संसदीय दलमा देउवाको बहुमत छ । उहाँले आफू बन्दिनँ भन्नुभयो भने पनि त्यो मान्छे नेता बन्छ, जसलाई उहाँ नेता बनाउन चाहनुहुन्छ ।

> **कुनै पनि नेता निर्विकल्प हुँदैन, तर नेतृत्व चुन्ने निकाय को हो ? यसमा प्रष्ट हुनुपर्‍यो । सभापति चुन्ने महाधिवेशनले हो, नेता चुन्ने संसदीय दलले हो । अब संसदीय दलमा देउवाको बहुमत छ । उहाँले आफू बन्दिनँ भन्नुभयो भने पनि त्यो मान्छे नेता बन्छ, जसलाई उहाँ नेता बनाउन चाहनुहुन्छ**

देउवालाई सभापति अनि प्रधानमन्त्री बनाउन दिलोज्यान दिनुभयो, तर तपाईंलाई उपसभापति बनाउने भनेर अहिलेसम्म बनाइएन नि ?

थाहा छैन । उहाँले किन दिनुभएन, उहाँलाई थाहा होला । मैले आशा गरेको थिएँ, चुनावको उम्मेदवार छनोट सकिएपछि यो भइहाल्छ । यसमा रामचन्द्रजीको पनि बाधा थियो भन्ने लाग्छ । उपसभापति, महामन्त्री र सहमहामन्त्रीमध्येबाट एउटा पाउनुपर्‍यो भन्ने उहाँको भनाइ छ । शेरबहादुरको भनाइ थियो, किन दिने ? किनभने उहाँहरूको तर्फबाट महामन्त्री पनि निर्वाचित भएरै आएको हो । पदाधिकारी गन्ने हो भने उहाँहरू बहुमतमै हुनुहुन्छ । सभापतिले आफू अल्पमतमा पर्ने गरी पद बाँडफाँट त गर्दैन नि ।

आइजीपी काण्डपछि देउवासँग तपाई अलि घामछायाँमा हो ?

यसबारे अनेक बुझाइहरू हुन सक्छन् । तर म केही टिप्पणी गर्दिनँ । आइजीपी काण्ड सकिएपछि नवराज सिलवालले चुनावबाट सांसद जित्नुभयो । अर्को प्रसंगमा विवादमा आए पनि कैलालीमा रेशम चौधरीले चुनाव जिते । उहाँहरूलाई अब सांसद बन्न रोक्नुहुँदैन । मेरो यतिमात्रै भनाइ छ । अरू केही छैन ।

रेशमलाई त कैलाली जिल्ला अदालतले थुनामा राख्ने आदेश दिइसक्यो नि ?

अदालतले आफ्नो काम गर्ला । मैले राजनीतिक धारणा राखेको हुँ । जघन्य किसिमको अपराध पुष्टि भयो भने कानुनको कुरा हेर्नैपर्छ । नत्र त जनताको आदेशलाई मान्नैपर्छ । जनप्रतिनिधि भइसकेपछि अपराधमा संलग्न हुनु एउटा कुरा हो, तर विगतको घटनालाई लिएर चुनावपछि कुरा गर्ने कि नगर्ने ? जनताले त उनको पक्षमा फैसला दिए । विगतका क्रियाकलापलाई लिएर चर्चा गर्नुभन्दा राजनीतिक व्यवस्थापन गर्नु उचित हुन्छ भन्छु म । त्यस्तो नहुने हो भने माओवादीका धेरै नेताहरू थुनामा बस्नुपर्ने हुन्छ, उनीहरू शपथग्रहणबाट वञ्चित हुनुपर्ने हुन्छ । त्यसैले म यसलाई अराजनीति भन्छु । मलाई लाग्छ, यो धारणा अल्पमतमा पर्न सक्छ ।

मधेसलाई आफ्नो आधार मान्नुहुन्थ्यो । किन त्यहाँ यो स्तरको क्षति भोग्नुपर्‍यो कांग्रेसले ?

हामीले मधेसका जनतालाई धेरै कुरा बुझाउन सकेनौं । मधेसको हित र पहिचानसँग सम्बन्धित मुद्दामा उपल्लो तहमा क्रियाशील भयौं, तर तल जनतासँग गएर संवाद गर्न सकेनौं ।

संविधान संशोधनको औचित्य अझै देख्नुहुन्छ ?

औचित्य छ । यो मात्रै होइन, अनेकौं पटक संशोधन गर्नुपर्ने हुनसक्छ । निर्वाचन क्षेत्र निर्धारणलगायतका मागहरू अहिले पनि जायज छन् । जनसंख्याका आधारमा निर्वाचन क्षेत्र हुनुपर्छ भनेर बीपी कोइरालाले पटक-पटक भन्नुभएको छ । प्रदेशहरूको निर्माण पनि संघीय सिद्धान्तअनुरूप हुन सकिरहेको छैन । प्रदेशहरूलाई दिइएको अधिकार पनि पर्याप्त र पूर्ण छैन । संघीयता अभ्यासका क्रममा स्थानीय तह, प्रादेशिक तह र केन्द्रबीच संस्थागत द्वन्द्व हुने खतरा त्यत्तिकै छ । प्रदेश सरकारको मातहतमा 'ल एन्ड अर्डर' लागू गराउने अख्तियारी दिइएको छैन । हरेक प्रदेशमा प्रहरीको आफ्नो छुट्टै संगठन हुनुपर्छ । नियुक्ति र खारेजीको अधिकार प्रदेशलाई नै चाहिन्छ । यो तत्काल गर्नुपर्ने काम हो । तर संघीय प्रणालीमै विश्वास नगर्ने पार्टीहरूको वर्चस्व सरकारमा भएको छ । लोकतान्त्रिक प्रणालीबाट निर्वाचित भएर उनीहरू संघीय सरकारको नेतृत्वमा छन् । विचित्रको विरोधाभास छ ।

भनेपछि आउने दिनहरू त्यति सहज छैनन् ?

पक्कै । तर सजिलो देख्ने बानी गर्नु पनि हुन्न । ल, बर्बाद भयो भन्ने स्थिति पनि होइन । कतिपय कुराहरू सजिला हुँदैनन्, तर व्यवस्थापन गर्नैपर्छ ।

वाम सरकार आएको छ । अब भू-राजनीतिक व्यवस्थापनचाहिँ कसरी होला ?

भारतले 'नेबरहुड फस्ट' (छिमेकी पहिले) नीति लिएको छ । चीनले त्यही कुरालाई फरक ढंगबाट 'वन बेल्ट वन रोड' शब्दबाट अघि बढायो । चिनियाँ कम्युनिस्ट पार्टीको महाधिवेशनबाट सी जिनपिङ झन् शक्तिशाली बनेपछि दल र देशलाई उस्तै हैसियतमा व्यवहार गर्ने भन्न थालेका छन् । र, यहाँ दुईवटा कम्युनिस्ट पार्टी एकता गर्ने भनेर सरकार पनि बनाएका छन् । यदि चीनले भनेजस्तै अवस्था आउने हो भने नेपाललाई झन् गाह्रो पर्नेछ । ◆

अच्युत वाग्ले

कांग्रेस : देउवासहित कि

संघीय स्वरूपको पहिलो निर्वाचनमा लज्जास्पद हार बेहोरेपछि नेपाली कांग्रेसभित्र अद्वितीय अन्योल छ । प्रमुख प्रतिपक्षको भूमिका बल्लतल्ल जोगिएको छ । प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाहरूको अंकगणितीय दृष्टिमा, प्रतिपक्ष पनि अत्यन्तै निम्छरो हैसियतको मात्र बाँकी रहेको छ । आधुनिक इतिहासको अत्यधिक समय नेपाली राजनीतिको निर्धारक शक्ति रह्यो कांग्रेस । विसं २००७ को क्रान्ति, ०१५ को पहिलो संसदीय चुनाव, ०१७ को 'कू', ०३६ को जनमतसंग्रह, ०४६ को प्रजातन्त्र पुनर्स्थापना, ०६२/६३ को जनआन्दोलन, ०६३ को बृहत् शान्ति सम्झौता, ०७२ को संविधान घोषणासम्मका सबै घटनामा यो दल आफैँ कारक नभए पनि निर्णायक कारण बनेको छ । भर्खरै सम्पन्न तीनवटै तहको चुनाव कांग्रेसकै नेतृत्वमा सफल हुनु पनि कम महत्त्वको उपलब्धि होइन ।

फसेको बहस

यतिखेर, कांग्रेस सुधारको बहस चलिरहेको छ । यो ऐतिहासिक राजनीतिक दल अब के गर्ला ? कसरी पुनर्जागृत होला ? आम चासोको विषय छ । प्रतिपक्षी र प्रतिस्पर्धी शक्तिहरू पनि कांग्रेसको सम्भावित पुनर्जागरणलाई खास रुचिका साथ नियालिरहेका छन् । तर, दुर्भाग्यवश, कांग्रेसको सुधार र पुनर्जागरणको सिंगो र विहंगम मुद्दा 'देउवा कांग्रेस कि देउवारहित कांग्रेस ?' भन्ने अत्यन्तै संकीर्ण चेपुवामा गएर फसेको छ । केन्द्रीय समिति बैठकमा रामचन्द्र पौडेल र प्रकाशमान सिंहलगायतको सभापति देउवासँग भनाभन भएका समाचार बाहिर आएका छन् । सिंहले संसदीय दलको नेताको चुनावमा देउवालाई चुनौती दिने घोषणा गरेका छन् । र, देउवा आफ्ना समर्थकहरू गनेर लगभग अविचलित बसेका छन्, कम्तीमा संसदीय दलको नेता चुनिने कुरामा ।

देउवा विरोधीहरूको अहिलेको अभिव्यञ्जना हो, उनी पदबाट हट्नु कांग्रेस सुधारको एकल सर्त हो । अथवा, अहिलेको कांग्रेसको दुर्दशाको एकल दोषी उनी र उनी मात्रै हुन् । निश्चय नै, सभापति र प्रधानमन्त्रीका रूपमा अहिलेको अवस्थाको नैतिक र राजनीतिक मूल भागिदारी उनकै हो । तर, उत्तिकै निश्चित के हो भने, उनी कथंकदाचित सभापतिबाट हट्न तयार भए भने पनि कांग्रेस सुधारको बाटोमा एक इन्च पनि अघि बढ्ने सम्भावना छैन । पौडेल, सिंह वा कुनै एक कोइरालालगायतका देउवा विरोधीहरूले कसैगरी (जुन अहिले सम्भव देखिँदैन) दलको नेतृत्व लिए पनि कांग्रेसको नियति अहिलेको भन्दा फरक हुने छैन । यसका लागि अलग र आधुनिक दृष्टिकोण नै चाहिन्छ । तर, सुधारको नाममा देउवालाई उछिट्याउन चाहनेहरूसँग पनि कांग्रेसलाई आधुनिक शक्तिमा रुपान्तरण गर्ने कुनै कार्ययोजना, श्वेतपत्र वा परिभाषित मार्गचित्र छैन । पौडेल, सिंह वा युवा पुस्ताकाहरूले आलोचनाको कुनै सैद्धान्तिक र बौद्धिक आधार प्रस्तुत गर्न सकेका छैनन् । पदबाट हत्याउने र पदमा पुग्ने होडका बीच गाँड कोराकोर मात्र भइरहेको छ । प्रतिस्पर्धामा उत्रन चाहने पात्रहरूले मुलुकको राजनीति, संघीयता, अर्थतन्त्र, दल उत्थानको कार्ययोजना र प्रतिपक्षका रूपमा कांग्रेसको भावी भूमिका आदि कुनै पनि विषयमा आफ्नो एजेन्डा, दूरदृष्टि र कार्यशैली देउवाको भन्दा कसरी फरक हुन्छ, प्रस्ट्याउन पटक्कै सकेका छैनन् । यही कारण सभ्य र तार्किक बहस हुनुपर्ने ठाउँमा झगडा भइरहेको छ । र, यसको फाइदा वास्तवमा देउवालाई नै पुगेको छ ।

कांग्रेस जति नै खुम्चिएको किन नहोस्, यसको अस्तित्व शून्यमा नै झरिसकेको छैन । र, बाँकी रहेको कांग्रेसभित्र, कसैले रुचाए वा नरुचाए पनि, देउवा आफूलाई अझै निकै सुविधाजनक अवस्थामा राखिराख्न सफल छन् । उनले कसैलाई काखा वा कसैलाई पाखा गरे भन्ने लेखाजोखाको विषय बेग्लै हो । वैधानिक रूपले पनि सभापतिबाट हटाउन उनैले नचाहुन्जेल सहज छैन । सबै अव्यवस्थाको नैतिक जिम्मेवारी एक्लै लिएर उनले पद छाडिहाल्ने कुरा पनि अहिलेलाई कल्पना बाहिरकै हो । दललाई सम्पूर्ण रूपले आफ्नो नियन्त्रणभित्र ल्याउने र आलोचकहरूलाई ढिम्कनै नदिएर 'देउवा कांग्रेस' मात्र बचाइराख्ने सभापतिको योजना र 'देउवारहित कांग्रेस' बनाउने उनका विपक्षीहरूको विपरीत ध्रुवीय अभियान नै वास्तवमा कांग्रेस सुधारका मुख्य बाधक हुन् । यस्तो निषेधको राजनीतिले केही समय तरंग ल्याउला । तर, निकास पहिल्याउँदैन । निकासको कदम, फेरि पनि वैचारिक तहबाटै, सम्पुष्ट शास्त्रार्थका साथ सुरु नभई कांग्रेस अघि बढ्नै नसक्ने अवस्थामा आइपुगेको सत्य हो । खासगरी, कांग्रेसको राजनीतिक औचित्य समाप्त भएको बहस विपक्षी शक्तिहरूले पस्केका बेला उसले युगसापेक्ष वैचारिक आधारहरू परिभाषित नगरी उम्कन र उक्सन सक्ने अवस्था छैन । यही नैतिक/वैचारिक पक्षमा कांग्रेस सर्वथा खोक्रो देखिएको छ । अरू धेरै गैरलोकतान्त्रिक शक्तिहरू कांग्रेसको आधारभूत मान्यताको, बालिग मताधिकारमा आधारित संसदीय

देउवारहित ?

लोकतान्त्रिक पद्धति स्वीकार्न आइपुगेकाले उसको वैचारिक आधारको उपयुक्तता पुष्टि भएको तर्क गरेर रमाउन नसकिने होइन। तर, यो अहिलेसम्मको अवस्था हो। भोलिको पार्टी संगठन, राज्य सञ्चालन र जनताको समृद्धिका आवश्यकता सम्बोधन गर्न अद्यावधिक सूचना एवं ज्ञान, वैचारिक आधार, विवेक र नैतिक प्राधिकार नभई हुँदैन। कांग्रेसले यी अपरिहार्यतातर्फ बिल्कुलै ध्यान दिएको छैन। कुनै पनि तथाकथित पुस्ता यसमा अपवाद छैन।

नेतृत्व पुस्ता

देउवा र पौडेलको पुस्ता (प्रतिनिधि पात्रका रूपमा नाम लिइएको हो) वैचारिक र नैतिक दुवै दृष्टिले निकम्मा भइसकेको छ। पार्टी, मुलुक र समाजलाई अगाडि बढाउन आवश्यक इच्छासूची त उनीहरू कनिकुथी भन्न सक्लान्। तर, ती आकांक्षाहरू कसरी पूरा गर्न सकिन्छ भन्ने कुनै रणनीति उनीहरूसँग छैन। रणनीतिको के कुरा, सामान्य सूचना र जानकारी पनि छैन। वर्तमान विश्व व्यवस्था, संसारमा भइरहेका विकास र समृद्धिको बहसका बान्कीहरूदेखि मुलुकले अवलम्बन गरेको संघीय प्रणालीका वास्तविक सबलता वा जोखिम, चरम संकटोन्मुख भइसकेको मुलुकको अर्थ-सामाजिक संरचनाबारे यी 'नेतृत्वकर्ताहरू'को कुनै धारणा, विचार वा समाधान छैन। ५० वर्षअघि सिकेका केही शब्दावलीहरूलाई दोहोर्‍याएर उनीहरूका भाषण, अन्तर्वार्ता जेनतेन धानिएका छन्। सिर्जनशीलता र सिक्ने जाँगर छैन। हप्काएर चल्छ भन्ने अनौठो मनोविज्ञान हावी छ। हिजोको त्यागका कथामा चरम पदलोलुपता, स्वार्थ र चलखेलको गहिरो खग्रास लागेको छ। दशकौं यता यो सिंगो पुस्ताले आफ्नो ज्ञानलाई वर्तमान सुहाउँदो र भविष्यलाई उपयोगी बनाउने एउटा पनि पुस्तक वा आलेख छिचोलेको छैन। यस्तो नैतिकता वा वैचारिक क्षमताको प्रश्न उठाउनेहरूलाई व्यावहारिक राजनीति नबुझेको आफ्नो विरोधीको संज्ञा दिन उनीहरू संकोच मान्दैनन्। दाबीका साथ के भन्न सकिन्छ भने, यो पुस्ताले पछिल्ला पुस्ताले अनुसरण गर्न लायक ज्ञान, विचार र नैतिकताको एउटै मानक र उदाहरण पनि जोगाउन सकेको छैन। कांग्रेस अधोगतिको मूल कारण र समाधानको उपाय पनि यिनै कटु वास्तविकताको वरिपरि छ। तर, यो चुनौतीको नजिक कोही पर्न चाहेको छैन।

> कांग्रेस जति नै खुम्चिएको किन नहोस्, यसको अस्तित्व शून्यमा नै झरिसकेको छैन। र, बाँकी रहेको कांग्रेसभित्र, कसैले रुचाए वा नरुचाए पनि, देउवा आफूलाई अझै निकै सुविधाजनक अवस्थामा राखिराख्न सफल छन्।

राजकुमार पुस्ता

कांग्रेस स्थापनाकालका ठूला नेताका सन्ततिहरूबाट पार्टीभित्र र आम जनताको पंक्तिले ठूलो आशा गर्‍यो। विश्वास र भरोसा अझै गरिरहेको छ। खासगरी बीपी कोइरालाका छोरा शशांक (पहिले प्रकाशलाई पनि), गणेशमान सिंहका छोरा प्रकाश र महेन्द्रनारायण निधिका छोरा विमलेन्द्रले पार्टीलाई भविष्यमुखी नेतृत्व दिनसक्नु पर्ने हो। वैचारिक क्षितिज, नैतिक धरातल र सांगठनिक गतिशीलता, तीनवटै पक्षमा कसैको पिछलग्गु हुनुपर्ने कारण उनीहरूलाई थिएन। उनीहरूले पटकपटक आफूलाई प्रमाणित गर्ने अवसर पाए, पाइरहेका छन्। तर, ज्ञान, व्यवहार र परिणाम दिने कुरामा उनीहरू पनि देउवा-पौडेल पुस्ताभन्दा अलिकति पनि फरक देखिन सकेनन्। पार्टीको दर्शन, राज्य वा शासकीय प्रणाली, अर्थतन्त्र, कुटनीति आदि कुनै पनि विषयमा पाँच मिनेट सार्थक छलफल गर्न उनीहरूसँग पनि सकिँदैन। अध्ययन, विनम्रता र खुला बहसको सट्टा चुलिएको अहम्को पर्खालभित्र थुनिन उनीहरूलाई पनि प्रिय लागेको छ। आधुनिक पढलेखको त कुरै भएन, 'अब कसैको कुरा नसुने पनि पुग्छ' वा 'हामीलाई सिकाउने त्यो को हो ?' भन्ने भावभंगीमामा उनीहरू प्रस्तुत हुन्छन्। यसले कांग्रेसलाई भविष्यविहीन बनाउन ठूलै 'योगदान' गरेको छ।

युवा पुस्ता

सबैभन्दा दयनीय अनुहार तथाकथित युवा भनिएको र अब नेतृत्व लिन तयार हुनुपर्ने पुस्ताले देखाएको छ। यो पुस्ता पनि अघिल्ला दुई पंक्तिभन्दा फरक हुन नसक्नु सर्वाधिक दुःखद हो। अध्ययन, ज्ञान, विचार र भविष्यको दृष्टिलाई आकार दिने मामिलामा पार्टीको मूलधारमै पुगेको र नेविसंघ वा तरूण दलजस्तो नेता उत्पादन हुने संरचनाहरूमा क्रियाशील युवाहरूको निर्णायक उपस्थिति र भूमिका देखिनुपर्ने हो। यो घडीमा युवा नेतृत्वले प्रस्तुत गर्ने पार्टी, राज्य र मुलुकी अर्थराजनीति सञ्चालनका वैकल्पिक खाका देउवादेखि विपक्षी शक्तिहरूसम्मले पन्छाउन र टार्न नसक्ने बलशाली र सम्पुष्ट हुनुपर्ने हो। नैतिकता र आदर्शको कुरा त यो पुस्तासँग गर्नै निरर्थक हुन्छ। किनभने, यो विगत अढाई दशकयता जतिसक्दो छिटो सत्तामा पुगेर शासकीय सुखभोग गर्न राजनीतिमा आएको पुस्ता हो। अघिल्लो पुस्ताले त्यसै गरेको देखेर, र्‍याल काढ्दै हुर्किएको हो। तर, पदमै पुग्ने सपना पूरा गर्न पनि अब चाप्लुसी र बाहुबली राजनीतिले मात्र पुग्दैन भनेर नबुझ्नुचाहिँ मूर्खता नै हो।

सारमा, तत्काललाई कांग्रेस सुधारका तीनवटा मात्र बाटा छन्। पहिलो, विरोधी आवाजलाई कुल्चेरै अघि बढ्ने देउवाको राजनीति र देउवालाई झुकाएर पार्टीबाहिर हुत्याउने दुवै प्रयासले कुनै परिणति ल्याउँदैन। त्यसैले, दुवै धारले सहअस्तित्वको रणनीति अपनाउनुको विकल्प छैन। दोस्रो, कांग्रेस सुधारको आवश्यकता, स्वरूप र मार्गचित्र साझा स्वामित्वको बनाउनुको विकल्प पनि छैन। यही क्रममा चरम अक्षम र अनैतिकहरू किनारा लाग्ने वातावरण क्रमशः निर्माण गर्नुपर्छ। र, तेस्रो कांग्रेसको ध्यान अब सदन र मुलुकभरि कसरी प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्ने भन्नेतर्फ केन्द्रित हुनु आवश्यक छ। यसले कांग्रेसको हित गर्छ नै, सिंगो लोकतन्त्र पनि लाभान्वित हुनेछ। ◆

वाम सरका

नयाँ मन्त्रिपरिषद्का लागि अवसरभन्दा चुनौतीका चाङ बढी

बाबुराम विश्वकर्मा

तस्बिर : शालिग्राम तिवारी

वाम सरकारको नेतृत्व गरेको झन्डै तीन साता नाघ्दासम्म प्रधानमन्त्री केपी ओली सात सदस्यीय मन्त्रिपरिषद्को भरमा काम चलाइरहेका छन् । कारण प्रष्ट छ- ढिलै होस् तर मन्त्रिपरिषद्को अनुहार विगतको भन्दा भिन्न र गतिलो होस् ।

प्रधानमन्त्री हुनुअघि ओलीको चुनावी दौड र त्यसपछिको राजनीतिक व्यस्तता चुलिएको थियो । सत्तारोहणपछि उनले आफू विस्तारै सही तर परिपक्व तरिकाले अघि बढ्न खोजेको सन्देश दिएका छन् । आफू प्रधानमन्त्री भएको आठ दिनपछि उनले विस्तार गरेको मन्त्रिपरिषद्मा भरसक विगतका दागी अनुहारलाई ठाउँ दिएनन् । आफू प्रधानमन्त्री भएकै दिन ३ फागुन ०७४ मा उनले लालबाबु पण्डितलाई जनसंख्या तथा वातावरणमन्त्री अनि थममाया थापालाई महिला, बालबालिका तथा समाजकल्याणमन्त्री बनाएर फरक सन्देश दिए ।

मन्त्रिपरिषद्मा सुरुमै पण्डितलाई सहभागी गराइएकाले आश मरिसकेको नेपाली समाजलाई उत्साहित बनाएको छ । अघिल्लो पटक ओली नेतृत्वको सरकारको सामान्य प्रशासनमन्त्री हुँदा पण्डितले डीभी/पीआरधारी कर्मचारीविरुद्ध गरेको कारबाहीले उनको लोकप्रियतामात्रै बढाएन, उनलाई चाहनेहरूको जमात नै बनेको थियो । उनले विगतमा बनाएको ट्र्याक रेकर्ड

रका बाधा

दोहोऱ्याउने संकेत दिइसकेका छन्, 'एक वर्षभित्र काठमाडौं उपत्यकालाई मास्कमुक्त सहर' को घोषणा गरेर ।

त्यसो त दोस्रो पटक ११ फागुन ०७४ मा ओलीले गरेको मन्त्रिपरिषद् विस्तार पनि विवादमुक्त रह्यो । राष्ट्र बैंकको गभर्नर र राष्ट्रिय योजना आयोगको पूर्वउपाध्यक्षका रूपमा ख्याति कमाएका र अर्थतन्त्रको नाडी छामिसकेका युवराज खतिवडालाई ओलीले अर्थमन्त्री बनाए । खतिवडामार्फत ओलीले धराशयी भएको अर्थतन्त्रलाई लिकमा ल्याउन चाहेको संकेत गरेका छन् ।

खतिवडालाई अर्थ मन्त्रालय दिन ओलीले ठूलो जोखिम मोलेका छन् । किनभने, एमालेभित्र अर्थमन्त्रीका आकांक्षीमा प्रभावशाली नेताहरूकै बाहुल्य थियो । ओलीको रोजाइले एमालेभित्रका अर्थमन्त्रीका आकांक्षीहरूको इगोमा ठेस लागे पनि देशको अर्थतन्त्रमा सकारात्मक आशा जगाएको छ । खतिवडा मात्र होइन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादव, गृहमन्त्री रामबहादुर थापा र रक्षामन्त्री ईश्वर पोखरेल पनि दागी अनुहार होइनन्, यिनले सार्वजनिक जिम्मेवारीमा हुँदा जनमानसलाई घात गरेको रेकर्ड भेटिँदैन । प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद्मा सामेल हुने व्यक्तिको चयनमा दिएको प्राथमिकतालाई सकारात्मक सन्देश ठान्छन् राजनीतिक विश्लेषक श्याम श्रेष्ठ पनि । भन्छन्, "ओली ढिलो हिँडेका छन् । तर, लय समातेका छन् । अहिलेसम्मको मन्त्रिपरिषद् विस्तारले देशलाई फरक सन्देश दिएको छ ।"

जम्बोबाट सानो

जथाभावी मन्त्रालय र मन्त्री थप्ने रोगलाई ०७० मा जारी नयाँ संविधानले नै रोकेको छ । संघमा २५ भन्दा बढी मन्त्रालय राख्न नपाइने संवैधानिक बाध्यता छ । तर, अघिल्ला प्रधानमन्त्री शेरबहादुर देउवाले व्यक्तिलाई भागबन्डा पुऱ्याउन विस्तार गरेको मन्त्री र मन्त्रालयको संख्या नयाँ सरकारले घटाउने निर्णय गरेको छ । देउवाले अहिलेसम्मकै सबैभन्दा जम्बो ६४ सदस्यीय मन्त्रिपरिषद् गठन गरेर इतिहासकै रेकर्ड तोडेका थिए । ११ फागुन ०७४ को

शितल निवासमा आयोजित शपथग्रहण, ११ फागुन ०७४

रामबहादुर थापा बादल
गृहमन्त्री

मातृकाप्रसाद यादव
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री

मन्त्रिपरिषद् बैठकले त्यसलाई १८ मा सीमित गरेको छ। यो आफैँमा सकारात्मक निर्णय हो।

नयाँ सरकारले कायम गरेको १८ सदस्यीय संघीय मन्त्रिपरिषद्मा दुई वामको भागबन्डा तय भइसकेको छ। नयाँ सरकारलाई पूर्णता दिन संघीय समाजवादी फोरमलाई पनि सरकारमा ल्याउने एमाले-माओवादीको प्रयास छ। यदि फोरम सरकारमा आउन राजी भएमा यही साता ओली मन्त्रिपरिषद्ले पूर्णता पाउनेछ। त्यसले वाम सरकारलाई दुई तिहाई बहुमत दिलाउनेछ।

थोरै मन्त्रालय राख्ने र स्वच्छ छविका व्यक्तिलाई मन्त्री बनाउने प्रधानमन्त्री ओलीको निर्णयले आशा जगाएको छ। त्यसै पनि दक्षिण एसियाका कुनै पनि राष्ट्रमा वामपन्थीहरूले चुनावमा असाधारण बहुमत ल्याएर सरकार बनाएको रेकर्ड छैन।

नयाँ सरकारका लागि सकारात्मक कुरा धेरै छन्। जस्तो, सातमध्ये ६ वटा प्रदेशमा एमाले-माओवादीको प्रादेशिक सरकार, मुख्य राजकीय पदहरूमा दुई दलबीच भागबन्डा, ७ सय ५३ स्थानीय निकायमध्ये झन्डै ४ सयभन्दा बढीमा वामपन्थी नेतृत्वको सरकार अहिलेको सरकारका लागि अवसर हो। तर, वाम सरकारले तत्कालै झेल्ने जोखिमका चाङ पनि उत्तिकै डरलाग्दा छन्। तिनै जोखिमको सामनासँगै ओली नेतृत्वको वाम सरकारको गति, मति र भविष्य जोडिएको छ।

चुनौती - १

माओवादी केन्द्रको समर्थनमा बनेको अहिलेको सरकारको मुख्य आधार एमाले-माओवादीबीच १७ असोज ०७४ मा गरिएको चुनावी गठबन्धन नै हो। संघ र प्रदेशका सिटमा ६०-४० को भागबन्डा गरेका दुई दलले प्रदेश र संघीय सरकारमा ७०-३० को भागबन्डा गरेका छन्। राज्यको मुख्य शासकीय पदहरूको लेनदेनमा कुरा मिले पनि दुई दलबीच पार्टी एकताको विस्तृत खाका अझै तयार भएको छैन। त्यसैले पार्टी एकताको भविष्यसँग अहिलेको सरकार टिक्ने वा ढल्ने अनि सफल वा असफल हुने कुरा जोडिएको छ। राजनीतिशास्त्री लोकराज बराल भन्छन्, "ओली सरकारको मुख्य चुनौती नै दुई वाम दलको आन्तरिक व्यवस्थापन हो। पार्टी एकता भएन भने त्यसले सरकारको भविष्यमै प्रहार गर्छ, एकता भएन भने अहिलेको गठबन्धन नै फेरबदल हुन पनि सक्छ।"

हुन पनि एमाले-माओवादीबीचको पार्टी एकता कति पेचिलो छ भने अहिलेसम्म दुई दलले पार्टी एकता गर्ने सैद्धान्तिक सहमति त गरेका छन् तर पेचिला कामहरू सकेकै छैनन्। ७ फागुन ०७४ मा एमाले-माओवादीबीचको मोटो सहमतिमा एकीकृत पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी रहने र मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहनेबाहेक खासै महत्त्वपूर्ण कुरा छैनन्। एमाले र माओवादीबीच एकता भएमा देशमा ठूलो एकीकृत वाम दल बन्नेछ र त्यसले सरकारलाई प्रभावित गर्नेछ। पार्टी एकतालाई थेग्नु तथा जोगाउनु सरकारका लागि कठिन हुनसक्छ।

एमाले अध्यक्षसमेत रहेका केपी ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच पदीय भागबन्डामा कुरा मिलेको भनिए पनि यी दुई दलबीच धेरै सैद्धान्तिक बेमेल छ। विश्लेषक श्याम श्रेष्ठ भन्छन्, "अहिलेसम्म यान्त्रिक एकताको मात्र कुरा गरिएको छ, जैविक एकतामा प्रवेश नै गरिएको छैन। यदि वाम एकता टुट्यो भने सरकार नै धराशयी हुन्छ, किनभने वाम एकताकै जगमा सरकार बनेको हो।"

अहिलेसम्म दुवै पार्टी अस्तित्वमा छन्। नेतृत्व, संगठन, विचारधारा अलग-अलग छन्। दुई पार्टीबीच सिद्धान्तमा मात्र होइन स्कुलिङमा पनि भिन्नता छ। एमाले-माओवादी कार्यकर्ताबीच युद्धकालीन तुष र शत्रुता बाँकी नै छ। त्यसैले दुई वामबीचको एकताले सरकारको भविष्य प्रभावित हुनसक्छ।

चुनौती - २

एमाले-माओवादीले अहिले हासिल गरेको जनमत स्थिरता र समृद्धिको चुनावी नाराको परिणाम हो। संघ र प्रदेशको चुनावमा एमाले-माओवादीले बिक्री गरेको वाम घोषणापत्र ओली नेतृत्वको सरकारका लागि सबैभन्दा पेचिलो ब्रेकर हो। अर्थमन्त्री युवराज खतिवडासमेतको संलग्नतामा बनाइएको वाम घोषणापत्रमा केही यस्ता वाचा छन्, ती वाचा र आजका आर्थिक सूचकांकहरूबीच भेट नै हुँदैन। दृष्टान्तका लागि चुनावमा एमाले-माओवादीले गरेका केही कबोलका नमुना हेरौं :

- दुई वर्षभित्र नेपाललाई खाद्यान्न तथा माछा, मासु, अण्डा र दूधमा आत्मनिर्भर बनाइनेछ। पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुर्‍याइनेछ।
- पाँच वर्षमा सम्पूर्ण सिँचाइयोग्य कृषिभूमिमा आधुनिक सिँचाइ प्रणाली लागू गरिनेछ।
- सामाजिक सुरक्षाभत्ता मासिक ५ हजार पुर्‍याइनेछ।
- १० वर्षभित्र नेपालीको प्रतिव्यक्ति आय कम्तीमा ५ हजार अमेरिकी डलर पुग्ने गरी राष्ट्रिय अर्थतन्त्र विकास गरिनेछ।
- आगामी १० वर्षमा जल, जैविक, सौर्य, वायु, फोहोर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट २० हजार मेगावाट विद्युत् उत्पादन गरिनेछ।
- आगामी ५ वर्षभित्र पूर्व पश्चिम राजमार्ग, पूर्व पश्चिम औद्योगिक करिडोर राजमार्ग, मध्यपहाडी पुष्पलाल राजमार्गमा समानान्तर तीव्र गतिका विद्युतीय रेलमार्ग सञ्चालन गरिनेछ।
- भूपरिवेष्ठित मुलुकहरूले समुद्र उपयोग गर्न पाउने अधिकार प्रयोग गरी नेपाली ध्वजावाहक पानीजहाज सञ्चालन गरिनेछ।

वाम घोषणाका यी केही दृष्टान्त मात्र हुन्। घोषणाका अधिकांश बुँदा महत्वाकांक्षी छन्। विज्ञहरूले वाम-वाचा देशको अहिलेको अर्थतन्त्रको आकारबाट पूरा हुन नसक्ने जनाउ दिइसकेका छन्। योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्ले भन्छन्, "हाम्रो अर्थतन्त्रको सबैभन्दा ठूलो समस्या नै पैसा नहुनु हो। अहिले भएको पैसाबाट वाम दलका चुनावी वाचा पूरा हुन सक्दैनन्। त्यसैले सरकारका लागि चुनावी घोषणा कार्यान्वयन नै भारी हुन्छ।"

अर्थतन्त्र कति बर्बाद छ भने आयात र निर्यातबीचको अचाक्ली असन्तुलनकै कारण व्यापार घाटा चुलिएको छ। १० वर्षअघि देशले १ रुपियाँको वस्तु निर्यात गर्दा २ रुपियाँ ८० पैसाबराबरको आयात गर्थ्यो भने अहिले त्यो अनुपात १:१३ को अन्तरमा पुगेको छ। अर्थात् देशले १ रुपियाँको वस्तु निर्यात गर्दा १३ रुपियाँबराबरको वस्तु आयात गर्नुपरेको छ। त्यसैको परिणाम हो- अहिलेको

केपी ओली
प्रधानमन्त्री



ईश्वर पोखरेल
रक्षा मन्त्री

युवराज खतिवडा
अर्थमन्त्री

लालबाबु पण्डित
जनसंख्या तथा वातावरणमन्त्री

थममाया थापा
महिला, बालबालिका तथा समाजकल्याणमन्त्री

७३ अर्ब रुपियाँभन्दा बढीको व्यापार घाटा । आयात-निर्यातको यस्तो असन्तुलनले सरकारको स्पिडमा ब्रेक लगाउने पक्का छ ।

त्यसो त ऊर्जा र जलस्रोतमा धनी देश भएर पनि कृषियोग्य जमिनमध्ये जम्मा ३२ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ । यस्तो स्थितिमा शतप्रतिशत कृषि जमिनमा सिँचाइ पुऱ्याउने घोषणा आफैँमा महत्वाकांक्षी छ । त्यस्तै, विद्युत्मा आत्मनिर्भर हुन नसकेर लोडसेडिङबाट मुक्त हुन भारतबाट बिजुली आयात गर्नुपरेको छ । एक मेगावाट बिजुली उत्पादनको औसत लागत झन्डै २५ करोड रुपियाँ छ । तर, वाम घोषणामा २० हजार मेगावाट बिजुली उत्पादनको महत्वाकांक्षी योजना अघि सारिएको छ ।

यता, नेपालीको प्रतिव्यक्ति आय हाल ८ सय ७० अमेरिकी डलर छ। यसलाई आउँदो १० वर्षमा २० हजार अमेरिकी डलर पुऱ्याउने वाचा गरिएको छ, जसलाई आममानिसले पत्याइहाल्ने स्थिति छैन । राजनीतिशास्त्री बराल थप्छन्, "एमाले र माओवादीले चुनाव जित्न हौसिएर गरेका घोषणाको कार्यान्वयन नै अहिलेको सरकारको असली परीक्षा हुनेछ । किनभने, वाम घोषणा र आजको देशको स्थितिबीच ठूलो खाडल छ ।"

समृद्धिको ग्राफमा देश कति निम्छरो छ भने अक्सफोर्ड युनिभर्सिटी र राष्ट्रिय योजना आयोगले गरेको अध्ययन प्रतिवेदन *नेपाल मल्टिडाइमेन्सनल पोभर्टी इन्डेक्स- २०१८* मा नेपालको २८ दशमलव ६ प्रतिशत जनसंख्या अहिले पनि बहुआयामिक गरिबीबाट पीडित रहेको देखाउँछ । युवाको विदेश पलायन, बेरोजगारी आदिले समाज आक्रान्त नै छ ।

विकास निर्माणको गति त्यस्तै सुस्त छ । आर्थिक वर्षको मध्यान्तरसम्ममा पुँजीगत खर्च २१ दशमलव ५ प्रतिशत मात्र भएको अर्थ मन्त्रालयको आँकडाले देखाउँछ। हरेक आर्थिक वर्षमा विकास बजेट खर्च नहुने अनि धेरै बजेट कर्मचारीको तलबभत्तामा सकिने रोगले ग्रस्त छ, अर्थतन्त्र । अर्थशास्त्री वाग्ले भन्छन्, "राज्यको अहिलेको बजेटबाट कुनै नयाँ काम गर्न सम्भव छैन। कम्तीमा ७ प्रतिशतको आर्थिक वृद्धि नहुने हो भने विगतकै परम्परामा सरकार घुमिरहन्छ।"

चुनौती - ३

लोकतन्त्रको कडी नै हो सुशासन र सेवा प्रवाह । तर, सुशासन र सेवा प्रवाह ध्वस्त छ । त्यसैले ओली नेतृत्वको सरकारका लागि सुशासन र समयमा सेवा प्रवाह राम्रो विषय बन्छ । सरकारी र सार्वजनिक संस्थाहरूमा जथाभावी नियुक्ति, योग्यहरूलाई पन्छाएर अयोग्यलाई जिम्मेवारी दिने प्रवृत्ति आदिले तिनको प्रभावकारिता र विश्वसनीयता बर्बाद भएको छ। अघिल्लो सरकारले न्यायालयको गरिमा घटाउने, सुरक्षा निकाय गिजोल्ने, त्रिविको साख ध्वस्त नै पारेको छ । पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "सार्वजनिक र सरकारी संस्थालाई ध्वस्त पारिएकाले तिनलाई पुनर्जीवन दिन जरुरी छ। अघिल्लो सरकारले गरेका गलत निर्णय उल्टाएर सार्वजनिक संस्था जोगाउनु नै यो सरकारको चुनौती हो ।"

संघीयताको कार्यान्वयनसँग पनि जोडिएको छ, सुशासन र सेवा प्रवाह । नयाँ संविधानको व्यवस्थाअनुसार ७ सय ५३ स्थानीय सरकार र सातवटा प्रादेशिक सरकार बनिसकेका छन्। तर, तिनलाई कामकाजी, सुशासन र सेवा प्रवाहप्रति जवाफदेही बनाउन कठिन छ । संघ, प्रदेश र स्थानीय सरकारमा जनप्रतिनिधिहरू आइसक्दा पनि प्रदेश र स्थानीय तहमा सरकारले कर्मचारी खटाउन सकेको छैन । अटेर गर्ने कर्मचारीलाई कारबाही नै गर्न नसक्नु दुर्भाग्य भएको छ ।

त्यसो त मुलुक संघीयता गए पनि ठूला नेताहरूमा अझै पनि केन्द्रीकृत धङधडी बाँकी नै छ। केन्द्रीयतावादी मानसिकताबाट नेतृत्व मुक्त नभई संघीय व्यवस्था सफल हुन नसक्ने ठान्छन्, राजनीतिक विश्लेषक श्याम श्रेष्ठ । भन्छन्, "देश र शासन व्यवस्था बदलियो, नेताहरूको आनीबानी र व्यवहार बदलिएन । त्यसैले सुशासन र सेवा प्रवाह अनि भ्रष्टाचार उन्मूलन नयाँ सरकारका लागि ठूलो चुनौती हुनेछ ।"

चुनौती - ४

नयाँ सरकारले झेल्ने अर्को चुनौती हो, भू-राजनीतिक र अन्तर्राष्ट्रिय प्रभाव । अघिल्लो पटक भारतीय नाकाबन्दीको विरोध गरेर राष्ट्रवादी नेताको छवि बनाएका प्रधानमन्त्री ओलीको लामो समयसम्म भारतसँग सम्बन्ध सुधार भएन, बरु उनी चीनप्रति ढल्किए । चीन र भारतबीच सन्तुलित सम्बन्धविना सरकार प्रभावकारी हुन सक्दैन भन्ने बुझेका ओलीले दोस्रोपटक प्रधानमन्त्री हुनुअघि नै भारतसँगको चिसिएको सम्बन्धलाई सुधार गरिसकेका छन् । तर, नेपाल-भारत सम्बन्धमा ओली-मोदीको टेलिफोन संवाद मात्र पर्याप्त होइन । नयाँ सरकारले लिने नीतिले भारत र चीनसँगको सम्बन्धलाई आकार दिनेछ ।

तथापि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले

प्रधानमन्त्री हुनुअघि दुईपटक र प्रधानमन्त्री भएपछि एकपटक फोन गरेर ओली नेतृत्वको सरकारप्रति भारतीय सद्भाव दर्शाएका छन् । त्यति मात्र होइन, मोदीले विदेशमन्त्री सुष्मा स्वराजलाई काठमाडौं पठाएर ओलीलाई आफ्नो प्रष्ट समर्थन रहेको जनाउसमेत दिएका छन् । चीनसँग ओलीको कूटनीति बलियो नै रहेको मानिएको छ। तर, ओलीको कूटनीतिक सफलता उनले लिने नयाँ नीतिमै निर्भर हुन्छ। विश्लेषक श्रेष्ठ भन्छन्, "ओलीले भारत र चीनबीच सन्तुलन कायम गरेनन् भने त्यो अहिलेको सरकारका लागि घातक हुनसक्छ ।"

संघीय फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव परराष्ट्रमन्त्रीको रूपमा ओली सरकारमा सहभागी भए उनले दक्षिणी छिमेकीसँगको सम्बन्धलाई अरू सहज बनाउने अपेक्षा ओलीको छ । यद्यपि यादव भने यसपल्ट ठूलो बजेट परिचालन गर्न सकिने मन्त्रालयतिर आँखा लगाइरहेका छन् । खासगरी उनको ध्यान भौतिक योजना तथा निर्माण मन्त्रालयतिर छ। तैपनि दुई छिमेकीबीचको सम्बन्धमै आउँदो सरकारको प्रभावकारिता निर्भर रहनेछ। वाग्ले थप्छन्, "चीनको बढ्दो ऋणले श्रीलंकालाई चीनकै कमारोजस्तो बनाएको छ। दुई देशबीच सन्तुलन कायम गर्न सकिएन र चीनतिर मात्र नयाँ सरकार लहसियो भने नेपाल पनि श्रीलंका हुने जोखिमबाट मुक्त छैन ।"

सरकारको कूटनीतिमा तेस्रो मुलुकहरूको प्रभाव पनि उत्तिकै रहने गरेको छ। अमेरिका र युरोपेली मुलुकको नेपालप्रतिको चासो पुरानै हो । पूर्ववर्ती देउवा सरकारसँग अमेरिकाले अहिलेसम्मकै सबैभन्दा धेरै अनुदान दिने सम्झौता गरिसकेको छ। आउँदो वर्षदेखि आउने अमेरिकी सहयोग झन्डै ५० अर्ब रुपियाँभन्दा बढीको छ। त्यो नयाँ सरकारले खर्च गर्न पाउने सहयोग हो ।

हाम्रो अर्थतन्त्रको सबैभन्दा ठूलो समस्या नै पैसा नहुनु हो । अहिले भएको पैसाबाट वाम दलका चुनावी वाचा पूरा हुन सक्दैनन् ।

● स्वर्णिम वाग्ले
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

तर, अनुदान र ऋणसँगै तेस्रो मुलुकको प्रभाव पनि आन्तरिक राजनीतिमा बढ्छ । तेस्रो मुलुकको दबाब कम गर्ने एउटा सुनौलो मौकाबाट देउवा सरकार मात्र होइन, ओली सरकार पनि चुकेको छ। राष्ट्रसंघको मापदण्ड पूरा गरेर पनि नेपालले आफूलाई अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकमा सूचीकृत गराउन मानेन । अघिल्लो सरकारले गरेको निर्णयअनुसार नै नयाँ सरकारले नेपाललाई अल्पविकसित राष्ट्रको सूचीबाट नहटाइदिन राष्ट्रसंघलाई पत्राचार गरेको छ।

राष्ट्रसंघले अल्पविकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा उक्लिन तीनवटा मापदण्ड तोकेको छ। तीनमध्ये दुईवटा मापदण्ड पूरा गर्ने देश अल्पविकसितको सूचीबाट विकासोन्मुखमा सूचीकृत हुन पाउँछ।

यस्तो छ, मापदण्ड : पहिलो, प्रतिव्यक्ति आय १ हजार २ सय ४२ डलर हुनुपर्ने । दोस्रो, व्यक्तिको सम्पत्ति सूचकांक ०.६७ भन्दा बढी हुनुपर्ने । तेस्रो, जोखिम बहन सूचकांक ०.३३ भन्दा कम हुनुपर्ने । यी तीनमध्ये दोस्रो र तेस्रो मापदण्ड पूरा गरेर नेपाल सन् २०१५ मै विकासोन्मुख राष्ट्र हुन योग्य भएको थियो । तर, तेस्रो मुलुकबाट अल्पविकसित देशमा आउने सानोतिनो आर्थिक सहयोगको लोभ र कर्मचारीको विदेश भ्रमणको स्वार्थका कारण देशलाई अल्पविकसितकै सूचीमा राखेर दरिद्र देखाउने प्रपञ्च भएको छ। पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "विकासोन्मुख देशमा पदोन्नति हुने मौका गमाएर देशकै इज्जत घटाउने काम भयो। यो मौका नगुमाएको भए नेपालले संसारभरि सकारात्मक सन्देश दिने थियो । तर, कर्मचारीको स्वार्थ र सानोतिनो विदेशी सहयोगको लोभले विकासोन्मुख देशमा सूचीकृत नहुने गलत निर्णय गरिएको छ ।"

बाँकी झमेला

चुनावी जनादेशबाट देशले नयाँ सरकार पाएको छ । नयाँ संविधानलाई लागू गरेर देशको आर्थिक, सामाजिक रुपान्तरण साँच्चै कठिन छ । किनभने, अहिले पनि वहिष्कृत समूहहरूका असन्तुष्टि सम्बोधन भएका छैनन्।

अहिलेसम्म यान्त्रिक एकताको मात्र कुरा गरिएको छ, जैविक एकतामा प्रवेश नै गरिएको छैन । यदि वाम एकता टुट्यो भने सरकार नै धराशयी हुन्छ ।

● श्याम श्रेष्ठ
राजनीतिक विश्लेषक

मधेसी, जनजाति, दलित, अल्पसंख्यक आदिका सम्बोधन हुन बाँकी मुद्दा सम्बोधन नगर्दा ती समूहको असन्तुष्टिले आन्दोलनको रूप लिन सक्छ । त्यो आन्दोलन नयाँ सरकारका लागि अर्को ब्रेकर हुनसक्छ ।

आमचुनाव ०७४ हारेर होइन, देउवा मन्त्रिपरिषद्का गलत निर्णय र दोहनकारी प्रवृत्तिका कारण असाध्यै कमजोर बनेको छ प्रमुख विपक्षी नेपाली कांग्रेस । बलियो प्रतिपक्षविना सत्ता हाँक्ने मौका अहिलेसम्म बिरलै सरकारले पाएका छन् । त्यति मात्र होइन, ०६४ को संविधानसभाले जन्माएका थरिथरिका साना पार्टीबाट पनि मुक्त भएको छ, नयाँ सरकार र सदन । यी सबै प्रधानमन्त्री ओली र नयाँ सरकारका लागि सुखद परिस्थिति हुन् । तर, यतिले मात्र प्रधानमन्त्री ओलीका पाँचबुँदे घोषणा लागू हुन सक्दैनन् । उनले भनेका थिए, "हाम्रो आकांक्षा विकास र समृद्धि हो। शान्ति, स्थिरता र स्थायित्वबाट मात्रै यो सम्भव छ ।"

चालू आर्थिक वर्षको बजेट १२ खर्ब ८९ अर्ब रुपियाँ मात्र हो। सरकारको बजेटको आकार अहिलेकै आर्थिक वृद्धिदर कायम रहेमा योभन्दा खासै बढ्ने छैन । यति बजेटमा अहिलेसम्म गरिआएका सरकारका कामभन्दा बढी केही हुन सक्दैन । त्यसैले प्रधानमन्त्री ओली र दुई वाम दलले चुनावमा गरेका घोषणा त्यत्तिकै थन्किने खतरा छ । अर्थशास्त्री वाग्ले भन्छन्, "संघीयतामा वित्त व्यवस्थापनकै कारण नयाँ सरकारले मार खान सक्छ, अहिलेको देशको वित्तीय आकार बढ्दैन। त्यो नबढी नयाँ काम हुन सक्दैन ।" ◆

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.

25 Years

SILVER JUBILEE

KAILASH
SILVER JUBILEE
SAVING ACCOUNT
8.5%
Interest p.a.

FIXED DEPOSIT
UPTO THREE MONTHS
12%
Interest p.a.

Features:

- Free SMS Banking
- Free ABBS Facilities
- Free C-ASBA Service
- Free Mobile Banking Service
- Free Internet Banking Service
- Minimum balance Rs. 1,000
- 50% discount in the annual locker charge

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.
सधै अघि बढ्दै...

Corporate Office:
New Plaza, Putalisadak, Kathmandu, Nepal
Tel: 01 4443034, 4432139
Toll Free No.: 16600111777, Fax: 01 4423779

www.kailashbank.com

(अ) सहमति

॥ भास्कर गौतम

आवरणका वामपन्थी

वामपन्थप्रति सहानुभूति राख्ने बौद्धिकहरू वामपन्थबारे सैद्धान्तिक बहस हुनुपर्छ भनिरहेका छन् । एमाले र माओवादी केन्द्रबीचको एकता प्रक्रियाको आह्वानसँगै यस्तो चाहना प्रबल छ । विगत दुई-तीन दशकलाई मात्र फर्केर हेर्दा यस्ता बहस ती वर्षहरूमा किन कम भए ? जे-जस्ता बहस भए त्यसको गहनता कस्तो रह्यो ? त्यस्तो शास्त्रार्थले किन अपेक्षित निरन्तरता पाएन ? उपलब्ध आह्वानमा यी प्रश्नहरूतर्फ घोत्लिने लेठो गरिएको देखिँदैन । सैद्धान्तिक बहस माग गर्नेहरूले गहकिलो विश्लेषण प्रस्तुत गर्दै वैचारिक काल्पनिकीमा हस्तक्षेप गरिरहेको पनि पाइँदैन ।

सैद्धान्तिक स्तरबाट हस्तक्षेप गर्नेहरूमा समेत वामपन्थी दलहरूमा जस्तै स्थितिभ्रान्तिको अवस्था देखिन्छ । यस्तो किन भयो त ? उत्तर सहज छैन । अहिलेसम्म के भनिँदै छ भने, संसारका अन्य भागमा जस्तै नेपालमा पनि वामपन्थीहरू अलमलमा छन् । संसारभर दक्षिणपन्थको प्रभाव विस्तार भइरहेका बेला नेपालमा मात्र वामपन्थ उन्नत हुने स्थिति रहेन । यहाँ पनि दक्षिणपन्थकै मलजल हुने हो । दक्षिणपन्थले नै हाँगाबिगा फैलाउने हो । त्यसैले माओवादी केन्द्र र एमाले रूपमा कम्युनिस्ट हुन्, व्यवहारमा ती दक्षिणपन्थतर्फ नै लम्कँदै छन् । अझ यी दुई दल आपसमा मिलेपछि वामपन्थ फस्टाउने झिनामसिना सम्भावनामा समेत खतरा पुग्छ । अर्थात्, वामपन्थलाई चौतर्फी अप्ठेरो छ । चौतर्फी आक्रमण पनि छ । स्वयं वामपन्थीबाटै खतरा छ ।

यी भनाइहरू धेरै हदसम्म सही छन् । तर, यस्ता टिप्पणीले हाम्रा विचारग्रन्थीहरू खोल्न उति सहयोग गर्दैनन् । वामपन्थबारे सैद्धान्तिक बहसका लागि रचनात्मक हस्तक्षेप पनि गर्दैनन् ।

'सय माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ' भन्ने चिनियाँ लोकोक्ति नेपालका कम्युनिस्ट नेताहरूमाझ जस्तै संसारभर प्रसिद्ध छ । पहिलो हरफ यति सशक्त रहेको यस लोकोक्तिको दोस्रो हरफ अझ गहन छ । लोकोक्तिअनुसार 'सय माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ, तर त्यो यात्री अभागी हो जसले करिब दुई सय माइल हिँडेपछि आफू गलत बाटोमा हिँडिरहेको थाहा पाउँछ ।' नेपालको वामपन्थ यस्तै बिन्दुमा छ । अघि बढे वामपन्थ नै नरहने पछि फर्कने प्रश्न आफैँमा कहालीलाग्दो देखिने । यस्तो स्थितिभ्रान्तिले हाल खास किसिमको सैद्धान्तिक शून्यता र व्यावहारिक अकर्मण्यता सिर्जना गरेको छ । वामपन्थमा निहित एउटा महत्त्वपूर्ण विरोधाभास भनेको आफू र आफ्नो समूहले पुँजीवादी सांस्कृतिक मूल्य-मान्यता आत्मसात् गरे पनि त्यसको बाहिरी आवरणमा भने प्रगतिशील देखिने चाहना हो ।

विश्वभर नै वामपन्थ स्थितिभ्रान्तिको अवस्थामा रहेको सर्वविदित छ । यस्तो स्थितिमाथि प्रकाश पार्दै हावर्ड विश्वविद्यालयका कानुन तथा दर्शनका प्राध्यापक रोबर्टो उङ्गरले वामपन्थमा निहित स्थितिभ्रान्तिका चार आयाम औँल्याएका छन् । उङ्गर ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डासिल्भाको कार्यकालमा रणनीतिक मामलामन्त्रीसमेत भए । उङ्गर भन्छन्, "वामपन्थ विकल्प हराए, विचारको संसार हराएको, संवाहक हराएको र संकट हराएको अवस्थामा छ ।" नेपालका वामपन्थसँग पनि विकल्प छैन, वैचारिक काल्पनिकी छैन, परिवर्तनको संवाहक हुने जुक्ति छैन र संकटलाई रचनात्मक बनाउने क्षमता देखिँदैन ।

हरायो विकल्प

नेपालमा वामपन्थले विकल्पबारे जडसम्म पुगेर सोचेको देखिँदैन । संसारभर जस्तै नेपालमा गुनासो छ, राष्ट्रिय राजनीतिले दिनुपर्ने

विकल्प दिन सकेन । तर, त्यो विकल्प के हो त्यसतर्फ चिन्तन छैन । के जीवन र जगत्प्रति उस्तै दृष्टिकोण राख्ने नेपाली कांग्रेसले सत्ता छोड्दा नेपाल कम्युनिस्ट पार्टीका अनेक उत्तराधिकारी सत्तामा आउनु विकल्प हो ? के नवीनताको खोज गर्ने विकल्प स्वतः प्रकट हुन्छ ? के समसामयिक टिप्पणी लेख्दा नेताकै शैलीमा लोकप्रिय हुन चाहने लेखकहरूले नवीन विकल्प पहिल्याउने सिद्धान्त र व्यवहारमा योगदान दिइरहेका छन् ? त्यस्तो विकल्प जसले सबैका लागि उत्तम अवसरको

कल्पना गरोस् । त्यस्तो चिन्तन र बहस परम्पराको थालनी गरोस्, जहाँ पुराना विचारका सीमा औँल्याउने क्रममा नयाँ अर्थ, नयाँ गुण र नयाँ जीवनबोध गर्ने आधार मिलोस् । जहाँबाट सर्वसाधारणले जीवनका अत्यावश्यक भौतिक र नैतिक मूल्य-मान्यतालाई नयाँ मौका दिने सम्भावना देखून् । त्यस्तो आर्थिक-सामाजिक सम्बन्धको कल्पना गर्ने आधार मिलोस् जसले सबैलाई काम गर्ने मौका दिन सकोस् वा काम गर्न नसक्ने अवस्थामा राम्रो हेरचाह प्राप्त हुने आधार देओस् । त्यस्तो विकल्प, जहाँ आफ्नो समुदायको भविष्य र आफ्नो समाजको उन्नतिमा संलग्न हुने अवसर उपलब्ध होस् । जहाँ जीवनलाई अर्थपूर्ण हिसाबले बाँच्ने आधार होस् । त्यस्तो जीवन जुन आफ्नो नजरमा सम्मानजनक हुन्छ । तर, सार्वजनिक वृत्तमा चलिरहेको विकल्पको चिन्तन यतातर्फ डोरिएको देखिँदैन ।

वामपन्थसँग सार्थक विकल्प छैन । रुसी क्रान्तिपछि देखिएको महत्त्वपूर्ण प्रयास केन्द्रीकृत र सरकारद्वारा निर्देशित अर्थतन्त्र हो । निर्देशित अर्थतन्त्रले प्रारम्भिक दशकहरूमा ठूलै स्वीकारोक्ति पायो । त्यो सही बाटो होइन भन्ने दृष्टान्त आफैं सतहमा आए । चीनका पछिल्ला अनुभवले यसलाई थप प्रमाणित गरे । मूल कुरा रुसी वा चिनियाँ अनुभवभन्दा धेरै बृहत्तर तहमा ज्ञानमा आधारित अर्थतन्त्रले जटिल बाटो समातिरहेको अवस्था छ । विश्व अर्थतन्त्रमा देखिएको परिवर्तनले भन्छ, सरकारद्वारा नियन्त्रित र निर्देशित अर्थतन्त्रले काम गर्दैन । अर्थतन्त्रलाई केवल विभिन्न किसिमले वितरणमुखी माध्यमका रूपमा हेर्दा आधारभूत समस्या सम्बोधन हुन सक्दैन । उदाहरणका लागि क्षतिपूर्तिउन्मुख वितरण (शान्ति-प्रक्रियाको समयमा र भूकम्पछि टड्कारै देखियो), सामाजिक सुरक्षामा आधारित वितरण (स्थानीय समूहले स्रोत-साधनमा पाएको न्यूनतम सुविधा, निःशुल्क विद्यालय शिक्षा, वृद्धभत्ता आदि) र स्रोतको अव्यवस्थित वितरण (पार्टीविशेषबाट हुने राज्य कोषको दुरुपयोग, समन्वयहीन विकास खर्च, भ्रष्टाचार) जुन भइरहेको छ, त्यसले अर्थतन्त्रमा रहेको बडेमानको असमानता, असुरक्षा र वहिष्करणलाई घटाउँदैन । बरु थप बढाउँछ । यस्तो आर्थिक अभ्यासले अर्थतन्त्रमा विद्यमान पदानुक्रमलाई संस्थागत गर्छ । विभेदकारी संरचनालाई मलजल गर्छ । लामो समयदेखि आर्थिक असमानताका कारण सामाजिक रूपमा असुरक्षित रहेकाहरू भारत जाने र पछिल्लो केही दशकयता वैदेशिक श्रममा जानेक्रम बढिरहेकै छ । देशभित्र पनि अर्थतन्त्रको पिँधमा रहेका भुइँ तहका समुदायको विद्यमान आर्थिक संरचनासँग असमान सम्बन्ध छ । वितरणमुखी अर्थतन्त्रबाट आर्थिक असमानता सम्बोधन हुने सम्भावना छैन । यस्तोमा अर्थतन्त्रमा निहित संरचनागत विभेद निरुपण गर्ने कार्य धेरै टाढाको विषय हो ।

वितरणमुखी अर्थतन्त्रले जुन अवहेलना भुइँ तहको जनतामा सिञ्चित गरेको छ, त्यसको निरुपण सरकारी तवरबाट निर्देशित अर्थतन्त्रबाट हुने देखिँदैन । सरकार त अझ नियन्त्रित निर्देशनको आंकाक्षा राख्छ । यस्तोमा वामपन्थको तत्कालीन र दीर्घकालीन कार्यभार के हो ? वामपन्थले कस्तो विकल्पसहित आफ्नो औचित्य स्थापना गर्न सक्छ ? त्यसका लागि वामपन्थी चाहना र आवश्यकतालाई ध्यानमा राख्दै अर्थतन्त्रमा के-कस्ता प्रयोगको कल्पना गर्न सकिन्छ ? अर्थतन्त्रमा गर्न सक्ने कस्तो हस्तक्षेपले असमानता र असुरक्षाको स्थितिमा तात्विक फेरबदल ल्याउन सक्छ ? स्थितिभ्रममा अलमलिएका कारण वामपन्थी वृत्त यस्तो बहसमा पसेको छैन । आधारभूत प्रश्नप्रति नघोत्लिँदा विद्यमान बजारमुखी अर्थतन्त्रमा हस्तक्षेप गर्न सरकारद्वारा निर्देशित अर्थतन्त्र आवश्यक छ भन्ने अवस्था आउँछ । वामपन्थको दृष्टिकोण राज्यमुखी मात्र बन्छ । होइन, सामाजिक हकाधिकारको रक्षा गर्न अर्थतन्त्रलाई वितरणमुखी बनाउँदै सार्वजनिक खर्च बढाउनुपर्छ भन्न पनि सकिन्छ । यसले वामपन्थको दीर्घकालीन उद्देश्यको दायरालाई आफै संकुचित बनाउँछ । यी दुवै आर्थिक दृष्टिकोणले काम गरेको खण्डमा समेत हामी केवल आर्थिक वृद्धि र सार्वजनिक लगानीमा रुमल्लिनेछौं । यसैलाई प्रगतिशील अर्थतन्त्र भन्न थाल्नेछौं । तर, वृद्धि र सार्वजनिक लगानीको दायराभन्दा बाहिर प्रगतिशील अर्थतन्त्रबारे कल्पना गर्ने कोसिस गर्ने छैनौं ।

वैचारिक सारथी

वामपन्थसँग विद्यमान स्थितिभ्रान्तिलाई पुनर्विचार गर्ने विचारका थप सारथी छैनन् । वैचारिक सारथीको अभावमा विद्यमान समाज जस्तो किसिमको संस्थागत अवधारणा र प्रबन्धमा फसेको छ, त्यसबाट निस्कने सजिलो सूत्र छैन । एकातर्फ ज्ञानको काल्पनिकी नै विदेशी स्रोत-साधन र चिन्तनको प्रभावमा फसेको छ । अर्कोतर्फ समसामयिक समाज विज्ञान र ज्ञान-उत्पादनको समग्र संसार नै आफ्नो औचित्य-स्थापना र असुरक्षामा बाँचिरहेको अमानवीय अवस्थालाई मानवीयकरण गर्ने यज्ञमा फसेको छ । ज्ञानका सीमालाई आत्मसात् गर्दै नवीन खोज नगर्ने प्रभावशाली परिपाटी सर्वत्र हावी छ । परिणाम विद्यमान परिपाटीलाई इन्कार गर्ने र पुनर्विचार गर्ने संघर्षको अभियान सहज छैन । अझ ज्ञान-उत्पादनको समसामयिक परिपाटी र संस्थागत व्यवस्था शंकालुसमेत रहेकाले वैकल्पिक खोज र चिन्तनलाई त्यस्ता प्रबन्धहरूले थप निरुत्साहित गर्छन् ।

समाज विज्ञानमा हावी औचित्य-स्थापनालाई र ज्ञानको उल्झनलाई धेरैले वैज्ञानिकीकरण वा युक्तिकरण भन्न रुचाउँछन् । औचित्य-स्थापनाको विधिले विद्यमान जटिल व्यवस्थाहरूको व्याख्या गर्न कम सघाउँछ । यस्तो किनभने सामाजिक जटिलतामा प्राकृतिक र नैसर्गिक जडता निहित छ । तर, पश्चिमा समाजबाट आयातीत वैचारिक अवधारणा हाम्रोजस्तो समाजमाथि लाग्दा ती मान्यता भुत्ते देखिन्छन् । त्यसैले उदाहरणका लागि, संरचनागत विकल्पबारे मार्क्सवादले विरासतमा लिएका विचार केही अनुमानित मान्यतामा आधारित छन् । यी मान्यता धेरै लामो समयदेखि मान्न लायक नै छैनन् । तथापि नेपालका वामपन्थीहरू मानवीय समाजले खास किसिमको आर्थिक संरचनामा एकै किसिमको रेखीय यात्रा तय गर्छ भन्छन् । त्यस्तो आर्थिक संरचनाको रेखीय यात्रा जहाँ 'सामन्तवादी'

देखि 'पुँजीवादी' आर्थिक संरचना अत्यावश्यक खुड्किलो मानिन्छ। यस्तो मान्यताले अर्थसंरचनामा निहित असमान, असुरक्षित र वहिष्कृत जीवनपद्धतिलाई हिजोका दिनमा जीवन्त रूपमा बुझेको देखिएन। परिवर्तन भइरहेका आर्थिक व्यवस्थाभित्र ल्याउन पनि सकेन। यस्तै दृष्टिकोण हावी रहे भुइँ तहका जीवनलाई सम्बोधन गर्ने सामाजिक-आर्थिक विकल्पको खोज भोलिका दिनमा समेत प्रभावशाली परिपाटीभित्र हराउनेछ।

हामीले बाह्य ज्ञान होइन, ज्ञान परम्पराको सबल पक्षलाई टिप्ने हो। युरोपेली ज्ञान परम्पराको सामाजिक सिद्धान्तको प्रारम्भिक वर्षहरूमा पहिल्यै नै निर्दिष्ट गरिने ज्ञानलाई अस्वीकार गरियो। आधुनिक ज्ञान परम्पराको जगले समाजलाई बनिबनाउ रूपमा स्वीकार गरेन। समाज मानव निर्मित हो भनेर बुझायो। सामाजिक र सांस्कृतिक संरचना वरिपरि निर्मित सम्बन्धहरू समयसँगै स्थिर भएर बस्दैनन् भन्यो। परिवर्तनका गति द्वन्द्व र अवतरणबाट निर्देशित व्यावहारिक मूल्य-मान्यता एवं सामूहिक प्रयासका उपज हुन् भन्यो। समाजको गतिसँगै हाम्रा व्यक्तिगत र सामूहिक पहिचान तथा आकांक्षा खास किसिमले वर्चस्वशाली रहने व्यवहार र व्यवस्थाका बन्धक बन्छन् भन्यो। त्यस्ता व्यवहार र व्यवस्था परिवर्तन गर्न सकिन्छ भनेर देखायो। असमान बन्धनबाट मुक्त हुने क्रममा मानव समाजले सदैव जसका निम्ति परिवर्तन गर्न खोजिएको हो त्यसैअनुरूप नयाँ सम्बन्धहरूलाई पुनःव्याख्या गर्ने प्रयत्न गर्छ भन्यो। तर यो पछिल्लो कार्य गाह्रो छ। समकालीन समयमा परिवर्तन कसका निम्ति र त्यस्तो परिवर्तनले निर्माण गर्न सक्ने सामाजिक सम्बन्धहरू कस्तो हुनुपर्छ ? यस प्रश्नलाई लिएर वामपन्थ दिग्भ्रमित छ। त्यसैले ज्ञान-उत्पादनका विद्यमान व्यवस्थाहरूले सामाजिक-आर्थिक संरचना पहिल्याउने यत्नलाई वितरणमुखी कार्यमा सीमित छ जहाँ उत्पादनमुखी चिन्तन निषेधित नरहे पनि निरुसाहित छ।

> **नेपालका वामपन्थसँग पनि विकल्प छैन, वैचारिक काल्पनिकी छैन, परिवर्तनको संवाहक हुने जुक्ति छैन र संकटलाई रचनात्मक बनाउने क्षमता देखिँदैन ।**

संवाहकविहीन अवस्था

वामपन्थसँग परिवर्तनको संवाहक छैन। परिवर्तनको संवाहक अर्थात् ठोस राजनीतिक आधार जसको हित र आंकाक्षालाई वामपन्थले प्रतिनिधित्व गरोस्। विश्वभर मार्क्सवादको सनातनी आधार संगठित श्रमिकको हित र आकांक्षा थियो। उनीहरू पुँजीवादी बजार व्यवस्थामा उपलब्ध थिए। चिनियाँ क्रान्तिपछि संगठित किसानहरू पनि परिवर्तनका संवाहक ठहरिए। तर, औद्योगिक मजदुर र ग्रामीण किसानलाई विद्यमान सामाजिक-आर्थिक संरचनाले समाजमा विद्यमान स्वार्थ समूहमध्ये एउटा समूहको रूपमा हेर्छन्। स्वयं सर्वहारासमेत आफूलाई त्यसरी नै हेर्छन्। त्यस्तो समूह जसको आफ्नै स्वार्थ छ- खास किसिमको सामुदायिक स्वार्थ। खास किसिमको स्वार्थ हुनेबित्तिकै त्यस्तो कुनै पनि समूहले समाजको सार्वभौम प्रगतिलाई प्रतिनिधित्व गर्ने सम्भावना न्यून रहन्छ। औद्योगिक अवस्था उन्नत रहेका देशहरूमा श्रमिकको नाजुक परिस्थितिलाई खस्कँदो उत्पादनसँग मात्र जोडेर हेरिँदैछ। अर्थतन्त्र उन्नत नरहेको नेपालजस्तो मुलुकका श्रमिक धेरै किसिमले पराश्रित रहेकाले सस्तो श्रमको खोजीमा नारकीय जीवन बाँच्न अभिशप्त छन्।

यस्तो राजनीतिक अवस्थाले वामपन्थी नेताहरूलाई धेरै हदसम्म सताउनुपर्ने हो। तिनका बोली र व्यवहारमा त्यस्तो झल्किँदैन। तिनका व्यवहारमा एउटै विकल्प देखिन्छ, सामाजिक वर्गको आधारमा परिभाषित राजनीतिलाई एक वा अर्को तरिकाले निस्तेज तुल्याउने। बरु समाजमा विद्यमान सबै मतदातालाई आकर्षित गर्ने। यसरी वामपन्थी नेताहरू सर्वहारासँग विशिष्ट किसिमको कामकाजी सम्बन्ध स्थापित गर्न असफल रहे। माओवादीमा देखिएको रुपान्तरण यसको सबैभन्दा सशक्त दृष्टान्त हो। यस्तो असफलताका दुईटा पाटा छन्। एकातर्फ सार्थक परिवर्तनसँग मोह भंग भएको छ भने अर्कोतर्फ नापतौलमा गरिने राजनीतिक निर्णयहरू हावी छन्। सार्थक परिवर्तनप्रति मोह भंग हुनु र सतर्क रूपमा गरिने राजनीतिको सारतत्त्व भने एउटै हो। तल्लो तप्कासँग संगठित सम्बन्ध स्थापित गरेर आमूल परिवर्तनको नाममा गरिने राजनीति मूलतः मनोगत विचारबाट उत्पन्न असफल परम्पराको उपज हो भन्ने। अर्थात्, आमूल परिवर्तन सम्भव छैन भन्ने।

संकटको खोजी

वामपन्थसँग उनीहरूले चिताएजस्तो संकट छैन। इतिहासका ठूल्ठूला सामाजिक परिवर्तन मूलतः युद्ध वा बृहत्तर आर्थिक संकटको जगमा भएका छन्। आन्तरिक द्वन्द्वमात्र परिवर्तनका कारण होइनन्। भनौं, आन्तरिक द्वन्द्वलाई बाह्य युद्ध र बृहत्तर आर्थिक संकटले प्राण दिन्छ। विद्यमान राजनीतिक र आर्थिक संस्थाहरूको सहयोगमा हाम्रा परिस्थिति सुरक्षित बनाउने कार्य र असामान्य तवरमा आफ्नो वातावरणलाई रुपान्तरित गर्ने सामाजिक प्रक्रियाबीच ठूलो दूरी छ। त्यसैले अधिकांश रुपान्तरण आकस्मिक संकटको पृष्ठभूमिका हुने गर्छ। जसरी दोस्रो विश्वयुद्धको केही वर्षमा नेपालमा प्रजातन्त्र आयो। जसरी दरबार हत्याकाण्डको जगमा गणतन्त्र स्थापना सहज भयो।

संकटले प्रायः राजनीतिक वातावरणलाई तताउँछ। कतिपय अवस्थामा जमेको पहिचान र त्यस वरिपरिका स्वार्थ-सम्बन्धलाई पगाल्दै परिवर्तनको आधारलाई फराकिलो बनाउँछ। संकटबेगर राजनीति अपेक्षित रूपमा चिसिन्छ। तौलिएर गरिने अभ्यासमा परिणत हुन्छ। राजनीति कर्मकाण्डमा सीमित हुन्छ। स्थापित स्वार्थ-सम्बन्ध र मूल्य-मान्यतालाई प्रश्रय दिन्छ। विगत केही दशकमा वामपन्थले संकटबाट अपेक्षित लाभ लिन भने सकेन। तर, संकटको अभावमा वामपन्थले गर्न सक्ने पनि धेरै छैन। वामपन्थले गर्न सक्ने भनेको प्रतिपक्षीको राजनीतिक कार्यक्रमलाई आफ्नो सम्झेर लागू गर्ने। हाल वामपन्थीमा देखिएको समृद्धिप्रतिको आकांक्षा र त्यसमा निहित चिन्तन त्यस्तै राजनीतिक कार्यक्रम हो, जसले नेपाली कांग्रेस वा साझा विवेकशीलले चाहेजस्तो सामाजिक-आर्थिक संरचनालाई प्रश्रय दिन्छ। यो वामपन्थको स्थितिभ्रमित अवस्था हो। ♦

१८ फागुनमा सर्वोच्च परिसरबाट बाहिरिँदै कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, निर्देशक स्वस्तिका सिरोहिया, *कान्तिपुर* दैनिकका प्रधान सम्पादक सुधीर शर्मा लगायत

अवहेलनाको दुरुपयोग

प्रेसको दायरा खुम्च्याउने प्रधानन्यायाधीश पराजुलीको प्रयास

घनश्याम खड्का

प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीले म्याद बुझेको ७२ घन्टाभित्र हाजिर हुनु भन्दै आइन्दा आफ्नो अयोग्यताका सम्बन्धमा पत्रपत्रिकामा समाचारहरू प्रकाशन बन्द गर्ने व्यवस्था मिलाउन प्रेस काउन्सिललाई अन्तरिम आदेश दिए १० फागुनमा । सर्वोच्चमा नियुक्त हुनेबित्तिकै पराजुलीले *कान्तिपुर*माथि लगाइएको अवहेलना मुद्दामा यस्तै आदेश गरेका थिए, जसमा *कान्तिपुर*ले सफाइ पाएको छ ।

मुद्दाका पक्षप्रति चरम असहिष्णु भएको र बदलाको भावनाबाट प्रेरित भई आफ्नो मुद्दा आफैँले हेरेको भनेर त्यतिबेला पनि उनको आलोचना भएकै थियो । यसपटकको आदेशमा भने उनी एक कदम अघि बढेर प्रेसमाथि नै सेन्सरसिप लगाउने तहमा पुगेपछि स्थिति पहिलेभन्दा बढी नै चर्केर गएको देखिन्छ ।

पराजुली यस्ता प्रधानन्यायाधीश हुन्, जो नेपालको न्यायिक इतिहासमा सबभन्दा बढी आलोचित छन्, अन्तर्राष्ट्रिय रूपमै पनि । उनले गरेका फैसलाको विरोध सुरुदेखि हुँदै आएको थियो । पछिल्लो पटक एनसेललाई कर तिर्न नपर्नेदेखि निजी मेडिकल कलेजहरूलाई जहिल्यै फाइदा पुग्ने गरी मुद्दा छिनोफानो गर्नेलगायत दर्जनौं आदेश र फैसला उनले गरे, जसको सर्वत्र आलोचना हुन गयो । तापनि, अवहेलनाको त्रास देखाएर उनले प्रेसलाई एक ढंगले तर्साएर राखेका हुनाले चर्को रूपमा भने त्यसको विरोध हुन सकेको थिएन ।

जब एक दिनका लागि भए पनि चिकित्साशास्त्र अध्ययन संस्थानका डिन डा शशी शर्मालाई पुनर्बहाली गर्ने निर्णय भयो, पराजुलीको न्यायिक स्वेच्छाचारिताले हद पार गरेको भन्दै उनको राजिनामा मागसहित २४ पुसमा डा गोविन्द केसी आमरण अनसनमा बसे । त्यसपछि पराजुलीबारे चुप लागेकाहरूको मुख खुल्यो ।

अनसनस्थलबाटै केसीलाई त्यसै दिन पराजुलीले अवहेलनाको मुद्दा लगाएर पक्राउ गर्न लगाएपछि बदलिन गएको अवस्थामा सधैं आक्रामक रूपमा प्रस्तुत हुने पराजुली तुरुन्त प्रतिरक्षात्मक स्थितिमा पुगे । डा केसीले इजलासमै गर्जेर, 'गोपाल पराजुली भ्रष्ट र माफिया हुन्' भन्दा न्यायाधीशहरू मौन थिए । उनले त्यहीँ क्षण 'न्यायको बेचबिखन गर्ने पराजुलीको राजिनामा नभएसम्म न्यायालयको शुद्धीकरण सुरु हुन सक्दैन' भन्दा तिनले केसीलाई रिहाइ गरे । उल्टै, सर्वोच्चको इजलासले पराजुलीको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्र इजलासमा झिकाउन आदेश गर्‍यो जो केसीले उठाएका नौ मागमध्ये दुई थिए ।

जन्ममिति सच्याएर आफ्नो दुईमहिने कार्यकाललाई लम्ब्याएको आरोप खेपिरहेका पराजुलीको त्यतिबेलासम्म दुईथरी जन्ममिति कायम भएको तथ्यमात्र प्रकाशमा आएको थियो । यस सम्बन्धमा थप खोजीनीति हुँदा उनका अन्य तीनवटा जन्ममिति पनि सरकारी अभिलेखमै रहेको तथ्य फेला परे जो *कान्तिपुर*मा मात्र नभएर अरू केही मिडियाहरूमा पनि प्रकाशित सामग्री हो ।

पराजुलीले पूर्ववर्ती मुद्दाहरूमा देखाएको प्रतिशोधमूलक र आक्रामक शैलीलाई निरन्तरता दिँदै *कान्तिपुर*विरुद्ध पर्न गएको अवहेलनाको मुद्दामा म्याद थाम्ने र वारेस राख्ने हकसमेत नदिई ७२ घन्टे पुर्जी जारी गरे । अनि, प्रेसमाथि सेन्सरसिप लगाउन प्रेस काउन्सिललाई उक्साउँदै अन्तरिम आदेश दिए । अभिव्यक्ति तथा वाक स्वतन्त्रताको अन्तिम संरक्षणकर्ता अदालतबाटै यस्तो आदेश जारी हुँदा नागरिक समाजदेखि पत्रकारहरूको अन्तर्राष्ट्रिय महासंघ (आइएफजे) जस्ता संस्थाहरू विरोधमा ओर्लिएका छन् । प्रेस स्वतन्त्रताका पक्षमा विश्वभर सक्रिय रिपोटर्स विथआउट बोर्डर्स (आरएसएफ) ले त लोकतन्त्रमा कदापि स्वीकार्य नहुने आदेश गरेको भन्दै पराजुलीमाथि महाअभियोग लगाउन नेपालको संसद्लाई आग्रहसमेत गर्‍यो । विधि र शासनको लक्ष्मणरेखा नाघ्दा कस्ता-कस्ता तानाशाह पनि धुलिसात् भएका छन् भन्ने तथ्य बिर्सेर पराजुलीले आफ्नो योग्यताका सम्बन्धमा उठेको प्रश्न ढाकछोप गर्न अवहेलनाको अपव्याख्या गर्दै प्रेसको मुख थुन्न खोज्दा नेपालको समग्र न्यायालयकै साख गिरेको एक पूर्वप्रधानन्यायाधीशको विश्लेषण छ ।

"एउटा व्यक्तिले आफ्ना अवाञ्छित इच्छालाई जोगाउन पदको यसरी चरम दुरुपयोग गरेपछि उत्पन्न भएको यो परिस्थितिले अन्तर्राष्ट्रिय जगत्मा हाम्रो न्यायालय कति पतीत रहेछ भन्ने सन्देश गएको छ," ती पूर्वप्रधानन्यायाधीश भन्छन्, "देशको इज्जतको दृष्टिले हेर्दा यो अपूरणीय क्षति हो, यसको शोधभर्ना गर्ने जिम्मा संसद्को हो, जसले महाअभियोग लगाएर लोकतन्त्रको आत्मा, विधिको शासन र शक्ति सन्तुलनको सिद्धान्त नेपालमा कायमै छ भन्ने सन्देश प्रवाह गर्ने सामर्थ्य राख्छ ।"

अदालतको काम-कारबाहीमा बाधा पुर्‍याएको र अदालतको फैसलालाई अवज्ञा गरेको कामलाई नेपालको संविधानले अवहेलनाका रूपमा व्याख्या गरेको छ ।

"अदालतको अवहेलना भनेको अदालतको स्वतन्त्रतामा बाधा पुग्ने गरी गरेको काम हो," संविधानविद् विपिन अधिकारी भन्छन्, "न्यायाधीशको योग्यता वा फैसलाका सम्बन्धमा पक्ष-विपक्षमा भएको टीकाटिप्पणी तथा समाचारलाई अवहेलना भन्नु यसको विधिशास्त्रीय मान्यतालाई नबुझ्नु वा अपव्याख्या गर्नु हो ।" ◆

kathmandupost.ekantipur.com
KMG
MANAGEMENT
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Management; omnipresent in business. How is the world evolving in Management techniques? What makes a good Manager?
Find all you need to know about Management.
kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

विश्वास हमाल

युरोपभन्दा महँगो काठमाडौँ

नेपाल रहँदा मुस्किलले दुई/तीन पटक कफी खाइयो होला । तर,विदेश छिरेपछि एक-दुई कप भन्दाभन्दै कफी खाने लत लाग्यो । चिसो मौसम, सधैँको काम अनि थाकेको शरीरलाई कफीले केही मात्र भए पनि राहत दिने रहेछ । अहिले त काठमाडौं नै कफी संस्कृतिमा चुर्लुम्मै डुब्न थालिसकेछ । केही महिनाअघि नेपाल जाँदा लाजिम्पाट वरपर घुम्दै थिएँ । एउटा सामान्य कफी पसलमा छिरेर कफी मगाएँ । कडा र स्वादिलो थियो, कफी । तर, बिल भने पत्याउनै नसकिने पो आयो । एक कफ कफीको तीन सय रुपियाँ ! बिलमा केही गल्ती भएको हो कि भन्ने लाग्यो । गल्ती बिलमा होइन, मेरो बुझाइमा रहेछ । देशमा महँगीले आकाश छोइसकेछ । विश्वका सबैभन्दा महँगा भनिने सहरहरू नर्वेको ओस्लो, स्वीट्जरल्यान्डको ज्युरिक, बेलायतको लन्डनमा पनि त्यति पैसामा राम्रै कफी पाइन्छ । यो बेग्लै कुरा हो कि कफी हामी नेपालीका लागि दैनिक उपभोग्य वस्तु नहुन सक्छ । यसकै मापनमा जीवनशैली कति सस्तो र महँगो छ भन्नु उचित पनि नहोला ।



महँगो कफीको स्वाद चाखेपछि साथीहरूलाई भेट्ने कार्यक्रम भएकोले दुई/तीन वटा छोटो कल गरेँ । पाँच मिनेट इमेल र फेसबुक चलाएको मात्र थिएँ, बिहान भर्खर राखेको मोबाइलको ब्यालेन्स सकिएछ । गएको दस दिनमा मैले सायद यस्ता रिचार्ज कार्ड किनिसकेको रहेछु । बेलायतमा मैले महिनाको १२ पाउन्डमा हजार मिनेट टकटाइम, अनलिमिटेड एसएमएस र १२ जीबीको इन्टरनेट चलाउँछु । हिसाब गर्दा त कफी मात्रै होइन, फोन पनि महँगो पर्न गयो । युरोपतिर आफू बसेको स्थानीय ठाउँमा हिँड्दा पनि गोजीमा २० युरो वा पाउन्ड छ भने ढुक्क भइन्छ । किनकि, त्यो ठूलो पैसा हो । तर, काठमाडौंमा हजार रुपियाँको एउटा नोट साट्ने बित्तिकै कहाँ जान्छ, पत्तै पाइँदैन । आम्दानी र खर्चको तुलनामा काठमाडौं मेरा लागि विश्वकै महँगो सहर हो ।

दैनिक उपभोग्य वस्तुहरू एकदमै महँगा छन् । युरोप र अमेरिकाभन्दा पाँच/छ गुणा महँगा । एक किलो खसीको मासुलाई लन्डनमा आठ पाउन्ड पर्छ भने नेपालमा एकहजार रुपियाँ । जबकि, हाम्रो कमाइ उनीहरूको भन्दा दसौँ गुणा कम छ । यस अर्थमा एउटा बेलायतीले आफ्नो एक घन्टाको कमाइले एक किलो मासु खरिद गर्न सक्छ भने हामीलाई त्यसकै लागि एक दिनको कमाइ खर्च गर्नुपर्छ । पहिले नेपाल आउँदा सस्तो लागेर धेरै लुगा किनिन्थ्यो । तर, नेपालमा ढाका टोपी र गोल्ड स्टार जुत्ताबाहेक सबै विदेशमा भन्दा महँगो लाग्छ । नेपालमा शिक्षा पनि उत्तिकै महँगो छ । युरोपलगायत अरू देशमा मुख्यत: १२ कक्षासम्म पूर्णत: निशुल्क हुन्छ । तर, नेपालमा जन्मिनेबित्तिकै नर्सरी, प्ले ग्रुप, एलकेजी, युकेजी भन्दै नानाथरी उपाय अपनाएर पैसा लुट्न लागिपरेका छन्, शैक्षिक माफियाहरू ।

बंगलादेशको ढाका र चटगाउँमा एक साता बस्दा खानेकुरादेखि दैनिक उपभोग्य वस्तुहरू हामीले अनुमान गरेभन्दा निकै सस्तो पायौँ, सायद आफैँले उत्पादन गर्ने भएकोले होला । भारतको त कुरै नगरौँ, नेपालको भन्दा जे कुरा पनि आधा नै सस्तो छ । सात समुन्द्रपारिका देशहरू मात्र होइन, कमजोर आर्थिक स्थिति भएका छिमेकीहरूको जीवनशैली पनि हाम्रो जस्तो महँगो छैन । वर्षौंवर्षसम्म सार्वजनिक सवारीमा कोचिँदा-कोचिँदा दिक्क भएर बल्ल मोटरसाइकल किनेको कथा सुनाउँथ्यो साथीले । छिमेकी भारत र संसारको जुनसुकै ठाउँमा ५०/६० हजार रुपियाँमा पाइने 'सेकेन्ड ह्यान्ड' मोटरसाइकललाई उसले एक लाख पचास हजार रुपियाँ हाल्यो । त्योभन्दा सस्तो मूल्यमा मैले विश्वकै महँगो देशमा काम चलाउ कार किनेको थिएँ । यहाँनेर फेरि एकपटक तुलना गर्न मन लाग्यो । एउटा औसत नेपालीलाई काम चलाउ कार किन्न वर्षभरिको कमाइ खर्चिनुपर्छ । किनकि, नेपालको कर प्रणाली विश्वमै अचम्मको मानिन्छ । अन्य देशमा दुई महिनाको कमाइले काम चलाउ कार किन्न सहजै सकिन्छ । अब कसरी भन्ने कि नेपाल विश्वका सस्तो देशमध्ये पर्छ भनेर । युरोप-अमेरिका बराबरको कमाइ हुने हो भने त ठीकै होला । तर, काठमाडौंमै बसेर नेपालको औसत कमाइले कुनै पनि हालतमा यो सम्भव छैन । मेरो अनुभवमा काठमाडौं त लन्डन र पेरिसभन्दा निकै महँगो सहर हो । ◆

समलिंगी संसार

आफ्नो वास्तविक यौन पहिचान सार्वजनिक गर्ने साहसी

विभु लुइटेल

हो, म 'गे' हुँ र म आफ्नो पहिचानमा गर्व गर्छु ।

पराक्रमशमशेर जंगबहादुर राणा

मनीषा कोइराला, हुमा कुरेसी, सुशान्तसिंह राजपुत, अमाइरा दस्तुरजस्ता बलिउडका स्टाइलिस कलाकारले स्टाइलिङका लागि सम्झने पहिलो नाम हो, पराक्रमशमशेर जंगबहादुर राणा, २३ । विसं २०७० देखि मुम्बईमा सेलिब्रिटी स्टाइलिस्टका रूपमा काम गर्दै आएका राणाले सार्वजनिक रुपमै खुलासा गरे, “हो, म ‘गे’ हुँ र म आफ्नो पहिचानमा गर्व गर्छु ।” समाजले व्याख्या गर्ने ‘सामान्य मानिस’भन्दा आफू भिन्न छु भन्ने कुरा कक्षा ९ मा पढ्दै गर्दा उनले थाहा पाए । “आखिर ‘सामान्य’ शब्दको परिभाषा के त ?” उनी प्रश्न गर्छन् अनि उत्तर पनि आफैँ दिन्छन्, “म समलिंगी पक्कै हुँ । र, यो सामान्य हो ।”

कलिलै उमेरमा पराक्रमलाई आफ्नो लैंगिकताको आभास भयो । उनको व्यवहार कक्षाका अन्य विद्यार्थीको भन्दा भिन्न थियो । “साथीहरू छेड हान्थे, दुःख दिन्थे । त्यो उमेरका केटाहरू त्यस्तै हुन् भन्ने लाग्थ्यो,” उनी सुनाउँदै गए, “पहिले एकदम नराम्रो लाग्थ्यो, म मात्र यस्तो हो कि भनेर ? तर, अरू पनि हुँदारहेछन् ।” उनी आफ्नो जीवन बदल्नमा अंग्रेजी गायक रिक्की मार्टिनको ठूलो हात रहेको बताउँछन् । ट्वीटरमा उनलाई मार्टिनले लैंगिक पहिचानका महत्त्वबारे विभिन्न सरसल्लाह दिइरहन्थे । जति बुझ्दै गए, त्यति नै आफू आफ्नो प्यारो हुँदै गए । अहिले आफ्नै तरिकाले खुसी जीवन बाँचिरहेका छन् ।

पराक्रमले ‘गे’ भएको थाहा पाउनेबित्तिकै आमा स्नेह राणालाई भनेका थिए । आफ्नो परिवारसँग यस्तो कुरा लुकाउनेहरू डिप्रेसनको सिकार भएका, आत्महत्या गरेका वा केटीसँग विवाह गरी उसको जिन्दगीसँग नै खेलबाड गर्ने गरेको स्नेहले देखे-सुनेकी छन् । कुपन्डोलमा मेकअप स्टुडियो सञ्चालन गरिरहेकी स्नेह भन्छिन्, “म चाहन्छु, सबैजना पराक्रमजस्तै बाहिर आऊन् । म एकदम गौरव गर्छु, ऊजस्तो बहादुर छोराको आमा भनी चिनिन पाएकामा ।”

इन्टरनेटमा रम्ने नेपालीमाझ लेक्स लिम्बू प्रिय नाम हो । दस वर्षअगाडि ब्लगिङ सुरु गरेका लेक्सले हालै एक भिडियोमार्फत आफू समलिंगी भएको कुरा खुलाएका छन् । रुढिवादी मानसिकता भएका व्यक्तिसँग उनी प्रतिप्रश्न गर्छन्, “हामी कोसँग आकर्षित छौँ भन्ने कुरालाई लिएर किन टाउको दुखाउने ? हाम्रो चरित्रको आलोचना गरिहाल्ने ?” (हेर्नुहोस्, बक्स ‘उकुसमुकुसबाछ उडान’)

जीवनमा अरूका खुसी र संवेदनाभन्दा आफूलाई प्राथमिकता दिनुपर्ने धेरै क्षण आउँछन् । त्यस्तै भयो, अनुज राई (पिटर), ३०, को जिन्दगीमा पनि । २४ वर्षको उमेरमा विवाहका लागि उनको काम-कुरो छिनियो । त्यसको केही समयपछि उनी कामविशेषले नीलहिरा समाज पुगे । त्यहाँ उनले यौन अल्पसंख्यकसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने मौका पाए । सबैका संघर्षका कथा सुन्दै गए । हाल नीलहिरा समाजमा परामर्शदाताका रूपमा कार्यरत पिटर भन्छन्, “मैले यहीँ आएर आफू ‘गे’ भएको महसुस गरेको हुँ । ‘इन्गेजमेन्ट’ भइसकेको थियो । तापनि, ‘ब्रेकअप’ गर्नेबाहेक अरू कुनै विकल्प नै थिएन ।” सुरुमा अरूले केटी र पिटर एकअर्काको अनुकूल नभएकाले विछोड भएको लख काटे । किनभने, उनी निकै पछि मात्रै खुलेर बाहिर आएका हुन् । ०७२ को भूकम्पपछि मात्र आफ्नो पहिचानको बारेमा घरमा भनेका हुन् । यो कुरा सुनिसकेपछि उनको घरमा पनि ठूलो भूकम्प गयो । सुरुमा परिवारले स्विकार्न गाह्रो माने । बिस्तारै सबै ठीक हुन थाल्यो । बेलाबेलामा छिमेकी आएर आमाका अगाडि गुनासो गर्छन् । आमाको चित्त दुख्छ, भक्कानिन्छिन् । उनलाई आशा छ, आमालाई बिस्तारै बानी पर्दै जान्छ ।

केही वर्षअघि जस्तो भेदभाव अहिलेको समाजमा विरलै हुने पिटरको अनुभव छ । तापनि, केही मानिस उनलाई देख्नेबित्तिकै नाक

> धन्न ! त्यस दिन हिम्मत गरेँ । नत्र आफू जो होइन, अहिले उसको जिन्दगी बाँचिरहेको हुन्थेँ ।

विश्वराज अधिकारी



> 'इन्गेजमेन्ट' भइसकेको थियो । तापनि 'ब्रेकअप' गर्नेबाहेक अरू कुनै विकल्प नै थिएन ।

अनुज राई (पिटर)

खुम्च्याइहाल्छन् । त्यस्तो व्यवहारले सुरुका दिनमा सास्ती दिने गरेको उनी स्मरण गर्छन्। बिस्तारै त्यही कुराले उनलाई आत्मविश्वासी बनाउँदै लग्यो । आफूले आफैँलाई झन् धेरै माया गर्न सिकायो । "यसमा किन गर्व नगर्ने ?" 'मिस्टर गे ह्यान्डसम'को पछिल्लो संस्करणमा तेस्रो भएका पिटर भन्छन्, "नेपालको तीन करोड जनसंख्यामा करिब ७ लाख हामीजस्ता समुदायका मानिस छौँ। हाम्रो संख्या कम छ, त्यसैले त हामी विशेष हौँ ।"

६ वर्षअगाडि 'मिस्टर गे ह्यान्डसम'मा हेटौँडाका विश्वराज अधिकारीले उपाधि चुमेका थिए । प्रतियोगिता हुनुभन्दा ठीक एक दिनअगाडि अधिकारीले घरमा फोन गरी भाइलाई सबै कुरा सुनाएका रहेछन् । बाआमाले स्वीकार्दैनन् भन्ने थाहा थियो । त्यसैले उनीहरूबाट अलग्गिएर बस्छु भन्ने दृढ संकल्प गरिसकेका थिए । "धन्न ! त्यस दिन हिम्मत गरेँ। नत्र आफू जो होइन, अहिले उसको जिन्दगी बाँचिरहेको हुन्थेँ," उनले लामो श्वास फेरे ।

भयले विश्वराज डिप्रेसनको सिकार पनि भए । डिप्रेसनको औषधि र परामर्श त दिनचर्या नै भइसकेको थियो । म आफैँसँग डराउँथेँ । नडराउनु पनि कसरी ? सबैभन्दा मिल्ने साथीले कटु शब्द बोल्दै मुखैमा थुकिदिएपछि। केही मिल्ने साथीहरूले फेसबुकमा ब्लक गर्दै गए। अरूले देख्लान् कि भनी मुख लुकाएर हिँड्नुपर्थ्यो। उनै अधिकारी आज नीलहिरा समाजको मानवअधिकार विभागमा अधिवक्ताका रूपमा कार्यरत छन्। खुसी पनि छन्, सुखी पनि ।

संसारले रुचाएका निल प्याट्रिक ह्यारिस, एल्टन जोन, एन्डर्सन कुपर, रिक्की मार्टिन समलिंगी पुरुष हुन् । सबैले उनीहरूको लैंगिकतामाथि प्रश्न नगरी उनीहरूको काम रुचाएका हुन्। मानिसको लैंगिक अभिविन्यास जस्तोसुकै होस्, आफूप्रति इमानदार हुनुपर्छ। पराक्रम, लेक्स, पिटर र विश्वराज सबै यही कुरालाई अनुशरण गर्छन् । र, सबै एकै स्वरमा भन्छन्, "लैंगिकताको सवालमा नेपाली समाज पनि प्रगतिशील हुनुपर्छ ।

उकुसमुकुसबाट उडान

आफू समलिंगी भएको लेक्स लिम्बूको खुलासा

गोकर्ण गौतम

एक दशक पुग्यो, लेक्स लिम्बूले ब्लग लेख्न थालेको । यति नै समय बित्यो, इन्टरनेटमा रमाउने नेपाली तन्नेरीमाझ उनी लोकप्रिय भएको । अंग्रेजी भाषाको अनौपचारिक लेखनबाट लेक्सले हजारौं 'फलोअर्स' कमाए । सुरु-सुरुमा सिनेमा र सेलिब्रिटीका बारेमा लेख्थे, अहिले समाजका अनेक विषयलाई समेट्छन् । जे गर्छन्, केन्द्रमा युवा नै हुन्छन् । लेखनले मात्र होइन, उनको आनीबानी र फेसन सेन्सले पनि धेरैको नजर तान्छ । १२ फागुनमा लेक्सले 'सरप्राइज' दिए, आफ्ना शुभेच्छुक र यो समाजलाई । त्यस 'सरप्राइज'ले उनलाई चर्चाको केन्द्रमा त पुऱ्याएकै छ, सम्मान र प्रेम दर्शाउनेको संख्या थपिँदो छ । आखिर 'सरप्राइज' छ नै त्यस्तो । २५ वर्ष यी तन्नेरीले आफ्नो आधिकारिक *युट्युब* च्यानलबाट सगर्व घोषणा गरे, 'म समलिंगी पुरुष हुँ ।' वाह, कस्तो आत्मबल !

भिडियो हेरेपछि *युट्युब*मा शिक्षा कार्कीको प्रतिक्रिया छ, 'संसारभरबाट सबैको माया संगालेर तिमीलाई पठाउँदै छु । सलाम ! तिम्रो साहसलाई ।' भरतमान श्रेष्ठ लेख्छन्, 'डरलाई जितेकोमा तिमीलाई बधाई छ ।' अधिकांश प्रतिक्रियाको सार यस्तै छ । नहुनु पनि कसरी, आफ्नो असली पहिचान सबैसामु खुलाउने आँट जो गरे । उकुसमुकुसबाट उडान जो भरे । उनी आफैं भन्छन्, "एउटा छुट्टै ऊर्जा मिलेको छ ।" तर उनलाई अढाई दशक लाग्यो, यो तथ्य सबैसामु निर्धक्क पोख्न । डर थियो- परिवार, समाज अनि कथित संस्कृतिको । धक लाग्थ्यो, साथीको सामु । मन पोल्थ्यो, भोलिको भयले । तर, अन्ततः लेक्सले जिते । यो त्यही जितको कथा हो । अनि, प्रेरणादायी पनि, जो आफ्नो यौनिक पहिचान लुकाउन अभिशप्त छन् ।

सन् १९९२ मा धरानमा जन्मिए, लेक्स । बुबा बेलायती आर्मी । बुबाको सरुवासँगै दुई वर्षको उमेरमा ब्रुनाई पुगे । आठ वर्षको उमेरमा बेलायत । अहिले पनि त्यहीं छन् । खुला परिवेशमा हुर्कन पाउनु आफैंमा सुखद थियो । तर, उनी बडो शान्त र अन्तर्मुखी स्वभावको परे । कम बोल्ने, आफैंसँग रमाउने । ११-१२ वर्षको उमेरदेखि स्वाभाविक रूपमा यौन भावना पैदा भयो । तर, केटी होइन, केटासँग । तैपनि सोच्थे- अहिलेलाई मात्र यस्तो भएको हो, पछि केटी नै मन पर्छ । तर, त्यस्तो कहिल्यै भएन । केटी साथी हुन्थे, यौन चाहना फिटिक्कै नआउने । बरू केटासँगै मन डुल्थ्यो ।

अनि, निश्चिन्त भए, 'म 'गे' हुँ, मलाई केटा नै मन पर्छ ।' यतिबेला १८ वर्ष पुग्दै थिए । उनले समलिंगी गायक एल्टन जोनबारे बच्चैमा पढेका थिए । सोचे, म त्यस्तै हुँ । बेलायतबाट इन्टरनेट कुराकानीमा लेक्सले ती दिनहरू सम्झिए, "त्यतिबेला पनि मैले आफूलाई प्रश्न उठाइनँ । मनबाटै स्वीकारेँ । सायद स्कुलमै समलैंगिकताबारे ज्ञान पाएर हुनसक्छ ।" यस्तो अवस्थामा अधिकांशले केटीलाई माया गर्ने प्रयास गर्छन्, कतिले 'गे' होइन भनेर प्रमाणित गर्न, कतिले आफूलाई परीक्षण गर्न । जसबाट राहत होइन, झन् तड्पिनु पर्छ । तर, लेक्सले कहिल्यै यो बाटो रोजेनन् । जसलाई माया गर्न गाह्रो हुन्छ, त्यसलाई माया गर्न खोजेर किन आफैंलाई कमजोर बनाउने ? उनलाई यस्तै लाग्थ्यो ।

'गे' हुनुमा कुनै ग्लानि थिएन । तर, परिवार त परको कुरा, साथीसँगसमेत खुलस्त भन्न सक्दैनथे । किन त ? भन्छन्, "नेपालबाट हेर्दा बेलायत उदार देखिन्छ । तर, यहाँ पनि "बुलिङ"को सिकार हुन्छन् समलिंगी । अपमान र तिरस्कार सहनु पर्छ ।" उनले सांकेतिक रुपमा साथीहरूलाई जनाउ दिने मध्यमार्गी बाटो अपनाए । खुसीको कुरा, साथीहरूको प्रतिक्रिया आत्मीय हुन्थ्यो, ढाडस दिन्थे । संवेदना होइन, साहस दिन्थे । सोही कारण नजिकका मित्रसँग लुकाएनन् । तर, परिवारलाई ? अहँ, अझै आँट र आत्मविश्वास पलाएन । परिवारको एउटै छोरोले 'गे' भएको घोषणा गर्दा बुबाआमाको हृदयमा चोट पुग्ला भन्ने तनाव हुन्थ्यो । आफ्ना कति समलिंगी साथीलाई परिवारले नस्वीकार्दाको भयावह परिणाम देखेका थिए । त्यसैले खुल्न चाहेनन् । पढाइ र ब्लगिङमै रमाउने प्रयत्न गरे । घरमा पत्तै दिएनन् ।

तर, कति दिनसम्म ? समयसँगै पिरोल्न थाल्यो ।

बुबाआमालाई असली कुरा नभनेकोमा पीडाबोध हुन्थ्यो । नचाहँदा-नचाहँदै आफू आमकेटा भएको अभिनय गर्नुपर्थ्यो । अझ घोच्ने कुरा अर्कै हुन्थ्यो । खुला समाजको शिक्षित र आत्मनिर्भर व्यक्तिले नै दुनियाँलाई ढाँट्ने हो भने अरू कसरी खुल्न सक्छन् ? लेक्स भन्छन्, "त्यसैले म बाहिर आउनै पर्छ भन्ने जिम्मेवारीबोध हुन थाल्यो । आफ्नो यौन पहिचान लुकाउनुपर्ने कारण नै भेटिनँ ।" सुरुआत आफ्नै घरबाट गर्ने निधो गरे ।

जुलाई २०१७ को एक साँझ ।

बुबाआमा सँगै थिए । लामो समयदेखिको प्रतीक्षा थियो, त्यो पल । अदम्य साहस बटुलेका थिए मनमा । र, मुखबाट खसिहाल्यो, 'म केही भन्न लागेको छु । नडराउनुस्, म 'गे' हुँ ।' यतिमै रोकिएनन्, 'म केटा हुँ, केटालाई नै मन पराउँछु । अन्य केटा र ममा अरू केही फरक छैन ।' यत्ति भनेपछि अभिभावकको अनुहार हेरे । मलिनता र दुःखको बादल छाएको थियो । लेक्सलाई डर थियो, कतै कठोर स्थितिको सामना गर्नुपर्ने त होइन ? तर, केहीबेरको मौनतापछि बुबाआमाको मायालु आवाज सुने, 'कहिलेदेखि थाहा पायौ ? यत्रो समय किन लुकाएको ? कति गाह्रो भयो होला ?' लेक्स भावुक सुनिए, "यस्तो भावनात्मक प्रतिक्रियापछि ममा अझ आत्मविश्वास बढ्यो । साँच्चै लक्की रहेछु भन्ने लाग्यो, यत्ति बुझक्कड अभिभावक पाएर ।" भलै, बुबाआमाले नस्वीकारे घर छोडेर एक्लै बस्छु भनेर 'प्लान बी' बनाइसकेका थिए । उनी मुस्कुराए, "धन्न ! त्यस्तो अवस्था आएन ।"

साथी र अभिभावकको यति न्यानो साथले दरिलो बनाइहाल्यो । र, युट्युबमार्फत रहस्योदघाटन गरे । लेक्स लेखनबाट 'युथ

आइकन' बनिसकेका छन् । यसकारण पनि, उनी खुल्नु भनेको अरूका लागि ऊर्जाको स्रोत हुनु हो । लेक्सले चाहेको यत्ति हो । जुन पूरा हुँदै छ किनभने अचेल फेसबुक, इमेलको इनबक्स चेक गर्न भ्याईनभ्याई छ । कोही आफू खुल्न नसकेको पीडा पोख्छन्, कोही अन्य खालका घरेलु हिंसाको सिकार भएको व्यथा सुनाउँछन् । कतिले खुल्ने आँट आएको, लैंगिकताप्रतिको हीनताबोध हराएको कुरा सहर्ष म्यासेन्जरमा पठाउँछन् । पर्यटन, वातावरण र विकासमा स्नातकोत्तर गरेका लेक्स भन्छन्, "यसरी अरूलाई आत्मबल प्रवाह गर्दा ज्यादै सन्तुष्टि मिल्दोरहेछ ।"

लेक्सका एलजिबिटी (लेस्बियन, गे, बायोसेक्सुअल, ट्रान्सजेन्डर) समुदायका यस्ता साथीहरू छन्, जो बाहिरबाट खुसी तर भित्रभित्रै पीडामा पिल्सिरहेका । कति त मानसिक समस्याकै सिकार हुन्छन् । समस्या उही हो, आफ्नो लैंगिकताको बारेमा खुल्न नसक्नु । कति खुलेका छन् । तर, समाज र परिवारको अपहेलनाको चोट सहिरहेका हुन्छन् । कतिका आमाबाबुले चाहेर पनि समाजको डरले आफ्नो सन्तानको चाहलाई स्वीकार्न सक्दैनन् । लैंगिकताकै तनावका कारण करिअर ध्वस्त हुनेको संख्या पनि कम छैन । जबकि, सबैको चाह असली पहिचान बाहिर ल्याउने र गर्वका साथ बाँच्ने नै हुन्छ । लेक्सलाई लाग्छ, समाजमा एकअर्कालाई सम्मान गर्ने र स्वीकार्ने संस्कार विकास गर्न बहस चलाउनु जरूरी छ । जसले गर्दा कसैले लैंगिकताकै कारण आततायी जीवन भोग्नु नपरोस् । यौनिक अल्पसंख्यकका बारेमा बेलाबखत ब्लग लेख्दै आएका लेक्सको सुझाव छ, "समाज, परिवार वा अरू कसैको सोचमा बाँधिएर जिउनुपर्छ भन्ने छैन । आफू मानसिक र भावनाको रूपमा सक्षम र साहसी हुनुपर्‍यो । जिउने शैली आफ्नै छनोटको हुनुपर्छ ।"

लेक्सको अहिले पार्टनर छैनन् । भइदिएको भए, अगाडि ल्याउँथे । विवाह गर्ने, सन्तान जन्माउने सपना देख्छन् । सन्तानको चाह पूरा गर्न प्रविधि फलिफाप हुँदैछ । सुर्ता लिनुपर्ने केही छैन । उनलाई लाग्छ, आफू आफैँजस्तो भएर बाँच्ने हो । परिवार, समाज वा अन्य सम्बन्ध पछिका कुरा हुन् । आत्मनिर्भर हुने हो । आफ्नो खुसीलाई केन्द्रमा राख्ने हो । कुनै वियोगबाट पिल्सिएर आफैँलाई चोट दिनु हुन्न । कोही नहुँदा पनि जीवन सकिन्न, शून्य हुन्न । लेक्स मुस्कुराए, "लाइफ इज लङ । सो लेट्स कम आउट ।" जीवन लामो छ । त्यसैले खुलेर जिऔँ ।

> **नेपालबाट हेर्दा बेलायत उदार देखिन्छ । तर, यहाँ पनि 'बुलिङ'को सिकार हुन्छन् समलिंगी । अपमान र तिरस्कार सहनु पर्छ ।**
>
> लेक्स लिम्बु

एकअर्काप्रति सम्मान दर्शाउनु पर्छ ।"

यहाँनेर रामायणको एउटा रोचक प्रसंग उल्लेख गर्नु सान्दर्भिक हुन्छ । श्रीराम वनबास जाने बेला अयोध्याका सबै मानिस चित्रकुट जंगल सुरु हुने ठाउँसम्म पुर्‍याउन गएका थिए । उनीहरूलाई बिदा गर्ने बेला रामले भने, "ल नरनारीहरू, अब आआफ्ना घर फर्कनुस् ।" त्यसपछि वनतिर लागेका रामले १४ वर्षपछि फर्कदा एक समुदायलाई त्यही स्थानमा बसेको देखे । कारण सोध्दा उनीहरूबाट उत्तर आयो, "हे राजन, हजुरबाट त नरनारीलाई मात्र घर फर्कने आदेश भएको थियो ।"

यो प्रसंग व्याख्या गर्दा विश्वराज केही भावुक देखिए । उनले भने, "कतिलाई यो अहिले व्याप्त विकृतिजस्तो लाग्छ । कसैले हाम्रा धर्मग्रन्थ एकचोटि पल्टाएर हेर्ने चेष्टा गरेको खोइ ?" यस विषयमा पराक्रम अलि झोक्किए, "रुढिवादीहरू आफ्नो कुण्ठा व्यक्त गर्नुअघि किन यस्तो किताब पढ्दैनन् ? अझ महाभारतको युद्धमा भीष्म पितामहलाई परास्त पार्न कृष्णले शिखण्डीलाई मैदानमा उतार्नुभएको होइन ?" ◆

विश्वकप सपना

'सुपर सिक्स' पहिलो लक्ष्य

तस्बिर: आईसीसी

विनोद पाण्डे

नेपाली क्रिकेटको जिम्बाबे यात्रा विश्वकप छनोटलाई हो । प्रतिस्पर्धी अन्य नौ राष्ट्र यही प्रतियोगितालाई टेक्दै एकदिवसीय विश्वकपमा पुग्ने दाउमा छन्। नेपालले अहिलेसम्म ५० ओभरको विश्वकप खेलेको छैन । त्यसैले एक पाइला मात्र नजिक रहेको अवस्थामा विश्वकपमा पुग्ने सपना देख्नु स्वाभाविक हो । सपना पूरा भएमा त्यो नेपाली क्रिकेटको मात्र नभई नेपाली खेलकुदकै सबैभन्दा ठूलो सफलता हुनेछ ।

महत्त्वाकांक्षा भए पनि व्यावहारिक हिसाबमा नेपाललाई विश्वकपमा पुग्न निकै कठिन छ। हालै अर्को अफ्रिकी भूमि नामिबियामा भएको विश्व क्रिकेट लिग डिभिजन २ मा फाइनलमा पुग्दै नेपालको जिम्बाबे यात्रा तय भएको हो। उपाधि भिडन्तमा युएईसँग नेपाल ७ रनले पछाडि परेको थियो । त्यसको मतलब जिम्बावेमा नेपाल १० राष्ट्र सहभागी प्रतियोगितामा सबैभन्दा तल्लो वरियता टोलीको रुपमा उत्रने छ ।

विश्वकप छनोटको फाइनलमा पुग्ने टोली अर्को वर्ष इंग्ल्यान्डमा हुने विश्वकपमा पुग्नेछन्। पहिलो पटक छनोटमा टेस्ट मान्यता टोली पनि प्रतिस्पर्धा गर्दैछन् । यसअघिका विश्वकपमा टेस्ट खेल्ने १० राष्ट्र विश्वकपका लागि सोझै छनोट हुन्थे । ८ टोली मात्र सोझै छनोट हुने नयाँ नियममा टेस्ट खेल्ने राष्ट्रले पनि छनोट खेल्नु परेको हो। विश्वकपमा सहभागी हुने १४ राष्ट्रबाट खुम्चाएर १० मा झार्दा एकदिवसीय वरियतामा शीर्ष ७ राष्ट्र सोझै विश्वकप पुगेका थिए। इंग्ल्यान्डलाई आयोजकको हिसाबमा सोझै प्रवेश दिइएको थियो ।

७० को दशकमा पहिलो दुई विश्वकप जितेको वेस्ट इन्डिज र टेस्ट वरियतामा पुछारमा रहेको जिम्बावे शीर्ष ८ मा परेनन्। अफगानिस्तान र आयरल्यान्ड यस वर्षदेखि टेस्ट क्लबमा छिर्दैछन्। एकदिवसीय वरियताबाट यी दुई राष्ट्र पनि सोझै विश्वकप छनोट हुन सकेनन्। पछिल्लो दुई वर्ष नेपालसँगै खेल्दै आएको नेदरल्यान्ड्सले विश्व क्रिकेट लिग च्याम्पियनसिप जितेर एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता लिइसकेको छ। यिनै वेस्ट इन्डिज, जिम्बावे, अफगानिस्तान, आयरल्यान्ड, नेदरल्यान्ड्स, स्कटल्यान्ड, हङकङ, पपुवा न्यु गिनी, युएईसँग नेपालले विश्वकप छनोटमा प्रतिस्पर्धा गर्दैछ ।

छनोटमा नेदरल्यान्ड्स र नेपालसँग मात्र एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता हुनेछैन । नेदरल्यान्ड्स यस प्रतियोगितापछि मात्र एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त राष्ट्रमा सूचीकृत हुनेछ । नेपालले अझै ५० ओभरको मान्यता प्राप्त खेल खेल्न सकेको छैन । खासमा नेपालको जिम्बावे यात्रा त्यही एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताका लागि हुनेछ। विश्वकपमा नै पुगेमा त्यो बोनस हुनेछ, जसको कुनै मूल्य नै हुने छैन ।

"विश्वकप छनोट निकै कठिन प्रतियोगिता हो । सबै टोलीको लक्ष्य विश्वकपमा पुग्नु छ । दुई वटा टिम मात्र विश्वकपमा पुग्छन् । हरेक टोली उतिकै राम्रा छन् । चार टेस्ट खेल्ने राष्ट्र र च्याम्पियनसिपका शीर्ष चार राष्ट्र तथा नेपाल र युएई त्यही छन्," कप्तान पारस खड्काको यही भनाइले नेपाल अहिलेसम्मकै सबैभन्दा कठिन प्रतियोगिता खेल्न गइरहेको प्रस्ट हुन्छ। उनी अगाडि भन्छन्, "विश्वकपमा पुग्न पाए नेपालीलाई त्यो सबैभन्दा ठूलो क्षण हुनेछ। यथार्थमा भन्नुपर्दा हाम्रो पहिलो लक्ष्य सुपर सिक्समा पुग्ने हो । सुपर सिक्समा पुगिसकेपछि विश्वकपको सपना देख्न सक्छौं । तर, त्यो त्यत्ति सजिलो हुने छैन । कति टिमले त विश्वकपमा पुग्ने भनेर २ वर्षअगाडि नै तयारी सुरु गरिसकेका

थिए। त्यसैले अहिलेको लक्ष्य भनेको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाउनु हो। मैदानमा गएर राम्रो खेल्न सक्नुपर्छ, त्यसभन्दा अगाडि केही भन्न सकिन्न।"

नेपालले समूह चरणमा आयोजक जिम्बावे, अफगानिस्तान, स्कटल्यान्ड र हङकङसँग प्रतिस्पर्धा गर्नेछ। अर्को समूहमा वेस्ट इन्डिज, आयरल्यान्ड, नेदरल्यान्ड्स, पपुवा न्यु गिनी र युएई छन्। एउटा समूहबाट शीर्ष तीन टोली सुपर लिगमा पुग्ने छ। समूह चरणको अंक सुपर लिगमा पनि जोडिने छ। जस्तो जिम्बावे र आयरल्यान्डमाथि विजय हात पारेमा तथा यी दुई टोलीसँगै समूह चरणमा अगाडि बढेमा नेपालसँग चार अंक हुनेछ। यस्तोमा नेपालले सुपर लिगको तीनमध्येको एक खेल मात्र जितेमा मात्र पनि सेमिफाइनलमा पुग्न सक्छ। एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता लक्ष्य छुन नेपाललाई सुपर लिगमा पुग्न जरुरी छ। अर्को विकल्प समूह चरणका सबै खेल हारे पनि प्लेअफको पहिलो खेल जितेमा रहने छ।

विश्वकप छनोटमा नेपाल तेस्रो पटक सहभागी हुँदैछ। विगततर्फ फर्किने हो भने नेपालले यसपटक पनि कठिन चुनौती पाउने निश्चित छ। सन् २००१ मा क्यानाडामा भएको विश्वकप छनोटका लागि आयोजना गरिने आईसीसी ट्रफीमा नेपालले जिब्राल्टार र जर्मनीसँग विजय हात पारे पनि नेपाल समूह चरणबाट माथि जान सकेन। त्यसयता आईसीसी ट्रफी विश्वकप छनोटको नामले आयोजना हुँदैछ। नेपालले क्यानाडापछि एकै पटक २०१४ को विश्वकप छनोटमा सहभागिता जनायो। विश्व क्रिकेट लिग डिभिजन ४ र ३ जित्दै विश्वकप छनोट खेल्न न्युजिल्यान्ड पुगेको थियो। सहभागी १० राष्ट्रमा नवौं भएपछि नेपाल रेलिगेसनमा पर्दै डिभिजन २ मा झरेको थियो।

न्युजिल्यान्ड पुग्नुअघि नै पारस, सुवास खकुरेल घाइते भएका थिए। प्रतियोगिता चलेसँगै त्यो सूचीमा जितेन्द्र मुखिया पनि थपिए। सुरुको खेल गुमाएका पारस मैदानमा त फर्किए। तर, उनी पूरा तंग्रिन सकेका थिएनन्, जसको असर उनको प्रदर्शनमा देखिन्थ्यो। पारस त्यो प्रतियोगितालाई अहिलेको टोलीसँग तुलना गर्दै भन्छन्, "पछिल्लो विश्वकप छनोटमा हाम्रो केही सीप लागेन। ३-४ जना प्रमुख खेलाडी घाइते भएपछि हामीलाई पुनरागमन गर्न गाह्रो भयो। हाम्रो टिम त्यो स्तरका लागि अलिकति अपरिपक्व पनि थियो जस्तो लाग्छ। हामीले त्यत्तिखेर पहिलो पटक डिभिजन १ का टोलीसँग प्रतिस्पर्धा गरेका थियौं। २०११-१२ देखि हामी निरन्तर माथिल्लो स्तरमा पुगेर खेल्दै आएका थियौं। पारस आगाडि भन्छन्, "तर, एक पटक त्यो स्तरमा खेल्दा गाह्रो भएको थियो। बिस्तारै बिस्तारै हामी फेरि त्यो स्तरमा पुगेका छौं। २-३ वर्ष विश्व क्रिकेट लिग च्याम्पियनसिपमा आफ्नो स्तरको टिमसँग खेल्यौं। त्यसबाहेक राम्रो स्तरका टिम र राम्रो प्रतियोगिता खेलेकाले पहिलाको भन्दा अहिले हामीलाई एक्सपोजर बढी छ।"

विश्वकप छनोटबाट रेलिगेसनमा परेकाले नेपालले डिभिजन २ खेल्नु परेको थियो। डिभिजन २ मा चौथो भएसँगै नेपालले विश्व क्रिकेट लिग च्याम्पियनसिप खेल्न पायो। च्याम्पियनसिपको ८ मध्येको शीर्ष ४ टोली विश्वकप छनोटमा पुग्थ्यो। नेपाल नामिबियाभन्दा मात्र अगाडि रहेपछि पुनः रेलिगेसनमा पर्दै डिभिजन २ मा झरेको थियो। डिभिजन २ को फाइनल पुगेपछि नेपाल अहिले फेरि विश्वकप छनोटमा पुगेको हो। पारसको भनाइ नेपालले डिभिजन २ लगत्तै विश्वकप छनोट खेल्नुपर्दा अन्य टोलीले जस्तो तयारी गर्न नपाएको भन्ने पनि छ।

पारसको भनाइसँग खासै फरक मत छैन प्रशिक्षक जगत टमाटाको। "हाम्रो पहिलो लक्ष्य सुपर सिक्समा जाने छ। त्यसमा सम्भावना पनि छ। हामीलाई केही डर छैन। तर, हाम्रा प्रतिद्वन्द्वीलाई त्योभन्दा बढी डर छ। नेपाल कुनै पनि समयमा क्लिक हुनसक्छ भन्ने उनीहरूलाई छ," टमाटा भन्छन्, "अहिलेसम्म राम्रो खेल्दै आएका छौं, अब अझ राम्रो खेल्नु पर्छ नतिजा निकाल्न। राम्रो खेल्न हामीले विश्वकप छनोट जस्तो उत्कृष्ट प्लेटफर्म पाएका छौं। डिभिजन २ बाट हामी विश्वकप छनोटमा पुगेका पनि छौं। तर, सजिलो केही छैन। डिभिजन २ को प्रदर्शनले यस्तो प्रतियोगितामा नपुग्न सक्छ। आगामी दिनमा अझ कठिन मिहिनेत गर्नुपर्छ। चुनौती धेरै छन्।"

एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाउन पनि नेपालले ब्याटिङमा निकै सुधार गर्नुपर्ने हुन्छ। ओपनिङ जोडी ज्ञानेन्द्र मल्ल र दिलिप नाथ अझै जम्न सकेका छैनन्। नेपाली ब्याटिङ कप्तान पारस खड्कामा धेरै भर पर्नुपरेको छ। युवा ब्याट्सम्यानद्वय आरिफ शेख र रोहित पौडेलले डिभिजन २ मा नेपाली ब्याटिङलाई नयाँ आशा दिएका थिए। डिभिजन २ मा नेपालले ४ मध्येको दुई खेल जित्दा वसन्त रेग्मी र करण केसीको ब्याट चम्किएको थियो। जबकि, उनीहरू प्रमुख रूपमा बलर हुन्। वसन्त र सन्दीप लामिछाने नेपालको बलिङको प्रमुख आधार बन्न सक्छन्। सन्दीप १७ विकेट लिँदै डिभिजन २ मा म्यान अफ द सिरिजमा चुनिएका थिए। सोमपाल कामी र करणको तीव्र बलिङ पनि आशा गर्ने ठाउँ हो।

अनुभवी ब्याट्सम्यानहरू पारस, ज्ञानेन्द्र, शरद भेस्वाकरका साथै युवा जोश दीपेन्द्रसिंह ऐरीले लय लिएमा नेपाल विपक्षीका लागि ठूलो प्रतिद्वन्द्वी बन्नसक्छ। हङकङसँगको अभ्यास खेल वर्षाले बिथोलिए पनि युएईसँगको अभ्यास खेलमा नेपाली ब्याटिङले केही आशा देखाएको छ। त्यसैले नेपाली क्रिकेटका बारेमा केही भन्न सकिन्न। डिभिजन २ मा नेपालले चारमध्येको तीन खेल अन्तिम ओभरमा जितेको थियो। एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता लक्ष्य भए पनि यस्तै नतिजा आएमा नेपाल विश्वकपमै नपुग्ला भन्न सकिन्न। ◆

'एसोसिएट राष्ट्र पनि सक्षम छन्'

पारस खड्का

डिभिजन २ पछि हामीसँग विश्वकप छनोटलाई खासै समय थिएन। एक हप्तामा के नै गर्न सकिन्थ्यो र! तर, हामी निरन्तर क्रिकेटमै छौं, ३-४ महिनादेखि खेलिरहेका छौं। विश्वकप छनोटलाई धेरै समय भएको भए योजनाहरू बनाउन सकिन्थ्यो होला। सकारात्मक के हो भने क्रिकेट खेलिरहेको भएर त्यो लय समाउन सकिन्छ। जुन किसिमको खेल हामीले डिभिजन २ मा खेल्यौं, त्यही खालको प्रदर्शनलाई निरन्तरता दिने हो भने हामीले विश्वकप छनोटमा राम्रो गर्न सक्छौं।

यो प्रतियोगिता रोमाञ्चक हुनेमा म निश्चिन्त छु। विश्व क्रिकेटको जुन माहोल छ, त्यसमा एसोसिएट राष्ट्रले पनि चुनौती दिन लागेका छन्। विगतमा अफगानिस्तान र आयरल्यान्ड एसोसिएट राष्ट्र मात्र हुँदा राम्रै खेलेको थियो। नेदरल्यान्ड्स, स्कटल्यान्डसहित अरू राष्ट्र पनि उतिकै सक्षम छन्। मलाई लाग्छ, राम्रो दुई टोली छनोटबाट विश्वकपमा पुग्ने छन् र आईसीसीलाई विश्वकप १० राष्ट्रभन्दा बढीको प्रतियोगिता हो भन्ने सन्देश पनि दिनेछ।

कहिलेकाहीँ लाग्छ, कुमार नगरकोटी भनेको किताब हसुर्ने राक्षस हो। म भोकाएको राक्षस जसरी नै किताब पढिसक्छु। किताबमार्फत पोर्नोगाफ्रीदेखि स्पिरिच्युअल आनन्द उठाएको पनि छु। मेरो अफबिट स्टाइल के हो भने थुप्रै पुस्तक सँगसँगै पढ्छु। आख्यान, गैरआख्यान र कविता सात-आठवटासम्म किताब एकसाथ।

एउटा किताब पढिसिध्याएर मात्रै अर्को थाल्ने मेरो स्वभाव छैन। यसै माचोमा आफूलाई मज्जा लागेका कतिपय किताब पुनर्पठन पनि गर्छु। कतिपय लेखकलाई किताबमार्फत बारम्बार भेटिरहन मन लाग्छ। यस्ता एक आख्यानकार हुन्, होर्खे लुइस बोर्खेस। उनका उनका। रुमीमाथि लेखिएको एलिफ सफकको उपन्यास *फोर्टी रुल्स अफ लभ* पनि राम्रो लाग्यो। कोलम्यान बार्क्सको आधिकारिक अनुवादका कारण रुमी संसारभरि चिनिएका छन्। त्यसैले डोनाल्ड ट्रम्पको अमेरिकामा तेह्रौँ शताब्दीका कवि रुमी बेस्ट सेलर भएका छन्। उनका कवितालाई धेरै पर राख्नै सकिँदैन।

कतिपय किताब समयसँगै विलीन हुँदै जान्छन्। रुमीका कविताचाहिँ समय-समयमा ब्युँझन्छन्। उनका कविताले मनुष्यको आत्माबारे बोल्छन्। भान्सा, बिछ्यौना र शौचालय जताततै राख्न सकिने खालका कविता छन् उनका। रुमीसँगै मैले विशाल भारद्वाजको *न्युड* र गुल्जारको *सस्पेक्टेड पोयम्स* पनि पढेको हुँ।

शोक सन्तप्त नेपाली साहित्य

कुमार नगरकोटी

तस्बिर : रवि मानन्धर

केही पंक्ति पढ्दा पनि मलाई ऊर्जा आउँछ। अरूका किताब पढ्दा कतै बिर्सी पो हालिन्छ कि भनेर कामु र काफ्काका किताबको धूलो पुछपाछ गर्छु र सप्रेम अँगाल्छु।

मैले हालसालै जोन केरीको *आइविट्नेस टू हिस्ट्री* र केभिन ज्याक्सनको *कन्स्टलेसन अफ जिनियस* पढिसिध्याएँ। जोन केरीको किताबमा ऐतिहासिक घटनाका साक्षीहरूको बयान छ भने ज्याक्सनको किताबमा सन् १९२२ मा जनवरीदेखि डिसेम्बरसम्मका साहित्य, कला, सिनेमा, संगीत र दर्शनसम्बन्धी गहन परिचर्चा छ। त्यस वर्षको पहिलो महिना जेम्स जोयसको उपन्यास *युलिसिस* आएको रहेछ भने अन्तिम महिना टीएस इलियटको लामो कविता *द वेस्ट ल्यान्ड*।

कवितामा मैले पछिल्लो समय अत्यधिक पढेको जलालुद्दिन रुमीलाई हो। जीवन, जगत् र दर्शनसम्बन्धी आत्मिक कविता छन्

मैले कवि साथीहरूलाई कि रुमीको पुस्तक उपहार दिएको छु कि रुपीको। अर्थात् रुपी कौरको *मिल्क एन्ड हनी*। मैले *द सन एन्ड हर फ्लावर्स* पनि पढेको हुँ। तर, *मिल्क एन्ड हनी*चाहिँ उनको अच्छा किताब हो। उनका कविता प्रायः दुई-तीन-पाँच हरफका छन्। गद्याख्यान या निबन्धात्मकजस्ता कविता पनि छन्।

रुपीको कविता *न्युयोर्क टाइम्स* नम्बर वन बेस्ट सेलर हो। त्यो पढिसकेपछि चार, पाँच पंक्तिमै पनि कति गहन किसिमले लेख्न सकिन्छ भन्ने थाहा हुन्छ। रुपी कवितामा कुनै ठूला र महान् कुरा गर्दिनन्, प्रेम, राग, घृणा, क्रोध, तनाव आदि सामान्य ह्युमन इमोसन्सलाई अभिव्यक्ति दिन्छिन्, बस्। उनका कविताका ढाँचा यस्ता छन्, 'हरेक क्रान्तिको सुरुआत र अन्त्य मेरो प्रेमीकै ओठबाट हुन्छ।' 'तिम्रो आवाज नै हो, जसले मलाई निर्वस्त्र पारिदिन्छ।'

साँच्चै भन्ने हो भने युवा ब्लगर रुपीले कवितामा ताजगी

ल्याइदिएकी छन् । कविताको प्रचलित फर्म्याटलाई डिफर्म्याट गरिदिएकी छन् । नेपाली कविता पनि एकनासको भइसक्यो । अब डिफर्म्याट गर्ने बेला भइसक्यो ।

यसबीचमा मैले थुप्रै उपन्यास पढेँ । पछिल्लो पटक पढेको उपन्यासको सूचीमा बब डिलनको *ट्यारेन्टुला* पनि हो । यो डिलनको पहिलो र अन्तिम उपन्यास हो । नोबेल पुरस्कार पाएपछि कतिपयले भने- गायकलाई के दिएको ? मभन्दा एक वर्ष जेठो रहेछ यो उपन्यास । अर्थात्, सन् १९७३ मा छापिएको । यो किताब काठमाडौंमा सायद मसँग मात्रै छ । एजुकेसनल बुक हाउसले नढाँटेको भए । डिलनले के लेखेको रहेछ भनेर पढेको । ट्याम पासचाहिँ भयो ।







कुनैकुनै किताबको बडा आकर्षक व्यक्तित्व हुन्छ । । म्यान बुकर्स प्राइज प्राप्त जर्ज सन्डर्सको उपन्यास *लिंकन इन द बार्डो*को दामी लुक्सले मलाई एरेस्ट गरिछाड्यो । धेरै समयपछि उपन्यास पढेर म तृप्त भएको यही हो । यो मेरै शैलीकै उपन्यास हो ।

ऐतिहासिक घटनालाई लेखकले आख्यानमा कसरी आफ्नो बनाएर प्रस्तुत गर्छन् ? त्यसको बेजोड उदाहरण यही उपन्यास हो । सन्डर्सले एकातिर अब्राहम लिंकनको छोरा विली लिंकनको ऐतिहासिक तथ्य दिएका छन् भने त्यसको समानान्तर रुपमा स्वैरकल्पना पनि । तिब्बती मिथकअनुसार मान्छे मृत्युपश्चात् स्वर्ग या नर्क कता जाने भनेर हल्लिरहन्छन् । त्यसमा आत्माहरूको विचित्र गफगाफ छ ।

सिभिल वारपछि ज्वरो थलिएर मरेको विलीले के गुनासो गर्छ भने राष्ट्रपति भएको मेरो बाबु मलाई भेट्नै आएन । यसमा न्यारेटिभ त्यति छैन । नाटकको जस्तो छ संवाद । सामान्य विषयवस्तुमा कति अद्‌भुत किसिमले लेख्न सकिँदो रहेछ भन्ने गज्जब नमुना हो । यसमा लेखकले कथा बुनेको भन्दा पनि बताएका छन् । यसको कथा भन्ने तरिका अलग छ ।

पछिल्लो पटक मैले अमेरिकी लेखक केन लिउको कथासंग्रह *द पेपर मेनाजरी* धेरै लेखकहरूलाई रिफर गरेँ । फेन्टासी, एक्सपेरिमेन्टल र साइन्स फिक्सनलाई नयाँ उचाइमा पुर्‍याएको किताब । एजुकेसन बुक हाउसमै नारायण ढकाललाई उपहार दिएँ । फिल्मी दुनियाँका वुडी एलेनको कथासंग्रह *साइड इफेक्टस्* र टम हयांक्सको अन्कमन टाइप पनि पढेँ । दुवै जना लेखकका रुपमा पनि गज्जब देखिएका छन् । मुराकामीको *म्यान विद्आउट वुमन*को इम्प्रेसन के हो भने उनी धेरै फरक छन् । लेखनी, विषय छनोटमा विविधता छ । कथावाचनको शैली मौलिक छ ।

नेपाली साहित्यका किताब मैले त्यति पढिरहेको छैन । अन्य लेखकलाई पनि जतिसक्दो अंग्रेजी किताब नै सुझाएको छु । अर्चना थापाको *कठपुतला* कोठामा त्यत्तिकै थन्किरहेको थियो । एक्सिडेन्टली पढेको थिएँ, एक्सिडेन्ट्ली मन पर्‍यो ।

मलाई *कठपुतला* किन मन परेको भने यो नेपालीमा लेखिएको किताब हो । फरक कोणबाट लेखिएको कथा । आख्यानमा आएको उल्लेखनीय पुस्तकका रुपमा मैले थुप्रै लेखकलाई *कठपुतला* सिफारिस गरेको छु । हाम्रो आख्यानको लेखन एकदमै परम्परागत छ । लेखकको मौलिक हस्ताक्षर लगभग भेटिँदैन । *कठपुतला*को विषय छनोट र कथावाचनमा अर्चनापन छ । यो नै यसको सुन्दर र दुर्लभ पक्ष हो । *घनचक्कर*को उप्रेतीयनपन जस्तै ।

थोरै भए पनि नेपाली साहित्यको फ्रेम एन्ड फर्म्याटलाई भत्काउने अर्चनाको प्रयास प्रशंसनीय छ । यसमा स्वैरकल्पना, विज्ञान र सामाजिक विषयवस्तु छन् । नयाँपन के छ भने कथासंग्रहको नामै *कठपुतला* छ । कठपुतलीमात्रै किन ? कथाहरू प्रयोगशील पनि छन् । विमर्द, विवस्त्र रामायण, परमात्मा समाहिता, सेतो बास्ना आदि नामधारी कथा छन् । मलाई मनपरेको कथा भने सेतो बास्ना हो । उनको कथाकारिता लगामविहीन छ । फर्म्यार्टमुक्त छ । उनको कथामा यथेष्ट मौलिकता र ताजापन छ ।

म लेखनमा महिला र पुरुषको लिंग हेर्दिनँ । हेर्ने हो भने त महिलाको लेखन ध्वस्तै छ । तर, अर्चनामा आख्यानको चेतना प्रबल छ । एक्काइसौँ शताब्दीमा नयाँ किसिमले कथा लेखिनुपर्छ भन्ने उनलाई थाहा छ ।

अब प्रश्न उठ्छ, यी किताबको खोजी कसरी भयो ? कसले कसरी सिफारिस गर्‍यो ? म बुक हन्टिङ गर्छु पनि । कतिपयको लुक्सले नै तान्छ । *मिल्क एन्ड हनी* मा भएको त्यही हो । त्यसअघि मैले रुपी कौरको नामै सुनेको थिइनँ । बुकर प्राइजको सूचीलाई म पछ्याउँछु । लगभग सबै पढेको छु ।

*लिंकन इन द बार्डो*को रोचक प्रसंग के छ भने बुद्धिसागरले एजुकेसन बुक हाउसका रमणलाई भनेका रहेछन्, 'नगरकोटीले बुकर प्राइज पायो ।' मलाई जानासाथ सुनाइहाले । *मिस्टिका* स्टाइलमै रहेछ उपन्यास । तत्काल मन परिहाल्यो । अर्को पाठक पनि 'यो किताब त नगरकोटी स्टाइल रहेछ, पढिँदैन' भनेर बटारिएर हिँडेका रहेछन् ।

किस्सायुक्त किताब बन्यो, *लिंकन इन द बार्डो* । मैले तेस्रोपल्ट किनेको किताब मात्रै पढिसिध्याएँ । पहिलोपटक किनेको किताब गनेस पौडेललाई दिएर पठाएँ । दोस्रो किताब १० पृष्ठ मात्रै पढेको थिएँ, बानेश्वरको एउटा क्याफेमा अनुप बराललले एउटा गीत सुनाए । त्यस्तो बेजोड संगीत मुफ्तमा सुन्नु हुँदैन भनेर मैले उनलाई नै उपहार दिएँ ।

तीनवटा किताबमध्ये *मिल्क एन्ड हनी* एकै बसाइमा पढिसकिन्छ । यसले पाठकको धैर्यको परीक्षा पटक्कै लिँदैन । *वार एन्ड पिस* पढेजस्तो कुनै तपस्या गर्नुपर्दैन । *लिंकन इन द बार्डो*मा अलिकति समस्याग्रस्त हुन सक्छ पाठक । सामाजिक यथार्थवादी शैलीमा बानी परेका पाठकलाई नयाँ चीज स्वीकार्न अलि गाह्रो हुन्छ । *कठपुतला*को पठन बिस्तारैबिस्तारै जान्छ ।

मैले चर्चा गरिबसेका यी सबै किताबमा धेरथोर प्रयोगशील आग्रह छन् । मलाई कतिखेर खिन्नता लाग्छ भने नेपाली किताबमा यस्तो विविधता पटक्कै छैन । रुवाबासी मात्रै छ जताततै । नेपालीमा पनि यस्ता किताब लेखिए हुन्थ्यो ।

म आफैं पनि आख्यानमा अनेक गरिरहेको छु । तर, जे लेखिरहेको छु, चित्त बुझेको छैन । घोर असन्तुष्टि छ ममा । कम्तीमा म शोक सन्तप्त नेपाली साहित्यबाट बहिर्गमन खोजिरहेको छु । ◆

कुराकानी : **राजकुमार बानियाँ**

अनुभूति

॥ शार्दूल भट्टराई

अन्धविश्वासमा विश्वास

म रुद्रको नयाँ घर हेर्न नयाँ बस्ती पुगेको थिएँ । पहिले धान, आलु र काउली फल्ने त्यो फाँटमा अहिले नयाँनयाँ घरहरू फलिरहेका छन् । विशेषगरी जोरपाटी, बौद्ध र गोठाटारका मानिसले लहलह धान झुलाउने फाँटका रूपमा चिनिँदै आएको त्यो ठाउँ नयाँ घरहरू बन्न थालेदेखि नयाँबस्तीको नामले चिनिन थालेको हो । त्यही नयाँ बस्तीमा बनेका र बन्दै गरेका नयाँ घरहरू हेर्दै म रुद्रको घरमा पुगेको थिएँ ।

गोठाटारमा रहेको पुरानो घरमा धेरै पहिले, पटक-पटक पुगे पनि रुद्रको नयाँ घरमा म पहिलो पटक गएको थिएँ । उनले फोनमा बताएअनुसार म उनको नयाँ घरमा पुगेको थिएँ । घरको गेटमा पुग्नेबित्तिकै सुनेँ - भित्र कोही भट्याइरहेको छ । गेटमा रहेको घन्टी थिचेँ तर बजेन । मैले गेट ढ्याकढ्याक गरेँ । रुद्रका छोरा रविन आएर ढोका खोले । म बैठक कोठामा पुगेँ ।

चर्को स्वरमा भट्याउने व्यक्ति रुद्र नै रहेछन् । टाउकामा ढाका टोपी ढल्काएर उनी जोडले चिच्याइरहेका थिए । उनको एउटा हातमा बाट्याधूप बलिरहेको थियो भने अर्को हात पत्नी पवित्राको टाउकोमा थियो । मैले देखेँ, उनी *पिनासको कथा* पढेर पत्नी पवित्राको टाउको दुखेको निको पार्ने काममा लागेका रहेछन् ।

त्यो दृश्य देखेपछि मलाई कुबेलामा आएजस्तो लाग्यो । कल्पना नै नगरिएको परिस्थितिसँग साक्षात्कार गर्नुपर्दा अलिकति दिक्क पनि लाग्यो ।

काठमाडौँमा जन्मिएका र हुर्किएका व्यक्ति हुन् रुद्र । आफ्नो जन्मस्थान गोठाटारबाट पछि जोरपाटीको नयाँ बस्तीमा सरेका उनी पढेलेखेका मानिस हुन् । बीस-बाइस वर्षअगाडिसम्म गोठाटारका केही पढेलेखेका मानिसमध्येमा आफू पनि पर्ने दाबी गर्थे उनी । पछि उनीभन्दा बढी पढ्ने मानिस त्यहाँ धेरै भएपछि उनले त्यस्तो दाबी गर्न छाडेका थिए ।

मानविकी र कानुनमा स्नातक गरेका रुद्र आफूलाई निकै जान्नेसुन्ने, सभ्य, संस्कारयुक्त र आधुनिक पनि ठान्थे । लोकसेवा आयोगको परीक्षा पास गरेर खरिदार पदबाट सरकारी जागिरमा छिरेका उनी पछिल्लो पटक मैले भेट्दा शाखा अधिकृतसम्म भएका थिए ।

♦♦♦

नेपाली कथा विधामा पहिलो छोटो कथाको विशेषता पाएको *पिनासको कथा*को लेखन एकै खालको छैन । विभिन्न व्यक्तिले भिन्नाभिन्नै ढंगले यो कथा लेखेका छन् । यसको निश्चित विषय र सीमा छैन भन्ने कुरा पनि विभिन्न खालका *पिनासका कथा*लाई हेर्दा थाहा हुन्छ ।

यस कथाको प्रमुख चरित्रमा कसैले एकादेशका अनिरुद्र पाँडेको नाम उल्लेख गरेका छन् भने कसैले हस्तनापुर नगरका एक राजाको कुरा गरेका छन् । त्यस्तै कसैले कुनै एक देशका एक ब्राह्मणको कुरा गरेका छन् त कसैले अज्ञात ठाउँका अज्ञात व्यक्तिको कुरा । जसु चण्डालले खबर गरेर ब्राह्मणले राजाकी छोरीको पिनास निको पारेको कथा जोड्नेहरू पनि छन् । राजा, अनिरूद्र पाँडे, रातो पाँडे, जसु चण्डाल आदिलाई लिएर कथिएका कथालाई हेर्दा *पिनासका कथाहरू* कुनै लहडमा लेखिएझैँ लाग्छन् ।

सुरुमा *पिनासको कथा* जसरी आयो, अहिलेसम्म त्यस्तै रूप र शैलीमा छैन । यसको कथावस्तु, पात्र, स्थान र भाषामै पनि परिवर्तन भएको पाइन्छ । नेपालीमा पहिले यो गद्यमा थियो, पछि श्लोकमा आयो । पहिले अनिरूद्ध भन्ने पात्र थियो भने त्यो अनिरूद्र पाँडे हुँदै रातो पाँडेमा फेरिएको छ । पहिले हस्तनापुर वा कुनै एकादेशको कुरा गरिएको हुन्थ्यो भने पछि सुरपुर, पुरपुर हुँदै पाटनको कथा भन्न थालियो । त्यस्तै पहिले कुनै एउटा नदीमा स्नान गर्ने कुरा थियो । पछि वाणगंगाको नाम थपियो । हुँदाहुँदा पछि त तिनाउ खोला नै जोडिन पुगेको छ यो कथामा ।

यसरी यो कथामा धेरै कुरा बदलिए पनि यसलाई पढ्ने मानिसको मन भने बदलिएको देखिँदैन । यस कथाको रूप बदलिए पनि कथानक रुढिहरू भने बदलिएका छैनन् । यस कथाको भाषाशैली परिवर्तन भए पनि यसको वाचन गरेर पिनास निको पार्छु भन्ने मानिसको दिमाग बदलिएको छैन । जस्तै : रुद्र पुडासैनी ।

♦♦♦

रुद्र *पिनासको कथा कण्ठस्थै* भएझैँ निरन्तर भट्याइरहेका थिए । उनी बेलाबेलामा अल्मलिएजस्तो पनि देखिन्थे । एउटा पंक्ति भन्नुपर्ने अर्कै पंक्ति भनिए जसरी एउटै पंक्तिलाई अगाडि-पछाडि दोहोऱ्याएर पनि भट्याइरहेका थिए । *पिनासको कथा* ठूलो स्वरमा, चिच्याएरै भन्नुपर्छ भन्ने लागेको रहेछ रुद्रलाई । त्यसैले उनी चर्कै स्वरमा भट्याइरहेका थिए :

अनीरुद्र आगो जसू बाँण खोलो
पिनाशलाई साढी दुहेलो दुहेलो
नखान दही दूध रुघाखोकी माहाँ
पिनाशले उसै सक्छ जोड गर्न काहाँ ।

वाचन सक्नेबित्तिकै मैले रुद्रलाई सोधेको थिएँ, 'कसले लेखेको पिनासको कथा हो यो ?'

'खोइ, त्यो त थाहा छैन ।' उनले जवाफ दिए ।

'शम्भुप्रसाद ढुंग्यालको हो ?' मैले थप प्रश्न गरेँ ।

उनले अनकनाउँदै भने 'उहिल्यै कण्ठ पारेको, कसको हो थाहा छैन ।'

'नेपाली भाषामा यो शैलीमा *पिनासको कथा* लेख्ने त पतञ्जलि गजुरेल, शिखरनाथ सुवेदी र शम्भुप्रसाद ढुंग्याल त हुन् नि । यीबाहेक अरूको होइन होला ।' मैले थपेँ ।

'जोसुकैको होस्, कथा पढेर पिनास निको भए भैहाल्यो नि ।' उनले अलि रुखो पारामा जवाफ दिए ।

नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन गर्दा मैले पनि प्राथमिककालीन नेपाली कथाको विकासक्रमका सन्दर्भमा *पिनासको कथा* पढेको थिएँ । तर, मलाई यो कुनै कथाजस्तै लागेन । यसमा कथाका आवश्यक तत्त्वहरू छँदा पनि छैनन् । तैपनि, किन हो यसलाई 'कथा' मानिएको छ ।

नेपालीमा *पिनासको कथाका* गद्य र पद्य दुवै शैली प्रचलित रहे पनि शिखरनाथ सुवेदीको कथा नै बढी प्रचलित देखिन्छ । उनले पद्यमा लेखेको *पिनासको सानू कथा* श्लोक भएर पनि होला, *पिनासको कथाका* वाचकहरू कण्ठै सुनाउने गर्छन् ।

♦♦♦

श्रीमतीको टाउको समाएर *पिनासको कथा* पढिसकेपछि रुद्र ठूलै काम सम्पन्न भएको अनुभव गरिरहेका थिए । उनी मसँगै सोफामा बस्न आइपुगे । म केही बोलिरहेको थिइनँ । उनको घरपरिवारबारे केही सोधिरहेको पनि थिइनँ । उनले नै आफ्नो परिवारबारे बताउन थाले । अत्यन्तै ठूलो र महत्त्वपूर्ण समाचारको रूपमा उनले भने- 'थाहा पाउनु भयो, मेरी छोरी रिमा त डाक्टर बन्ने भई नि !'

जुन व्यक्ति घरमा *पिनासको कथा* पढेर श्रीमतीको टाउको दुखाइ निको पार्ने काममा लागिरहेको छ, उही व्यक्ति छोरीलाई डाक्टरी पढाउँदै छ । यो कुरा मेरो दिमागले बुझ्न सकिरहेको थिएन । तैपनि, औपचारिकता पूरा गर्दै मैले भनेँ - 'ए, राम्रो भएछ ।'

'तर पैसाचाहिँ भसक्कै लाग्ने भयो । साठी लाख नै पुग्लाजस्तो छ ।' उनी दुःख व्यक्त गरेझैँ गरी बोले ।

बोल्न मन नलागे पनि मैले फेरि पनि औपचारिकता पूरा गरेँ -'अँ, मेडिकल साइन्स पढ्ने कुरा अलि महँगै पर्छ क्यार ।'

'हुन त केचाहिँ महँगो छैन र अहिले ? बाँच्नै गाह्रो भैसक्यो । यो बहुदल र गणतन्त्रको उपहार नै बनेको छ नि महँगी त !' उनी बडो गर्वका साथ बोले ।

देशको महत्त्वपूर्ण राजनीतिक परिवतर्नको उपहास गर्ने उनको भ्रष्ट अभिव्यक्तिबाट मलाई झनक्कै रिस उठ्यो । म प्रतिवादका रूपमा केही बोल्ने प्रयत्न गर्दै थिएँ । तर, सकिनँ । उनको घरमा उनीसँगै के विवाद गर्नु भन्ने पनि लाग्यो । चुपचाप उनका कुरा सुनिरहेँ । उनी भन्दै थिए- 'छोरालाई पनि डाक्टर नै बनाऊँ भनेको अलि सकिएन, इन्जिनियरचाहिँ हुने भयो । अहिले भर्खरै इन्जिनियरिङमा भर्ना भएको छ । सरकारी कलेजमा के पढाइ हुन्छ र, प्राइभेटमा पढाउँदा पन्ध्र-बीस लाख त उसलाई पनि लाग्ने नै भयो ।'

मलाई बोल्न अलि कठिन नै भएको थियो । तैपनि, फेरि पनि औपचारिकतावश बोलेँ 'ए ! राम्रो भएछ ।'

मलाई कतिबेला त्यहाँबाट उठेर हिँडूँ भइरहेको थियो । रुद्रले ढाका टोपी फुकाले । उनको लामै टुप्पी रहेछ । म छटपटाउँदै उठ्न खोजेँ तर रुद्रले मलाई फेरि सोफामै थचारे । उनी आफ्नो लामो टुप्पी हातले सुमसुम्याउन थाले ।

'तपाईं त परिवर्तन हुनु भएछ नि, रुद्रजी । किन, के पर्‍यो त्यस्तो ?' मैले उनको लामो टुप्पीतिर हेर्दै सोधेँ ।

'अँ, समय अनुसार चल्नै पर्‍यो नि ।' उनले सामान्य पारामै उत्तर दिए ।

'टुप्पी पनि पाल्न थाल्नुभएछ । यो त समय अनुसारको कुरा होइन होला ।' मैले थपेँ ।

'अँ, टुप्पी पाल्न थालेँ । टुप्पी पाल्दा मस्तिष्कको सन्तुलन राम्रो हुने लाग्यो । एकजना बाबाले नै टुप्पी पाल्नोस्,तपाईंलाई राम्रो हुन्छ भनेका थिए । नभन्दै टुप्पी पाल्न थालेदेखि सबै कुरा राम्रो हुँदैछ ।' उनले उत्तर दिए । उनलाई टुप्पी पाल्न पाएकोमा गर्वबोध भइरहेको रहेछ । टुप्पी पाल्न थालेदेखि नै उनी धनधान्य भएका रहेछन् । पहिले, विद्यार्थीकालमा अखिलको आन्दोलनमा लाग्ने क्रममा टुप्पी काटेर ठूलो गल्ती गरेको महसुस उनलाई भइरहेको रहेछ ।

आफन्त, चिनेजानेका मानिस, साथीभाइ, छरछिमेक हरेकलाई आफ्नो घर देखाउने र त्यही घरकै बलमा आफ्नो मान-प्रतिष्ठा बढाउने काममा उनी लागेका रहेछन् । उनले मलाई पनि आफ्नो नयाँ घरको चोटाकोठा देखाए । अढाईतले घरका कोठा, बाथरुम, भान्छा, पूजाकोठा सबैतिर घुमाए । पढ्नु छ *पिनासको कथा*, बस्नु छ यस्तो घरमा !' मैले मनमनै सोचेँ - 'हुन त पैसा हुने र नैतिक-अनैतिक जेजसरी भए पनि पैसा कमाउन चाहनेहरूको के कुरा गर्नु र ! रुढि र अन्धविश्वास पनि मानेकै छ । अत्याधुनिक घरमा पनि बसेकै छ । पुरानो सोच बोकेर आधुनिक शैलीमा भ्रष्ट काम पनि गरेकै छ ।'

> **चाकडी र चाप्लुसीमा कहलिएका रुद्र जागिरमा पनि राम्रै प्रगति गर्नेमा गनिँदा रहेछन् । उहिले हुलाकको खरिदारबाट जागिर सुरु गरेका उनले कार्यालय परिवर्तन गर्दै भन्सारदेखि संसारसम्मै भ्याइसकेका रहेछन् ।**

चाकडी र चाप्लुसीमा कहलिएका रुद्र जागिरमा पनि राम्रै प्रगति गर्नेमा गनिँदा रहेछन् । उहिले हुलाकको खरिदारबाट जागिर सुरु गरेका उनले कार्यालय परिवर्तन गर्दै भन्सारदेखि संसारसम्मै भ्याइसकेका रहेछन् । उनका धाकधक्कुका कुरा सुन्दासुन्दा मेरो पनि टाउको दुख्न थालिसकेको थियो ।

'अहिले जागिर कहाँ छ त, रुद्रजी ?' मैले जिज्ञासा राखेँ ।

'अहिलेको ठाउँ त्यति राम्रो छैन भन्या ।' निराशाजनक पारामा उनले भने ।

'तैपनि कुन मन्त्रालयमा छ भनेर सोधेको ।' मैले आफ्नो जिज्ञासा पूरा गर्ने उद्देश्यका साथ भनेँ ।

'त्यही क्या, विज्ञान-प्रविधि भन्ने छ नि....!' उनले बोल्नै गाह्रो मानेझैँ गरी उत्तर दिए । उनको कुरा सुनेपछि मलाई त्यहाँ अरू समय बस्न मन लागेन । म रुद्रको नवनिर्मित भव्य घरबाट बाहिरिएँ ।

गेटसम्म पुर्‍याउन आएका रुद्रले मलाई बिदा गर्दै भने - 'ल त भट्टराईजी, आउँदै गर्नोस् न है ।'

गेटबाट बाहिर निस्किँदै मैले भनेँ - 'खोइ के हुन्छ, पछिको कुरा पछि नै विचार गरौँला ।'

उनको घरबाट निस्किएदेखि नै मलाई एउटा प्रश्नले घोचिरह्यो । लामो न लामो टुप्पी पालेर घरमा *पिनासको कथा* पढ्ने रुद्र पुडासैनीले अफिसमा विज्ञान र प्रविधिको बारेमा के काम गर्लान् ? ♦

जियोनीको अर्को स्मार्टफोन

जियोनीले नेपालमा फेरि अर्को स्मार्टफोन ल्याएको छ, जियोनी एस-११ लाइट । यो स्मार्टफोनको मूल्य नेपाली बजारमा २५ हजार नौ सय ९० रूपियाँ पर्छ । एस-११ लाइट एन्ड्रोइडको ७.१ नौगट अपरेटिङ सिस्टममा आधारित स्मार्टफोन हो ।

यसमा डुअल क्यामेरा टेक्नोलोजी प्रयोग भएको छ । यो स्मार्टफोनमा १३ र दुई गरी दुईवटा रियर क्यामेरा छन्, जसबाट गुणस्तरीय फोटो वा भिडियो लिन सकिन्छ । र, यो नै यस स्मार्टफोनको मुख्य विशेषता हो । सेल्फीका लागि यसमा १६ मेगापिक्सेलको छुट्टै क्यामेरा पनि छ ।

जियोनी एस-११ लाइट प्राइम चार जीबी ऱ्याम क्षमता भएको स्मार्टफोन हो । यसको आन्तरिक स्टोरेज क्षमता ३२ जीबीको छ । र, यसमा ५.७ इन्चको डिस्प्ले स्क्रिन छ । ३ हजार ३० एमएएच क्षमताको ब्याट्री भएको यो स्मार्टफोन गोल्ड, डार्क ब्लु र ब्ल्याक गरी तीन फरक रङमा उपलब्ध छ ।

आइपुग्यो टाटा नेक्सन

टाटाको नेक्सन एसयुभी कार आधिकारिक रूपमा नेपाली बजारमा लन्च भएको छ । नेक्सन कम्प्याक्ट एसयुभी वर्गमा पर्ने टाटाको पहिलो कार पनि हो । डिजेल र पेट्रोल गरी दुवैथरीका इन्जिनमा यी कार उपलब्ध हुनेछन् । नेपालमा नेक्सनको मूल्य डिजेल इन्जिनमा ४१ लाख ५५ हजार र पेट्रोल इन्जिनमा ३२

फेसबुकमा पनि फेस रिकग्निसन

फेसबुकमा कसैले हाम्रो फोटो अपलोड गरिदिएमा त्यतिबेलासम्म जानकारी हुँदैन, जबसम्म त्यो फोटोमा कसैले हामीलाई ट्याग गर्दैनन् । अब भने हाम्रो फोटो कसैबाट अपलोड भएमा हामीलाई नोटिफिकेसन आउनेछ, फेसबुकको फेस रिकग्निसन विशेषतामार्फत ।

हामीसँग फ्रेन्डलिस्टमा नरहेका प्रयोगकर्ताले अपलोड गरेमा पनि नोटिफिकेसन आउनेछ । तर, ती पोस्टहरू पब्लिक हुनु आवश्यक छ । प्राइभेट

लाख ७५ हजार रूपियाँबाट सुरु हुन्छ ।

टाटा नेक्सन चार फरक भेरिएन्ट र पाँच भिन्न रङमा उपलब्ध छन् । डिजेल र पेट्रोलमा टाटा नेक्सनको इन्जिनको क्षमता फरक-फरक छन् । यो गाडी १२ सय सीसीको पेट्रोल वा १५ सय सीसीको डिजेल इन्जिनमा उपलब्ध छ । तर, दुवैले निकाल्न सक्ने अधिकतम पावर १ सय १० ब्रेक हर्सपावर नै हो ।

यो गाडीमा ६ गियर भएको म्यानुअल ट्रान्समिसन छ । यसमा २०.९ सेन्टिमिटरको ग्राउन्ड क्लियरेन्स छ । र, यो गाडीमा ४४ लिटर क्षमताको फ्युल ट्यांक छ । इको, सिटी र स्पोर्ट गरी तीन फरक ड्राइभिङ मोड टाटा नेक्सनको अर्को मुख्य विशेषता हो ।

वा केही सीमित प्रयोगकर्ताले मात्रै देख्ने गरी पोस्ट भएमा कुनै नोटिफिकेसन आउने छैन ।

यो निकै राम्रो र कामलाग्दो फिचर भए पनि यसको विरोध गर्नेहरू पनि उत्तिकै छन् । किनभने, फेस रिकग्निसनका लागि *फेसबुकले* प्रयोगकर्ताका सबै फोटोबाट आँखा, नाक, ओठलगायत अनुहारका अन्य भागको नाप लिन्छ र सेभ गर्छ । पछि कसैले यही विवरणसँग मिल्दोजुल्दो अनुहार भएको एकल वा सामूहिक फोटो अपलोड गरेमा फेसबुकले थाहा पाइहाल्छ । यस्ता विवरण प्रयोगकर्ताका बायोमेट्रिक डाटा हुन्, जुन नितान्त व्यक्तिगत हुनुपर्छ । त्यसैले प्रयोगकर्ताको अनुमतिबिना यस्ता बायोमेट्री डाटा राख्नु गैरकानुनी हो । यसको विरोध पनि यही कारणले भएको हो ।

प्रयोगकर्ताले चाहेको खण्डमा यो फिचरलाई जतिबेला पनि अफ गर्न सक्छन् । त्यसका लागि अकाउन्ट सेटिङमा जानुपर्छ । तर, अफ गरिए पनि प्रयोगकर्ताका अनुहारका विवरण *फेसबुकमा* सेभ भइसकेका हुन्छन् ।

युट्युब लाइभमा अटो क्याप्सन

युट्युबमा लाइभ भिडियोका लागि अटो क्याप्सन फिचर थपिएको छ । तर, हालका लागि अटो क्याप्सन अंग्रेजी भाषाका लागि मात्रै उपलब्ध हुनेछ । सम्भवत : पछि यो फिचर अन्य भाषाका लागि पनि उपलब्ध हुनेछ ।

केही वर्षयता *गुगलले* स्पिच रिकग्निसन टेक्नोलोजीमा गरेको प्रगतिका कारण यो लाइभ भिडियोमा अटो क्याप्सन फिचर थप्न सम्भव भएको हो । तर, क्याप्सनमा

कैयौं त्रुटि पनि भेटिन सक्छन् । यो फिचर प्रयोगसँगै ती त्रुटि पनि कम हुँदै जाने अनुमान छ ।

युट्युब लाइभमा थपिएको अर्को फिचर हो- भौगोलिक लोकेसनको ट्याग । भिडियो लाइभ स्ट्रिमिङ गर्नेले अब त्यो ठाउँलाई पनि ट्याग गर्न सक्नेछन्, जसले गर्दा अन्य प्रयोगकर्ताले ठाउँअनुसार पनि भिडियो सर्च गर्न सकून् ।

लाइभ भिडियोमा अबदेखि कमेन्ट पनि सेभ हुनेछन् । र, लाइभ सकिएपछि भिडियो हेर्दा पनि ती कमेन्ट भिडियोको त्यही बेला देखिनेछन्, जुन बेला कमेन्ट गरिएका थिए । अर्थात्, रियल टाइममा कमेन्ट देखिनेछन् । यसका अरू फाइदा होलान्, नहोलान्, लाइभ सकिएपछि पनि भिडियो हेर्नलाई अझै लाइभ नै हेरिराखेको अनुभूति पक्कै हुन्छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

सिरिया रोइरहेछ

प्रदीप बस्याल

६ फागुनदेखि पुनः एकपटक सिरियाले विश्वको ध्यान खिचेको छ। राजधानी दमास्कस छेवैको पूर्वी गुट सहरमा रुस समर्थित सिरियाली सैन्यबलले गरेको हमलामा १० दिन बीचमा ६ सयभन्दा बढी मानिस मारिए। ४ लाख जनसंख्या भएको उक्त क्षेत्र उसै पनि विद्रोहीको आधार क्षेत्र भन्दै सुरुदेखि नै आन्तरिक नाकाबन्दीमा थियो। भोकमरीका कारण बालबालिकाहरूले कुपोषणको समस्या झेलिराखेका थिए। टर्की, रुस र इरानबीच त्यस क्षेत्रमा हवाई उडान नगर्ने सहमतिसमेत भएको थियो। तर, राजधानीलाई पर्नसक्ने संकटको डरमा सरकारी पक्षले जोखिम मोल्न चाहेन। त्यहाँ रासायनिक हतियारको समेत प्रयोग भएको आशंका गरिएको छ, जसलाई सिरियाली सरकार र रुस पक्षले अस्वीकार गर्दै आएका छन्।

युद्धरत पक्षहरू अनेक कोणबाट बढी विभाजित छन्। र, सबैतिर विदेशी हस्तक्षेप छ। उनीहरू कुनै मिलनबिन्दु खोज्ने प्रयासमा पनि छैनन्। अमेरिकाको निशाना कम्तीमा देखिने गरी यसअघिसम्म आईएस भनिने इस्लामिक स्टेट्ससँग थियो, जुन पछिल्लो समय सीधै राष्ट्रपति बसर अल असादप्रति लक्षित छ। साउदी अरब, रुस, इरानका आफ्नै भूमिका, स्वार्थहरू झन्-झन् जेलिइराखेका छन्। ३ लाखदेखि ५ लाखबीचमा भिन्नभिन्न दाबीबीच मृत्युकै स्पष्ट आँकडा नै राख्न छाडिएको छ।

इजिप्टदेखि यमनसम्म, लिबियादेखि बहराइनसम्म फैलिएको 'अरब स्प्रिङ' भनिने प्रजातन्त्रको लहर त्यतिखेर सिरियामा समेत बेरोजगारी र प्रजातन्त्रको बहानामा उठेको थियो। त्यसको सुरुआती कडी भित्तामा सरकारविरोधी नारा लेखेका कारण पक्राउ परेका १५ बालबालिका परे, जसलाई यातनासमेत दिइएका समाचार आएका थिए। उनीहरूको रिहाइको माग गर्दै सन् २०११ को मार्चमा प्रजातन्त्र पक्षधर आन्दोलनकारी समूहको शान्तिपूर्ण प्रदर्शनमा भएको हमलाबाट सिरियामा युद्धको झिल्को उठेको थियो। एकपछि अर्को गर्दै प्रदर्शनकारी र सत्तापक्षबीच संकट चुलिन थाल्यो। प्रदर्शनकारी पक्षबाट समेत शृंखलाबद्ध गोलाबारी सुरु भयो।

केही सिरियाली सेनाहरू नै जागिर छाडेर प्रदर्शनकारीको कित्तामा गएर आफूलाई 'फ्रि सिरियन आर्मी' घोषित गरेपछि प्रदर्शनले गृहयुद्धको स्वरूप लिएको थियो। अतिवादी सोच बोकेका मुस्लिमहरू विश्वभरबाट सिरिया पुग्न थाले। त्यसैबेला असाद आफैंले जेलमा रहेका अतिवादी आतंककारीहरूलाई छाडिदिएपछि युद्धले नयाँ मोड लिएको थियो। असादको उद्देश्यचाहिँ सिरियामा खेल्न खोजिराखेका विदेशी शक्तिलाई रोक्ने कवचको रूपमा त्यसले काम गरोस् भन्ने थियो।

उनले सोचेजस्तो अल कायदाले सन् २०१२ को सुरुमै सिरियामा आफ्नो शाखाको रूपमा जबात अल नुर्साको स्थापना गर्‍यो।

सन् २०१२ मै घटनाक्रमले छद्म युद्धको स्वरूप लियो। सिया मुस्लिम कित्ताको नेतृत्व गरिराखेको इरानले अघोषित रूपमै असाद राजलाई सघाउन थाल्यो। उतिखेरै पर्सियन खाडीबाट साउदी अरब नेतृत्वका सुन्नी बाहुल्य देशहरूले इरानलाई रोक्ने दाउमा असादविरुद्ध लडिरहेका विद्रोहीहरूलाई हतियार र पैसा पठाउन थाले। इरानले लेबनानी सैन्य दस्ता हेजबुल्लालाई असाद पक्षबाट लड्न लगायो। हेजबुल्ला लेबनानको सिया राजनीतिक पार्टीसमेत हो, जसलाई अमेरिका, बेलायत, इजरायल, गल्फ को-अपरेसन काउन्सिल र अरब लिगसमेतले आतंककारी घोषणा गरेका छन्। युद्धमा हेजबुल्लाको प्रवेशसँगै सुन्नी मुलुकहरूले विद्रोहीलाई गरिराखेको आफ्नो सहयोगलाई बढोत्तरी गरे। सिरिया युद्धले सिया-सुन्नी युद्धको रंग लियो।

अमेरिका सिरिया युद्धमा छिरेको सन् २०१३ मा हो। राष्ट्रपति बाराक ओबामाले आफ्नो गुप्तचर संस्था सीआईएलाई एक गोप्य आदेशमार्फत असादविरुद्ध

लडिराखेका विद्रोहीलाई तालिम र हतियार दिन लगाए । उतिखेरै अमेरिकाले सुन्नी मुलुकहरूलाई विद्रोहीहरू पोस्ने काम नगर्नसमेत भन्यो । सुन्नीहरूले सुनेको नसुन्यै गरे। तर, असादले अगस्त सन् २०१३ मा रासायनिक हतियारको प्रयोग गरेपछि सारा विश्वले सिरियाको आलोचना मात्र गरेन, खुलेरै असादविरुद्ध उत्रने अवसर पायो । राष्ट्रपति ओबामाले तत्काल ह्वाइटहाउसबाटै असादको कदम सीधै अमेरिकी राष्ट्रिय सुरक्षासँग जोडिएको भन्दै उनलाई 'जवाफ' दिन आवश्यक रहेको बताएका थिए ।

सन् २०१४ मा पुग्दा अलकायदाभित्रको आन्तरिक विवादले उसमा फुट उत्पन्न भयो । उसबाट टुक्रिएको आईएस खालिफा भनिने धार्मिक कानुनीराजतर्फ मोडियो । र, आईएसआईएस अर्थात् इस्लामिक स्टेट्स इन इराक एन्ड सिरिया बन्यो । सिरियामा बिग्रिएको अवस्थालाई आफ्नो उदयका लागि सबैभन्दा उत्कृष्ट अवसर ठानेको आईएस संसारकै क्रूर संगठनसमेत बन्यो ।

आईएसको लडाइँ त्यसपछि असादभन्दा बढी कुर्द र अल कायदाविरुद्ध हुन थाल्यो। उता त्यसै वर्षको अन्त्यतिर असादविरुद्ध लडिराखेको अमेरिकाको शक्ति आईएसविरुद्ध मोडियो । कालान्तरमा नयाँ अमेरिकी रणनीतिमा उसले त्यस्ता विद्रोहीलाई मात्र प्राथमिकतामा राखेर तालिम दिने भयो, जो आईएसविरुद्ध लड्नेछन्। सन् २०१५ मा आइपुग्दा अमेरिकी नेतृत्वको प्रतिरक्षा संगठन नेटो सदस्य रहेको टर्की सिरियामा जोडियो । तर, उसको हमला आईएसविरुद्ध नभई केवल कुर्दिसविरुद्ध सोझियो । अमेरिका र उसका मध्यपूर्वकै साझेदारका स्वार्थ र प्राथमिकतासमेत बाझिन थाले। टर्कीले किन त्यसो गर्‍यो ? *विकिलिक्स*ले सार्वजनिक गरेको दस्तावेजअनुसार राष्ट्रपति रिसेप एर्दोगानका ज्वाइँ, जो सरकारका वरिष्ठ मन्त्रीसमेत हुन्, को संलग्नता आईएसआईएस नियन्त्रित क्षेत्रका तेल प्रशोधन केन्द्रसँग भइराखेको पाइनुले उनीहरूबीच व्यापार भइराखेको हुनसक्ने बलियो आधार दियो ।

सन् २०१५ को अन्त्यतिर रुसले आईएसविरुद्ध लड्ने भन्दै असाद राजको कित्तामा आफूलाई उभ्यायो। पछि उसका हवाई हमलाहरूदेखि प्रायोजित आतंककारीजस्ता अस्त्रहरू बाक्लिन थाले । तर, रुसको निशानामा आईएसजत्तिकै अमेरिकी साथ पाएका विद्रोहीसमेत पर्न थाले। अनि, सिरिया विश्वका दुई ठूला सैन्यशक्ति अमेरिका र रुसबीच छद्म युद्धको रणभूमि बन्न पुग्यो ।

रुसले खुला रूपमा आफूलाई सिरिया युद्धमा सामेल गराएपछि त्यसको सबैभन्दा बढी मार सर्वसाधारणमा पर्‍यो । त्यही उत्कर्षका बीच सन् २०१५ मा मध्यपूर्व र युरोपले दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो शरणार्थी संकट झेल्न पुगे। अहिले एक तिहाइ सिरियालीहरू आफ्नै देशभित्र विस्थापित छन् भने ४० लाखभन्दा बढी शरणार्थी बनेका छन्।

छिमेकी इराक, जोर्डन, इजिप्ट, लेबनान र टर्कीका शरणार्थी शिविरमा छन्। जबकि, साउदी अरब, कतार, कुवेत, बहराइन, युनाइटेड अरब इमिरेट्स (युएई), ओमानजस्ता पर्सियाली खाडीका अरब राष्ट्रहरूले मानवअधिकारवादी संस्था एमनेस्टी इन्टरनेसनलको शब्दमा 'लज्जाजनक' रूपबाट एकजना सिरियालीलाई पनि शरण दिएनन्। शताब्दीकै ठूलो शरणार्थी संकटका रूपमा अर्थ्याइएको सिरियाली संकटका लागि राष्ट्रसंघीय शरणार्थी नियोग (युएनएचसिआर) र विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) दुवै तयार थिएनन्।

अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति बनेसँगै सुरुमा उनले सिरियामा आफू थप नफस्ने बताएका थिए । तर, २०१७ को सुरुतिरै असादले प्रयोग गरेको रासायनिक हतियारले ओबामाजस्तै ट्रम्पलाई पनि तर्सायो। 'टमहक'मार्फत सिरियाली सैन्य आधारहरूमा हमला गर्‍यो। अमेरिकाले सीधै र खुला रूपमा सिरियामाथि गरेको पहिलो हमला थियो त्यो।

सिरिया युद्ध यतिखेर झन् भद्रगोल अवस्थामा पुगेको छ। गुमेका क्षेत्र असादराजले फिर्ता पाए पनि पुरानो स्वरूपमा आउला भनेर अनुमानसमेत गर्न सकिँदैन ।

शरणार्थीमार्फत सिरिया संकटको सबैभन्दा बढी मार खेप्ने एउटा भूगोल युरोप पनि हो । तर, सुरुदेखि यस मामिलाबाट पन्छिन खोजिराखेको छ, ऊ । सन् २०१५ तिरबाट जब शरणार्थी आउने क्रम बढ्यो, युरोपेली युनियनले आफ्ना सीमामा उच्च स्तरको सुरक्षा संयन्त्र खडा गर्न भन्दै २ अर्ब युरो खर्चेर हाइटेक प्रविधिहरू जडान गर्‍यो । तर, शरणार्थीका लागि उल्लेख्य खर्च गरेन । पहिलो पाइला टेकेकै देशमा शरण लिनुपर्ने कानुनी प्रक्रियाका कारण थुप्रै देश कानुनी रूपबाटै संकटमा छन् । तटीय मुलुकहरूले उक्त कानुनी संकट निरुपण गर्न अन्यबाट साथ पाएका छैनन् नै । यस्तो मानवीय संकटबीच विश्व एकजुट हुनुको साटो झन् विभाजित देखिन्छ। सबैभन्दा नजिकको ग्रिस आफ्नो आर्थिक संकटकै बीच शरणार्थीको अर्को चेपुवामा परेको छ।

बेलायतले भू-मध्य सागरमा शरणार्थीलाई रोक्ने र फिर्ता पठाउने अपरेसन 'मारी नोस्टम' नै चलायो, जसको अर्थ अरूले त्यस्तो बाटो नखोजून् भन्ने थियो । तर, त्यो पाठ सिकाउने क्रममै समुद्रमा डुबेर धेरैको ज्यान गयो। बेलायतले सन् २०२० सम्ममा जम्मा २० हजार सिरियाली लिन सक्ने बताएको छ। अमेरिकाको झनै कम अर्थात् १० हजार लिने भन्ने छ।

टर्की तटमा ज्यान गुमाएका एक बालकको तस्बिरपछि बल्ल संसारको ध्यान यो घटनाक्रमतर्फ खिचियो। जर्मनीले निःसर्त आठ लाख शरणार्थी लिने घोषणा गर्दै उनीहरूका लागि तयारी सुरु गर्‍यो । त्यो संख्या सन् २०१४ मा पूरा युरोपले लिएको शरणार्थीभन्दा बढी थियो।

अधिकांश शरणार्थीको घर फिर्ने आशा नै मरिसकेको छ। एक त सिरियामा युद्ध कहिले रोकिने टुंगो छैन भने अर्कोतर्फ रोकिए पनि सबैतिर भग्नावशेष मात्र बाँकी रहेको सिरिया पुरानै वा नयाँ स्वरूपमा कहिले फर्कने भन्ने टुंगो छैन। सबैभन्दा ठूलो डर त सिरियामा रहेको एउटै विकल्प तानाशाह कि अतिवादी धार्मिक कट्टरपन्थी भन्ने हो। जुनसुकै चयनले जीवनलाई सधैं धारमा पार्नेछ। ◆

(एजेन्सीहरूको सहयोगमा)

आरोप चिर्ने प्रयास

आँचल शर्माको डेब्यु फिल्म हो, *नाईं नभन्नु ल ४* । हिरो थिए, पल शाह । उनको दोस्रो फिल्म रिलिज भयो, *जोनी जेन्टलम्यान* । हिरो फेरि पल नै । तेस्रो फिल्म प्रदर्शनका क्रममा छ, *शत्रुगते* । आँचलको अपोजिटमा अरू कोही होइनन्, पल नै छन् । तर, पलले *म यस्तो गीत गाउँछु*मा पूजा शर्मासँग स्क्रिन सेयर गरिसके । आँचलचाहिं सधैं पलसँगै । त्यसमाथि यो जोडी वास्तविक जीवनमा पनि उत्तिकै निकट छन् भन्ने कसैबाट लुकेको छैन । सोही कारण आँचलमाथि आरोप लाग्न थालिसकेको थियो, उनी पलबाहेक अरूसँग फिल्म खेल्दिनन् भनेर । यसो हेर्दा होजस्तो पनि लाग्थ्यो । तर, चौथो फिल्म *ब्ल्याकले* यो आरोपलाई मत्थर पार्ने भएको छ । यस फिल्ममा उनी पलसँग होइनन्, आकाश श्रेष्ठसँग रोमान्स गर्दैछिन् । आँचलको करिअरमा आकाश पनि पलजस्तै प्रीतिकर होलान् ? जिज्ञासा जाग्न थालेको छ । ◆

आशिरमानलाई अर्को मौका

पहिलो गाँसमा ढुंगा भेट्दा कस्तो हुन्छ, आशिरमान देशराज जोशीलाई सोध्दा थाहा हुन्छ । डेब्यु फिल्म *ग्याङस्टार ब्लुज* बक्सअफिसमा चिप्लिएको पीडा जो भोगेका छन् उनले । रिलिजअगाडि उनीप्रति चुलिएको अपेक्षा पनि यस फिल्मले पूरा गर्न सकेन । निर्देशक थिए, हेमराज बिसी । फिल्म फ्लप भएपछि हिरोलाई छोड्ने निर्देशकको जमात बाक्लो छ यहाँ । फेरि आशिरमान त्यसपछि कुनै फिल्ममा देखिएनन् पनि । सोही कारण उनको फिल्मी यात्रा धरमरमा परेको आशंका नगरिएको होइन । तर, हेमराजले आफ्नो आगामी प्रोजेक्ट *ब्रेकअपमा* आशिरमानलाई नै मौका दिएका छन्, जसले आशिरमानलाई पक्कै राहत दिलाएको हुनुपर्छ । त्यसो त, हेमराजको पनि आफ्नै पीडा छ, अनमोल केसीले खेल्ने माहौल नमिल्दा । कारण, उनी निर्देशित तीन फिल्म हिट भए, तीनैमा अनमोल थिए । दुई फिल्म असफल भए, दुवैमा अनमोल थिएनन् । ◆

आशाको त्यान्द्रो

छविराज ओझाकै ब्यानरबाट रेखा थापा पहिलो नम्बरमा दर्ज भइन्, लामो समयसम्म । छविराजकै ब्यानरबाट करिअर थालनी गरिन्, शिल्पा पोखरेलले पनि । छविको क्याम्पबाट रेखालाई विस्थापित गर्ने जस/अपजस पनि शिल्पालाई नै जान्छ । तर, दुर्भाग्य ! उनले रेखाको जस्तो सफलता कमाउनु त परको कुरा, स्थापित हुने संघर्ष गरिरहनु परेको छ अझै । न उनी अभिनीत फिल्मले मनग्ये पैसा कमाएका छन्, न अभिनयले प्रशंसा नै । बाहिरी ब्यानरका फिल्ममा समेत उनको उपस्थिति सुखद रहेन । त्यसैले त *मंगलम्*को प्रदर्शन मिति नजिकिँदै गर्दा शिल्पाको ढुकढुकी बढेको छ । २५ फागुनमा प्रदर्शन हुने यस फिल्मको प्रचारप्रसारमा शिल्पा मात्र होइन, छवि पनि दिल खोलेर लागेका छन् । नत्र यसअघि छवि प्रचारमा अनुदार रहन्थे । सायद यो जोडीले बुझेको हुनुपर्छ, *मंगलम्* शिल्पाको लागि आशाको अन्तिम त्यान्द्रोसमान हो । किनभने, यसमा उनको अभिनय मात्र होइन, लगानी पनि छ । ♦

जोगिएको साख

श्वेता खड्का अभिनीत फिल्म *कोहिनुर*ले झन्डै १४ करोड रुपियाँ ग्रस कलेक्सन गरेर रेकर्ड राख्यो । तर, फिल्मवृत्तबाटै यसलाई व्यापारभन्दा अभिनेता श्रीकृष्ण श्रेष्ठप्रतिको संवेदनाको रूपमा अर्थ्याए । कारण, *कोहिनुर* रिलिजको भोलिपल्ट श्रीकृष्णको देहान्त भएको थियो । पति वियोगका साढे तीन वर्ष श्वेता फिल्मबाट टाढा रहिन् । तर, श्वेता सिनेमाबाट पर भाग्न सकिनन् । *कान्छी* फिल्म बनाउने र खेल्ने घोषणा गरिन् । यही अवधिमा नेपाली फिल्म निर्माणशैलीमा अनेक परिवर्तन देखा परे । त्यसैले *कोहिनुर*को सफलतालाई *कान्छी*ले निरन्तरता नदिने हो कि भन्ने चिन्ताले गाँजेको थियो । सोही अनुपातमा त होइन, तर ४ फागुनबाट प्रदर्शित *कान्छी*ले साविकका नेपाली फिल्मभन्दा उत्साहजनक व्यापार गर्‍यो । खासगरी सिंगल थिएटरमा फिल्म रुचाइयो । मिश्रित प्रतिक्रिया पायो । अनि श्वेता फुरुंग नपरुन् पनि कसरी ? कम्तीमा साख जो जोगिएको छ । ♦

तस्विरहरू : महेश प्रधान

मौलिक कथा कलात्मक प्रस्तुति

■ गोकर्ण गौतम

नेपाली फिल्ममा नयाँ परिवेश र पात्रका कथा देख्न पाउनु बालुवामा हिरा भेटेजस्तै हो। कतिपय निर्देशक भिन्न बाटो हिँड्ने प्रयास गर्छन्, तर ढंग पुग्दैन। गन्तव्यहीन हुन्छन्। दर्शक जिल्ल पर्छन्। सोही कारण फरक धारको नाममा गलत धारलाई प्रश्रय दिएको गुनासो व्याप्त छ। अमित श्रेष्ठ निर्देशित *नाकाले* चाहिँ कथित फरक धारको साख बढाएको छ। नेपाल-तिब्बत सिमानामा हुने तस्करीमा केन्द्रित यस फिल्ममा यस्ता दृश्यहरूको बाहुल्य छ, जुन यस अगाडि सायदै पर्दामा देखिएको थियो। अर्को सुखद पक्ष, दृश्यहरू ताजा मात्र होइनन्, मूल कथालाई बेजोड बनाउने सामर्थ्य पनि राख्छन्। अभिनेता विपिन कार्की फिल्मलाई उचाइ दिलाउने दर्बिलो हतियार हुन्।

सिन्धुपाल्चोकको बाह्रबिसेमा गोल्डी (विपिन कार्की) र लाटा (रविन तामाङ) को गुन्डाराज छ। दुवैको उद्देश्य तस्करी नै हो। लाटाबाका दुईजना मान्छे तिब्बतबाट आउँदा बाटोमा सम्पर्कविहीन हुन्छन्। उनीहरूलाई बाह्रबिसेसम्म ल्याएको पाँच लाख रुपियाँ पाउने भएपछि गोल्डी उकालो लाग्छ। गोल्डीले सकुशल उनीहरूलाई ल्याउला ? अनि, लाटाबाले भनेको जति पैसा देला ? फिल्म यिनै सवाल वरपर घुमेको छ।

सीमाक्षेत्र प्रायः तस्करका लागि उर्बरभूमि हुन्छ। बाह्रबिसे र तातोपानी नाकामा त्यसकै छनक पाइन्छ। जहाँ तस्करसँग बर्दीधारी प्रहरी डराउँछन्। फिल्ममा यहाँको अपराधको संसारलाई मज्जैले उतारिएको छ। तर, फिल्म सबल हुनुको कारण यतिमात्र होइन। त्यो भनेको, मूल कथा र पात्रमार्फत होइन, सहायक पात्र र तिनका कथालाई उत्तिकै महत्त्व दिइनु हो, जसले अन्ततः केन्द्रीय कथालाई नै सबल बनाएको छ। कथा दुईजनालाई नाका कटाएर बाह्रबिसे ल्याउने मात्र हो। तर, लाटा ती दुईजनाको पछि लाग्नुको रहस्य न गोल्डीलाई थाहा छ, न त गोल्डी कुन हदसम्मको हिस्रक हो, लाटाले भेउ पाएको छ। भलै दुवै पैसाकै पछाडि लागेका हुन्। निर्देशकले भिन्न प्रवृत्तिका दुई नकारात्मक चरित्रमार्फत रोचकता पस्कने प्रयास गरेका छन्। यसको जस पटकथाकार अर्जुन कार्कीलाई पनि जान्छ।

सुरुमा फिल्मको गति धीमा छ। खासगरी गोल्डीको चरित्र स्थापित गर्न अनावश्यक दृश्य खर्चिएको छ। कहीं-कहीं त पट्यार नै लाग्छ। जंगलबाट एम्बुलेन्ससम्म शिव मुखियालाई ल्याएको दृश्यले पनि ध्यान तान्दैन। कथा उठानको सवालमा निर्देशक र पटकथाकारमा अलमल देखिन्छ। तर, गोल्डी र लाटाको 'काउन्टर' सँगै फिल्मले गति लिन्छ। गोल्डीका साथी हनुमान (प्रकाश गन्धर्व) र लाटालाई 'बोस' मान्ने एक चरित्रलाई निर्देशक श्रेष्ठले सन्तुलित रूपमा उभ्याएका छन्। मूल कथामा सहायक पात्रको यस्तो सुन्दर प्रयोगबाट अरू निर्देशकले पनि सिक्नुपर्छ। गुन्डाहरूको हुलिया, झगडा, झगडा गर्ने ठाउँ, बोलीचालीले मौलिकताको आभास हुन्छ। तर, प्रहरीको कमजोर र कमेडी पाराको उपस्थितिले हल्का बनाउँछ। गोल्डीका कतिपय हर्कत हसाउनैका लागि राखिएको भान हुन्छ।

फेरि पनि फिल्मको मूल प्रवाहमा गोल्डी अर्थात् विपिन नै छन्। उनको चरित्र-चित्रण आकर्षक छ, ज्यादै सन्काहा तर बुद्धि नभएको। रातमा पनि चस्मा लगाउने, धोत्रो बोली, निर्दयी अनि धोकेबाज। विपिन पूरापूर गोल्डीकै अवतारमा रुपान्तरण भएका छन्। तर दर्शकको संवेदना जित्ने पात्र हुन्, गोल्डीका साथी हनुमान (प्रकाश गन्धर्व) जो आफैं पनि गुन्डा भए पनि मनमा माया छ। सोनाम (थिन्ले लाह्मो) र उनको सम्बन्ध दर्शकले सम्झिरहन्छन्। फिल्मका असली 'हिरो' प्रकाश हुन्। बोल्न नसक्ने तर सधैं रिसाइरहने पात्रका रूपमा रविन तामाङ फिट छन्। कथाको लय र मर्मअनुरूप क्यामेरा चलाएका छायाँकार चिन्तनराज भण्डारी प्रशंसाका बलियो हकदार हुन्। रोहित शाक्य र शैलेश श्रेष्ठको पृष्ठभूमि संगीत उस्तै सशक्त छ। पहिलो फिल्मबाटै अमित श्रेष्ठले आफूमा प्रचुर निर्देशकीय क्षमता भएको संकेत दिएका छन्।

मौलिक कथा र पात्रको कलात्मक प्रस्तुतिले *नाकालाई* हेर्नलायक बनाएको छ। फिल्म परम्परागत सूत्रबाट बाहिर छ। र, दर्शकलाई 'इन्जोय' गरिराख्छ। विपिनको जबर्जस्त अभिनय 'बोनस' हो। ◆

★★★☆☆

अचानक

'अपांगता लुकाएर अगाडि बढ्न सकिँदैन'

सात वर्षअघिसम्म सिन्धुपाल्चोक बलेफी गाउँपालिकाका **रामबहादुर तामाङ**को परिचय सामान्य डकर्मीको थियो । विसं ०६७ मा सिन्धुपाल्चोकको तातोपानीबाट फर्किंदा चौवन्न किलो भन्ने ठाउँमा आफू चढेको बस दुर्घटनामा परेपछि भने उनको परिचय मात्रै बदलिएन, जीवनले नै कोल्टे फेर्‍यो । कम्मरमुनिको आधा भाग नचल्ने (मेरुदण्ड पक्षाघात) भए पनि जीवनको अर्को प्रहरमा उनले थुप्रै उपलब्धि चुमे । राष्ट्रपति ह्विलचेयर म्याराथन सिल्ड-०७३, नेपाल मजदुर किसान पार्टीले आयोजना गरेको ह्विलचेयर म्याराथन-०७२ र ह्विलचेयर पौडी तीनवटै प्रतियोगितामा दोस्रो भए । ह्विलचेयरमै काभ्रेको नमोबुद्धदेखि लुम्बिनीसम्म यात्रा गरेका उनी हालै ५ सय ५३ किलोमिटर लामो लुम्बिनीदेखि भारतको बोधगया पुगे । यसै सन्दर्भमा उनीसँग गरिएको कुराकानी :

ह्विलचेयरमा यात्रा गर्ने चाहना कसरी जन्मियो ?

अपांगता भएकाहरू घरबाहिर ननिस्कने, घरपरिवार र आफन्तको शरणमा मात्रै बस्ने गरेको देखेर मलाई 'हाम्रो शरीर पो अपांग भएको हो, मन त जस्ताको तस्तै छ' भन्ने लाग्यो । बाँच्न पैसा चाहिन्छ । पैसा कमाउन बाहिर निस्कनुपर्छ । अनि हामीजस्ताले पनि आफ्ना लागि आफैं काम गर्नुपर्छ, अपांगता लुकाएर अगाडि बढ्न सकिंदैन भनेर यात्रामा निस्केको हुँ ।

यात्राका अविस्मरणीय क्षण केही छन् ?

नेपाल एकदमै गरिब मुलुक भन्छौं । तर, भारतमा गरिबी विकराल रहेछ । बिहारको सासामुसा, साहेबगन्ज र पटनाभन्दा नौ किलोमिटर अगाडि घरमा पराल ओछ्याएर सुतियो ।

बुद्धको जन्मस्थलबारे बेलाबेला गलत प्रचार हुन्छ । यस विषयमा कस्तो अनुभव रह्यो ?

'गौतम बुद्धको जन्मथलो वैशालीमा यहाँलाई स्वागत छ' भनेर लेखेको देखेपछि मैले गौतम बुद्ध त नेपालको लुम्बिनीमा जन्मिएको भनें । त्यसपछि मलाई मानिसले घेरिहाले । एक जनाले त्यहाँबाट फुत्काएर मलाई पठाए ।

यात्राअघि र पछि आफूमा के परिवर्तन आयो ?

यात्रामा धेरै थरीका मानिस, उनीहरूका अलग जीवनशैली र प्रकृति देखें । यसबाट जीवनलाई बुझ्ने र हेर्ने अर्को आँखा खुल्यो । पक्कै पनि जीवन सहज छैन । तर, चाह्यो भने सहज बनाउन सकिने रहेछ भन्ने बुझेपछि नयाँ ढंगले जिउन सिकियो ।

जीवन के रहेछ त ?

म पहिले दिनभर डकर्मी काम गर्थें । बेलुका भट्टीमा पस्थें । टन्न पिउँथें । जिन्दगी रमाइलो लाग्थ्यो । तर, अहिले जीवन अर्कै रहेछ भन्ने लाग्छ । परिवार, श्रीमती र प्रेमको जीवनमा के महत्त्व र अर्थ रहेछ भन्ने बल्ल चाल पाएँ । स्वर्ग र नर्क यही रहेछ ।

आफ्नो कम्मरमुनिको भाग नचल्ने भएको पहिलोपटक थाहा पाउँदा के सोच्नुभयो ?

यो कुरा कानमा पर्दा संसारमा बाँचेर काम छैन, अब के ही गर्न सक्दिनँ भनेर निसास्सिएँ । मैले परिवारका ९/१० जना पाल्नुपर्थ्यो । अब जन्मैको दुःख हेरेर बाँच्न सकिन्न भनेर मर्ने कोसिस गरें ।

त्यो चरम निराशाको चरणबाट कसरी माथि उठ्नुभयो ?

भक्तपुरकी एक नर्सले मलाई 'मर्न मरिहालिन्छ । तर, अहिले किन मर्ने ?' भनेर धेरै सम्झाउनुभयो । त्यसपछि मलाई स्पाइनल इन्जुरी पुनर्स्थापना केन्द्र साँगामा लगियो । यहाँ आइसकेपछि मजस्तै व्यक्ति ह्विलचेयरमा बसेर गुल्डुङगुल्डुङ गुडेको देखें । यसो हेर्छु, उनीहरू गीत गाउँछन्, नाच्छन् । अनि पो मैले सोचें, मरेको भए !

यस्ता व्यक्तिको आत्मबल उकास्न के कुरा चाहिने रहेछ ?

तस्बिर : भास्कर ओझा

उनीहरूले गर्न खोज्ने काममा बाधा पुर्‍याउनु हुँदैन । उसले इच्छाएका काम गर्न सक्छ भनेर समाज र परिवारले आडभरोसा दिनुपर्छ । चाहेको अवस्थामा काममा लगाइरहनुपर्छ । एक्लोपनमा राख्नुहुन्न । समुदायमा घुलमिल गराएर सामान्य मानिसजस्तै व्यवहार गरिए उसले आफ्नो बाटो आफैं पहिल्याउँछ ।

यदि त्यो दुर्घटनामा नपरेको भए आफू अहिले कस्तो अवस्थामा हुन्थें जस्तो लाग्छ ?

ठेकेदारसम्म बन्थें । तर, पहिलेको जीवनभन्दा अहिलेको जीवनबाट म धेरै खुसी छु । मेरो प्रगति अहिले पो भयो । जीवनका खुड्किला चढ्न पाएँ । भाग्यमानी ठान्छु ।

अब तपाईंको लक्ष्य के छ ?

मेरुदण्ड पक्षाघात भएकाहरूले आफ्नै शरीर कुहिँदासमेत थाहा पाउँदैनन् । गाउँमा मेरो दुई रोपनी जग्गा छ । केही रकम जम्मा गर्न सकेमा त्यहाँ मेरुदण्ड पक्षाघात भएकाहरूका लागि आश्रयस्थल बनाउने लक्ष्य छ ।

मनबहादुर बस्नेत

॥ माधव बस्नेत

ठगको तारो

अदालतबाट दोषी तर गाउँपालिका प्रमुख

८ मंसिर, राती ९:३० बजे । पर्सिपल्ट हुने संघीय संसद् र प्रदेशसभा चुनावमा मत खसाल्न म सोलुखुम्बूको आफ्नो गाउँ काँगेल पुगेको थिएँ । अघिल्लोपल्ट स्थानीय चुनावमा गाउँ पुग्दा माओवादी केन्द्रबाट दूधकौशिका गाउँपालिका अध्यक्षका उम्मेदवार असिम राईले काठमाडौंमा युनिक ग्रुप बचत तथा ऋण सहकारी खोली करोडौं ठगी गरेको र त्यसबिरूद्ध मुद्दा परेर दोषी किटान भएको सुनेको थिएँ । काठमाडौं फर्केर सोधखोज गर्दा सम्पूर्ण प्रमाण फेला परे । उनलाई काठमाडौं जिल्ला अदालतले २५ पुस ०७३ मा ठग किटान गरी १ वर्ष कैद र ३२ लाख रूपियां बिगो असुल गर्ने फैसला सुनाएको रहेछ ।

*नेपाल*को वर्ष १८ अंक २ मा *'अदालतबाट दोषी तर गाउँपालिका प्रमुख'* समाचार प्रकाशित भयो । त्यो 'स्टोरी' प्रकाशित भएपछि आफ्नो 'इज्जत' गुमेको भन्दै मलाई आक्रमण गर्ने उनको योजना रहेछ । गाउँ पुगेकै भोलिपल्ट ८ मंसिर राती ९ : ३० तिर असिमसहित १०/१२ जनाको समूहले मलाई घेरा हाल्यो । उनीहरूका हातमा चक्कु, लाठी थिए । उनले काठमाडौंबाट ४/५ जना मान्छे पनि लगेका रहेछन् । सबभन्दा पहिले असिम स्वयं, यसपछि ती मान्छेले दुई पटक आक्रमण प्रयास गरे । मेरा आफन्तजन, शुभचिन्तकले हात हाले परिणाम नराम्रो हुने चेतावनी दिएपछि म जोगिएँ ।

यसपछि गत माघमा *नेपाल*को वर्ष १८ अंक २६ मा सहकर्मी मनबहादुर बस्नेतले स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको धन्दाबारे *'अपराधका प्रतिनिधि'* रिपोर्टिङ प्रकाशित भयो । असिमको नाम छापिने नै भयो । संयोग के भने सहकर्मी मनबहादुरको थर पनि मसँगै मिल्दो भएकाले उनले त्यो रिपोर्टिङ पनि मैले नै लेखेको ठानेछन् र 'त्यसलाई कुनै पनि हालतमा छाड्दिनँ' भन्दै हिंडिरहेको सूचना मिलेको छ । असिमसँग व्यक्तिगत रूपमा मेरो कुनै चिनजान, भेटघाट, लेनदेन केही छैन । समाचार सामग्री लेख्ने पेसागत कर्तव्यबाहेक मेरो अरू ध्याउन्न पनि होइन । फेरि उनलाई अदालतमा मैले मुद्दा हालेर दोषी किटान गरेको पनि होइन । ऊबाट पीडित केहीले दिएको रिटमा दुई वर्षभन्दा लामो सुनुवाईपछि न्यायाधीशले दोषी किटान गरेका हुन् । मैले केवल फैसला सार्वजनिक गरिदिएको मात्र हुं । आफ्नो अपराध कबुल गर्नुको साटो सत्य उद्घाटित गरिदिएबापत ज्यानको धम्की दिने उक्त पात्र कस्ता प्रवृत्तिका होलान्, आमसमीक्षा होला नै।

रमनको नियत

प्रसंग उही हो, गाउंपालिका अध्यक्ष निर्वाचित पात्र अदालतबाट दोषी किटान भएपछि असिमले आफ्नो वकिलमार्फत मेलोमेसो बुझेछन् । पुनरावेदन अदालतसमेत जान नमिल्ने गरी फैसला भएकाले अदालतको आदेश स्वीकार गरेर जेल बस्नु वा देश छाड्नुको विकल्प नरहेको सल्लाह दिएछन्, उनका वकिलले । यसपछि दुई दिन कोठाबाहिरै ननिस्की असिमले अनेक प्रयासहरू गरे, जसमा माओवादी पार्टीपंक्ति र वकिलहरूको प्रयोग भयो । यही क्रममा असिमसहितले तत्कालीन महान्याधिवक्ता रमन श्रेष्ठलाई भेटे, सरकारी कार्यकक्षमै । महान्याधिवक्ताको कर्तव्य भनेकै अदालतका आदेश कार्यान्वयन गराउने र सरकारलाई कानुनी सल्लाह दिने हो । तर, महान्याधिवक्ता श्रेष्ठ कर्तव्यपथमा हिंड्नुको साटो निश्चित मिसनमा प्रयोग भइरहेका थिए ।

भनाइ नै छ, 'कानुनका ९ सिङ, सय छिद्र ।' यही छिद्र प्रयोग गरेर श्रेष्ठले काठमाडौं जिल्ला अदालतमा भनसुन गरे । अनि मुद्दाको म्याद आफूले नबुझेको निवेदन तयार पार्न लगाए । १७ साउन ०७४ मा असिमबिरूद्ध उच्च अदालत ओखलढुंगामा अध्यक्षका लागि अयोग्य घोषणा गर्न माग गर्दै रिट दायर भएको रहेछ । मुद्दा दायर भएको दिनसम्म उनी दोषी नै थिए । रोचक के भने, पुनरावेदन अदालतमा मुद्दा दायर भएको भोलिपल्ट १८ साउनमा असिमले काठमाडौं जिल्ला अदालतमा आफूले म्याद नबुझेको ठाडो उजुरी दिए । त्यही उजुरीलाई आधार मान्दै काठमाडौं जिल्ला अदालतले म्याद बदर गरिदियो । र, यही आदेशलाई टेकेर पुनरावेदन अदालतले असिमकै पक्षमा फैसला दियो । यो आदेशमा पनि महान्याधिवक्ता श्रेष्ठले नै भूमिका खेले । अहिले असिमबिरूद्धको ठगी मुद्दा सुरूआती चरणबाट चलिरहेको छ ।

कसरी पत्याऊँ ?

सोलुखुम्बू जिल्ला अदालतका तामेलदार डिठ्ठा गोपाल राईले २८ जेठ ०७१ मा असिमलाई उनकै हातमा म्याद बुझाएका थिए । यसको साक्षी तत्कालीन गाविस सचिव पुन्यप्रसाद कोइराला बसेका प्रमाणहरूले बताउँछ । म्याद बुझेर पनि उनी अदालतमा उपस्थित भएनन् । अनुपस्थित रहेको पात्र कानुनतः स्वतः अपराधी करार हुंदोरहेछ । र, यस्ता पात्रले पुनरावेदन अदालतको अवसरसमेत नपाउंदा रहेछन् । रोचक के भने असिमले दिएको ठाडो निवेदनकै भरमा उल्लिखित प्रमाण केही नबुझी काठमाडौं जिल्ला अदालतका न्यायाधीश डिल्लीरत्न श्रेष्ठले असिमका पक्षमा आदेश दिएका थिए ।


म्याद बुझ्दा गरेको हस्ताक्षर (बायाँ) र म्याद आफूले नबुझेको भन्दै निवेदन दिएपछि बयान सकेर गरेको हस्ताक्षर, दुबै दुरुस्त मिल्छन्

कतिसम्म भने म्याद बदरको आदेश गर्न रमन श्रेष्ठले त्यस दिन दस जना न्यायधीशलाई भनेका थिए । तर, उनीहरूले यस्तो काम गर्न सक्तैनौं मात्र भनेनन्, अनेक बहाना देखाउंदै बिदा बसे । यसपछि रमनले डिल्लीरत्नलाई कर गरे । र, उनले कुनै प्रमाण नै नहेरी म्याद नबुझेको निवेदनका पक्षमा आदेश दिए । जबकि, असिमले म्याद बुझ्दा र त्यो आफूले नबुझेको निवेदन दिंदा गरेको हस्ताक्षर मात्र जाँच गरिन्थ्यो भने बदरको आदेश दिन न्यायाधीशको नैतिकताले दिने थिएन । ◆

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाहींबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423**
for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म
For Appointment: 9801143423 / 9801143425

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD
05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट



ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.